नारी आयाम

मधु राई

Digitized By:

साझा शिक्षा ई-पाटी

OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

ई-पुस्तकालयका लागि
प्रभु राई
वि.वि.टा.ग
15/3/2071 १६
9804301441

समर्पण

ठूलो होइन
असल बन्न सक्नुपर्छ
पीडा होइन
सुख बाँड्न सक्नुपर्छ
आवाज विहीनहरूको
आवाज बन्न सक्नुपर्छ
अरूको दुःखमा
आँसु बनेर बग्न सक्नुपर्छ
मेरो नश्वर शरीर
न रहे पनि
रहनेछु तिमीसँग ।

उनै प्रेरणादायी- ममतामयी आमा, स्वर्गीय सरिता राईलाई
मेरो यो पहिलो पुस्तक सभक्ति समर्पण गर्दछु ।

छोरी
मधु राई

प्रकाशकीय

नेपाली पत्रकारिता जगत्मा उदीयमान सशक्त, जागरुक र चेतनशील स्तम्भ वा फिचर पत्रकारकारूपमा श्री मधु राई सुपरिचित हुनुहुन्छ । उहाँको थप परिचय दिनेछ यस 'नारी आयाम' पुस्तकले ।

२१ औं शदी, नारी र बाल-बालिकाको शदी हो । त्यसमा पनि नेपाल जस्तो विकासोन्मुख देशका निमित्त यो शदी नारी-पुरुषको समानता, लैङ्गिक-अधिकार, समान अवसर र विकासको उपलब्धिमूलक शदीका रूपमा आएको छ । यसको सफल कार्यान्वयन र प्रभावकारी नतिजाका निमित्त बाल र नारीहरूसँग सम्बन्धित ऐन-कानूनको तर्जुमा मात्र पर्याप्त छैनन् । नेपालको जनसंख्याको आधा महिला र एक चौथाई बालबालिका गरी झण्डै ७५ प्रतिशत पिछडिएका, अशिक्षित, चेतनाको कमी र गरिबीको पीडा भोग्न बाध्य यस बृहत्तवर्गका कथा-व्यथा, विकृति एवं विसङ्गतिहरूको व्यावहारिक अध्ययन, मनन र प्रकाशनको आवश्यकता पर्छ । यसैले श्री मधु राई जस्ता चेतनपुञ्ज, कर्मठ र सृजनशील लेखक-पत्रकारका लेखनको विशेष महत्व छ । वाणी प्रकाशनलाई पहिलो पटक यस विषयको पुस्तक प्रकाशन गर्ने सुअवसर दिनुभएकोमा श्री राईलाई धन्यवाद दिन्छौं ।

आजको साहित्य पत्रकारिताबाट धेरै प्रभावित छ । यस्तै दैनिक र साप्ताहिक पत्र पत्रिकाहरूमा पाइने समाचारदेखि लिएर लेख-रचना, टिप्पणी वा सन्दर्भभित्र साहित्यिक मूल्य र मान्यता गाँसिन लागेको छ । श्री मधु राईका यी रचनाहरूलाई समसामयिक पत्र, लेखनकारूपमा मात्र नहेरी यसभित्र देखिएको नेपाली जनजीवनको यथार्थ तस्विरलाई पनि हामीले आत्मसात गर्नु पर्छ । यी विभिन्न समय र प्रसङ्गमा लेखिएका रचनाहरू हाम्रो जनजीवनका विविध समयका घाउहरू वा विसङ्गतिहरू हुन्, जसको प्रभावकारी उपचारको आवश्यकता छ । मधु राईले यहाँ लिनुभएका वा प्रस्तुत गर्नु भएका बाल र नारी

समस्याहरू पढ्दा नारी पुरुष समविकास तथा बालअधिकारका कुराहरूमा उहाँ सचेत हुनुहुन्छ । यसलाई मनन गर्दा कसैलाई पनि डकुमेन्ट्री फिल्म हेरेको आभास हुन्छ । यही उहाँको विशेष परिचय र सफलता हो । नेपाली राष्ट्रिय जीवनका यी दुई विशेष वर्ग अर्थात् महिला र बालबालिकाले भोग्नु र व्यहोर्नु परेका विविध समस्याहरू विषयक थप पुस्तकहरू पनि उहाँबाट भविष्यमा आउने आशा गर्दै उहाँको यो पहिलो कृतिले सबैक्षेत्रबाट राम्रो स्वागत पाउला भन्ने कुरामा विश्वस्त छु ।

फेरि पनि म वाणी प्रकाशनका तर्फबाट उहाँको उपस्थिति र सृजन-अध्ययन र मन्थन प्रकृयाका लागि हार्दिक धन्यवाद दिन्छु ।

२०६० वैशाख

परशु प्रधान
अध्यक्ष
वाणी प्रकाशन

प्रकाशकीय (दोस्रो संस्करण)

'नारी आयाम'को पहिलो संस्करणपछि मधु राई र नारी- बाल समस्या एक अर्काका पर्यायवाची भएका छन् । नेपाली नागरिक समाज, साहित्यकार र पत्रकार जगतका निमित्त मधु राई अब अपरिचित हुनुहुन्न । विशेषतः नेपाली नारी र बालबालिकाहरूका पीडा, तिनले भोग्नु परेका विविध समस्याहरूलाई निर्भिक रूपमा सप्रमाण प्रस्तुत गरी आफ्नो विशेष पहिचान बनाइसक्नु भएका मधु राईको यस दोस्रो संस्करण यही वर्षभित्र प्रकाशन हुनु आफैंमा एक कीर्तिमान हो । मधु राईको सक्रिय र सबल लेखन, ऊर्जाशील सिर्जनशीलता मेहनत र परिश्रमको हार्दिक प्रशंसा गर्दै उहाँका थप प्रकाशनहरूको आशा राख्दै, नेपाली रचनाकाशमा यस पुस्तकले साविक झैं स्वागत पाउला भन्ने कुरामा विश्वस्त छु ।

२०६० माघ

परशु प्रधान
अध्यक्ष
वाणी प्रकाशन

श्री ५ को सरकार

राष्ट्रिय महिला आयोग

National Women's Commission

भद्रकाली प्लाजा, काठमाडौं

मधु राईद्वारा लेखिएको "नारी आयाम" बहु आयामिक समसामयिक महिला समस्याहरुमाथि केन्द्रित छ । सबैजसो घटना पूर्वाञ्चलका मोरङ र सुनसरीमा घटेका छन् । सबै घटनाहरुले कथाको रुप जस्तो लिएका छन् र यी कथा मानवीय चाखका रहेका छन् । यो संगालोलाई सत्य कथाको संगालो भनेपनि हुन्छ । प्रायः कथामा घटना र पात्र छन् । त्यस बाहिरका चाँहि विचार प्रधान रहेका छन् ।

घटना र पात्रवाला लेखन पढ्दा मलाई पुरुषहरुदेखि रिस उठ्यो र प्रश्न गरें 'के पुरुषहरु सबै हिंस्रक हुन त' ? अनि विस्तारै मन बुझाउँदा लाग्यो - विचरा पुरुष हुन कति गाह्रो होला ! अर्कालि बनाइदिएको छविको इज्जत थाम्नु पर्ने । कसरी थाम्ने भन्दा आफ्नै श्रीमतीलाई यातना दिएर ।

महिलाको सुरक्षित मातृत्वको अभाव, बालिकाले बच्चा पाउँदा हुने परिणाम, छोरीमा विभेद, श्रीमान्को बहुविवाहबाट हुने हिंसादेखि लिएर बोक्सीको अभियोगमा यातना, वैवाहिक बलात्कार, गुरुले विद्यार्थीमाथि गरेको यौन हिंसा, अनमेल विवाह जस्ता हिंसै हिंसाका कथा पढ्दा मलाई दिक्क लाग्यो । तापनि बुढेसकाल रमाइलो बनाउने र माछा व्यापारीदेखि सिलाई व्यवसायसम्मका लेखन रमाइलो लाग्यो ।

एउटी पत्रकारले महिला पत्रकारिता, सूचना र संचारमा ध्यानदिनु लेख्नु पनि राम्रो हो । 'सशक्तिकरण' विदेशी परिकल्पना हो भावसँग म पनि सहमत छु । त्यस्तै धर्मलाई समाज सुधारमा रुपान्तरण गर्ने प्रस्तावमा पनि मेरो पूर्ण सहमति छ । आजको चर्चित भ्रष्टाचार काममा कहि नकहि महिलाले आमा, दिदी र श्रीमतीको नाताले पुरुषलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहमति दिएको हुन्छ भनी दोष महिलालाई नै दिनपनि मधु हिच्किचाउनु हुन्न । हुन पनि कोही पुरुषहरु खुलेर पनि भन्न थालेका छन् । मधुले घटना र सत्य कथाद्वारा महिला र पुरुष दुवैका दोष पहिल्याएका छन् । यो एउटी महिलाको लागि आँटको कुरा हो । सयकडा उनानसय श्रीमान्हरु आफ्नो श्रीमतीहरु मेला, सभा सम्मेलनमा भाग लिएको मन नपराउने छन् भनेको उल्लेख हेर्दा मलाई लाग्यो अब पुरुषहरु कुमारै बसुन । महिलाहरु हो कोहि पनि विहे नगर बरु सृष्टि ठप्प होस् । कस्ता साँगुरा मनका पुरुष । मलाई मुख फोर्न मन लागिरहेछ कहाँ पाउँछौ त बाबु हो त्यस्ता महिला । जेहोस् रथको एउटा पांग्रोलाई विषम बनाइएको छ । अब एउटाको खुट्टा भाँच्ने कि अर्को बनाउने यो पुरुषकै विकल्प हो । तापनि यो किताव सबैले पढी मनन गरी शिक्षा लिनुपर्छ ।

डा. दुर्गा पोखेल

अध्यक्ष

भूमिका

"प्रत्येक महान् कुराको प्रारम्भ सानोबाट नै भएको हुन्छ" कतै पढेको यो कथन मलाई निकै अर्थपूर्ण लाग्ने गर्छ । "नारी आयाम" नामक यो किताबको भूमिका लेख्न बस्दा पनि मलाई घरीघरी यही कथन याद आइरहेको छ । हुन सक्छ, यस किताबबाट शुरु भएको मधु राईको पुस्तक प्रकाशन यात्राले कुनै दिन "ठूलो" चुचुरो टेक्न पुग्नेछ । तर त्यस्तो चुचुरोमा आफ्ना पदचिन्हहरू छाड्न मधुजीले अझ बढी मिहिनेती र लगनशील बन्नुपर्ने शर्तलाई भने स्वीकार्नै पर्छ ।

पटकपटक खासगरी कान्तिपुर दैनिकमा मधु राईका लेखहरू पढिसकेपछि यो लेखक को होला भन्ने जिज्ञासा मनमा पलाएथ्यो । तर सोधखोज गर्न विभिन्न कारणले अनुकूलता मिलिरहेको थिएन । अचानक एकदिन सोध्दैखोज्दै अस्मिता प्रकाशन गृहको कार्यालयमा मधुजी आफै आइपुग्नुभयो र त्यो जिज्ञासा पनि मेटियो । अनि भए थप केही भेटघाटहरू । यी भेटघाटहरूको प्रसङ्ग उल्लेख गर्नुको उद्देश्य के मात्र हो भने ती क्षणहरूले उहाँको लेखकीय पहिचान बाहेक सामाजिक हितमा क्रियाशील रहने अर्को पाटो पनि चिन्ने मौका दिएका थिए । शायद कोरा लेखनभन्दा सामाजिक रूपमा समेत सक्रिय भएर गरिने लेखन परिवर्तनका निम्ति बढी उपयोगी हुन्छ । लेखक राईले सामाजिक सक्रियता र लेखनमा बराबरी उभिएर आफ्नो कलमलाई अत्यधिक उपयोगी बनाउन गरेको प्रयास साँच्चै नै प्रशंसनीय छ ।

अकस्मात यस किताबको भूमिका लेखिदिने अनुरोध गर्नुभयो मधुजीले । शुरुमा लाग्यो, "भूमिका"को परम्परागत परिभाषा र अपेक्षालाई सम्भवत् मैले पूरा गर्न सक्दिन, त्यसैले नलेख्नु नै बेस हुन्छ । तर अनुरोध अलि बढी नै भएपछि उहाँको उत्साहमा आँच नआओस् भनेर पनि मैले लेख्न स्वीकार्रें । मेरो बुझाईमा कुनै पनि कृतिको "भूमिका" खालि त्यसको प्रशंसा मात्र होइन, सिङ्गो समालोचना नै हो । यही स्वबुझाइलाई पछ्याउँदै प्रस्तुत पुस्तकका सम्बन्धमा संक्षेपमा केही चर्चा गर्दैछु ।

पुस्तकमा जम्माजम्मी पूर्वप्रकाशित तीसवटा लेखहरू समेटिएका रहेछन् । तीमध्ये खासगरी महिला र राजनीति, महिला र सञ्चार, महिलाविरुद्ध हिंसा, बालिका र किशोरी, वृद्धावस्था र महिला सक्रियताका विविध पक्षसँग जोडिएका लेखहरू बढी परेका छन् । यद्यपि एकाध लेखहरू अन्य विषयमा पनि छन् । त्यसैगरी पुस्तकमा समाविष्ट धेरैजसो लेखहरूले महिलाहरूको समस्या र प्रतिकूलताका विषयमा व्यक्ति (खासगरी पुरुष), समाज, सामाजिक संरचना र राज्यसत्ता विरुद्ध गुनासो र आक्रोशहरू ओकलेका छन् । अन्य केही लेखहरूले महिला सक्रियता र त्यसको सकारात्मक परिणामलाई उजागर गर्ने प्रयास गरेका छन् ।

लेखन प्रवृत्तिका आधारमा छुट्याउँदा यस पुस्तकमा परेका लेखहरूलाई मूलतः घटनाप्रधान र विचारप्रधान दुई श्रेणीमा राख्न सकिन्छ तापनि कुनै कुनै लेखमा यी दुवै तत्वको मिश्रण पनि छँदैछ । खासगरी घटनाप्रधान भन्न सकिने लेखहरूमा समाजमा महिलामाथि भएघटेका अत्याचारका घटना र महिला सक्रियताका सूक्ष्म कुरालाई लेखमा उनेर सामाजिक सरोकारको सवाल बनाउने प्रयास लेखक राईले गर्नुभएको छ । तर विचारप्रधान लाग्ने अधिकांश लेखहरूमा तर्क, प्रमाण र उदाहरणहरूको कमी पटकपटक खड्किन्छ । आफूले अघि सारेका कुनै पनि विचारप्रति लेखक विश्वस्त रहेको वा त्यस्तो निष्कर्ष दिने धेरै घटना तथा प्रमाणहरू उसले देखेको हुन सक्छ । तर सामान्य पाठकले पढ्दा लेखकले ठोकुवा गरेका कुराको तार्किक आधार र विचारहरूको मेल त सम्बन्धित लेखमा नै खोज्दछ । यस किताबमा परेका विचारप्रधान धेरै लेखहरूमा त्यस्तो तार्किक आधार, विचारहरूको मेल र स्पष्ट प्रस्तुतिको अभाव नमिठोसंग महसुस हुन्छ । धेरै लेखहरूमा विशिष्ट अवस्था र स्थितिहरूलाई सामान्यीकरण गरेर पनि प्रस्तुत गरिएको छ । यसले स्थितिलाई अतिरञ्जित पनि गराउन सक्छ ।

उदाहरणका लागि, केही हरफहरू हेरौं ।

- "राजनीतिक पहिचान नभए पनि सामाजिक पहिचान भएका महिला नेतृहरूले महिला आन्दोलनलाई गतिशीलता प्रदान गर्न सक्छन् भन्ने उदाहरण अन्य मुलुकका राजनीतिक आन्दोलनहरूले देखाउँदै आएका छन् । तथापि नेपाली राजनीतिमा पनि महिला आन्दोलनहरूले अग्रणी भूमिका निर्वाह गर्नसक्ने थुप्रै महिला नेतृहरूले देखाएका छन् ।" (पृष्ठ ३)
- "केही समययता सार्वजनिक तथा निजी विद्यालय पढ्ने विद्यार्थीहरूमा ट्युशन पढ्ने प्रवृत्ति बढेकोले पनि यौन दुर्व्यवहार र बलात्कारजस्ता घटनाले प्रश्रय पाउँदैछन् ।" (पृष्ठ १६)
- "कतिपय यस्ता राजनीतिक भेलामा महिलाहरूको सहभागिता बढाउन महिलाहरूलाई पुरस्कृत समेत गरिन्छ । यसरी पुरस्कार दिईदिई महिलाहरूलाई भेलामा सहभागी गराउनु महिलाको मात्र हैन पुरस्कारको समेत मान घट्छ भन्ने कुरा हाम्रा सोझासाझा दिदी बहिनीहरूलाई थाहा छैन ।" (पृष्ठ २२)
- "जुन घरपरिवार र समाजमा महिलाको आत्मसम्मानको रक्षा हुँदैन, त्यहाँ सुख र शान्तिले बास गर्न सक्दैन । यस्तै घरपरिवारमा बलात्कारी छोराहरूको जन्म हुन्छ । यस्ता छोराहरू आफ्नो बाबुका अमानवीय व्यवहारका संवाहक बन्ने गर्छन् ।" (पृष्ठ ३६)

यसरी आफूलाई लागेका वा आफू विश्वस्त रहेका तर तिनलाई तर्क र प्रमाणले पुष्टि नगरिएका थुप्रै विचारहरू किताबमा भेटिन्छन् । यस कमी पक्षलाई लेखकले आफ्ना आगामी लेखहरूमा सच्याउनु अत्यन्त आवश्यक छ र त्यसो गरिएको खण्डमा उहाँको लेखन बढी तथ्यपरक एवं गहकिलो हुन जानेछ । समग्रमा लेखमा उठाइएका विषयवस्तुहरूको

छनौट समसामयिक र सान्दर्भिक छ तर माथि उल्लेखित कमीले गर्दा प्रस्तुतिमा सबै ठाउँमा स्पष्टता आउन सकेको छैन । प्रस्तुत पुस्तकमा मलाई सबैभन्दा बढी खड्किएको पक्ष यति मात्र हो जसलाई नभनी रहन सकिन । त्यसो त घोडाबाट त्यही व्यक्ति लड्छ जसले घोडा चढ्ने कोशिस गर्छ । साथै एकदिन उसले घोडा चढ्न सिकेरै छाड्छ । जसले केही गर्दैन, उसले न त स्याबासी पाउँछ न त आलोचना नै ।

त्यसो त कमीको चर्चा गरीसकेपछि सकारात्मक पक्षहरूको पनि सविस्तार वर्णन गर्नु बेस हुन्थ्यो होला । तर मलाई लाग्छ, महिलाहरूको सवाललाई लिएर केही लेखिनु, निरन्तर लेखिनु र छापिनु नै आफैमा निकै ठूलो काम हो जुन काम मधुजीले गर्नुभएको छ । तसर्थ ठूलो कामभित्र अरू मसिना राम्रा कुराहरू के के छने भनेर केलाइरहन थालिन मैले । अझ राम्रो कुरा त के भने उहाँ सामाजिक र महिला विषयमा लेख्नु मात्र हुन्न, लेखेका कुराहरू धेरैले पढून् भनेर उनीहरूसम्म पुऱ्याउने काममा पनि आफै जुटनुहुन्छ ।

यी सबै आधारहरूमा मलाई यो आशा गर्नु अन्यथा लाग्दैन कि आगामी दिनमा उहाँले महिलाहरूको पक्षमा, समग्र जनता र समाजको पक्षमा अझ धेरै विश्लेषणमूलक कृतिहरू तयार गर्नुहुनेछ र समाजकै जिम्मामा दिनुहुनेछ । अन्तमा उहाँको लेखकीय यात्राको उत्तरोतर सफलताको कामना गर्दछु ।

मञ्जु थापा
काठमाडौं
२०६० बैशाख

तिनै सम्झनाका तरेलीमा लुट्पटिएको नारी आयाम

दीपेन न्यौपाने

ठूलो होइन
असल बन्न सक्नुपर्छ
पीडा होइन
सुख बाँड्न सक्नुपर्छ

यी अभिव्यक्ति श्रीमती मधु राईका हुन् । श्रीमती राई पत्रकार मात्र होइनन् लेखिका पनि हुन् । उनले चार वर्षअघिमात्र पत्रकारिता क्षेत्रमा हाम्फालेकी हुन् । आफूलाई सफल होइन क्रियाशील मात्र भन्न रुचाउने वैचारिक सिद्धान्त बोकेकी बहुप्रतिभाकी धनी राई एउटी सक्रिय सामाजिक कार्यकर्ताको रूपमा पनि परिचित छिन् । विराटनगर- १५ मा उनको घर छ ।

भन्नु परोइन नेपाली पत्रकारिताको खुल्ला आकाशमा पखेटा फिँजाउने नौलो आशाकी किरण बनेकी उनले भरखरै "नारी आयाम" नामको एउटा पुस्तक पाठकहरूलाई उपहारस्वरूप पस्किएकी छन् । यो उनको पहिलो प्रकाशित कृति हो । यो कृतिको प्रकाशन साहित्यिक संस्था वाणी प्रकाशनले गरेको हो । लेखिकाले यो पुस्तक आफ्नी प्यारी आमा स्वर्गीय सरिता राईको सम्झनामा समर्पित गरेकी छन् । तिनै सम्झनाका तरेलीहरूलाई लेखिकाले कवितांशका आधारमा शुरुमै कोरेकी छन् ।

नयाँ वर्ष २०६० को नवपालुवा अङ्कुराउने सुगन्धित र सङ्गीतमय बैशाख महिनाको वातावरणमा यो पुस्तकले पनि दुसा पलाउने सुनौला अवसर पाएको छ । तीसवटा शीर्षकमा लेख र फिचरहरूले उनिएको रङ्गीविरङ्गी यो पुस्तकमा खासगरी महिला, बालबालिका र किशोरीहरूका कथा व्यथालाई एउटा सुन्दर मालाको रूपमा गाँसिएको अनुभूत गर्न सकिन्छ ।

पुस्तकको बाहिरी पृष्ठको आवरण निकै आकर्षक र चिल्लो छ । पुस्तकको मोल सय रुपियाँ राखिएको छ । पुस्तकका पन्नाको स्तरीयता हेर्दा मोलका बारेमा त्यति ठूलो आपत्ति गरिहाल्नुपर्ने अवस्था छैन तथापि नेपाली पाठक अर्थात् सर्वसाधारणको ल्यागतले खरीद गर्न भने मुस्किलै पर्छ । पुस्तक तिनै क्रयशक्ति मजवुत भएकाहरूलाई मात्र हो कि भन्ने आरोप लाग्नसक्छ ।

औपचारिक शिक्षामा नेपाली भाषा सिक्ने अवसरबाट वञ्चित लेखिका राईले पत्रकारिताबाट त्यो उद्देश्य पूरा गर्ने जमर्को गरेकी हुन् । हामी र हाम्रो बुढेसकाल भन्ने पहिलो रचना स्थानीय पत्रिकामा छापिएपछि उनको लेखनयात्रा शुरु भएको हो । पत्रिकामा पहिलो लेख छापिँदा उनी उत्साही भएकी थिइन् ।

पत्रकारिता र साहित्यबीचको गाढा सम्बन्धलाई पुष्टि गर्दै लेखिका राईले अफ्नै शब्दमा भनेकी छन्- पत्रकारितालाई हतारको साहित्य भनिन्छ भने साहित्यलाई समाजको दर्पण सामाजिक भेदभावमा परी आफ्नो बाल्यकाल गुमाएका बालबालिका मेरा लेख रचनाको पात्र हुन् भनेकी छन् भने छोरालाई मात्रै ठूलो मान्छे भएको हेर्न चाहने ती स्वार्थी मायामा लिप्त अभिभावकहरू मेरो लेख रचनाको खलनायक हुन् उनले भनेकी छन् ।

लेखिकाले पुस्तक प्रकाशनका शुभकामनामा महिला नेतृ तथा लेखिकालाई प्राथमिकता दिएकोमा राम्रो मान्न सकिन्छ तथापि पुस्तकमा एउटा पाटो चाहिं छुट्यो जस्तो लाग्यो । त्यो हो किशोरी तथा बालबालिकाको शुभकामना । थिए होलान् त्यस्ता थेरै बालप्रतिभाहरू अनि किशोरीहरू पनि । उनीहरूले पनि ठाउँ पाएका भए सुनमा सुगन्ध हुने थियो कि । अबको प्रकाशनमा उनीहरूप्रति यस्तो अन्याय नहोला । जसलाई आवाजविहीनको आवाज भनेर लेखिकाले पुस्तकको अघिल्लो पानामा कैद गर्नुभएको छ ।

सञ्चारिका समूहबाट २०५८ सालको लेख रचना प्रतियोगितामा तेस्रो राष्ट्रिय पुरस्कार प्राप्त एवं प्रेस क्लब अफ नेपाल, नेपालगञ्जबाट क्रियाशील सञ्चारकर्मीको कदरपत्रद्वारा सम्मानित राईका लेख रचनामा महिला र राजनीति, महिला र सञ्चार, महिलाविरुद्ध हिंसा, बालिका र किशोरी, वृद्धावस्था र महिला सक्रियताका पक्षसँग प्रत्यक्ष सम्बन्ध गाँसिएका सामग्रीहरू पुस्तकमा परेका छन् ।

ती रचित सामग्रीहरूमा महिलाको समस्या र प्रतिकूलता विषयमा व्यक्ति, समाज, सामाजिक संरचना र राज्यसत्ताविरुद्ध गुनासो र आक्रोशहरू ओकलेको पाइन्छ । कतिपय लेख रचनामा सन्तुलित भाषाशैली नमिलेको होकि भन्ने ठाउँहरू देखिन्छ । कतै कतै त लेखहरू अति महिलावादी चिन्तनमा आधारित हुँदा पुरुषहरू अन्यायमा परेको भान छोडेको अनुभूत हुन्छ । जसलाई पूर्वाग्रही भनी ठाडो आरोप लगाई हाल्न मिल्दैन । त्यस्ता सामग्री सँगालिएका रचनाहरूमध्ये बलात्कारी श्रीमान् र हाम्रो समाज, राजनीतिक भेलामा महिलाहरूको सहभागिता, यौन दुराचारी शिक्षक र अबोध छात्राहरू, सामाजिक जागरण र महिला आन्दोलन आदि पर्दछन् ।

मेरो लेखन यात्राको शुरुवात

'लेख्न कसरी सिक्ने' आज भन्दा चारवर्ष अघि कान्तिपुर साप्ताहिकमा उक्त शीर्षकको सानो लेख छापिएको थियो । मैले त्यसलाई एक पटक हैन बारम्बार पढें । त्यसपछि मैले आफ्नो भावनालाई कागजमा उतार्न थालें । सोही क्रममा पत्रकार भाइ विक्रम लुइँटेल (नेपाल समाचारपत्रको संवाददाता) लाई मेरो पहिलो रचना 'हामी र हाम्रो बुढेसकाल' स्थानीय साप्ताहिक पत्रिका 'चाणक्य' मा छापिदिन आग्रह गरें । उक्त रचना छापिएको दिन मेरो लागि अविस्मरणीय रह्यो । यसरी शुरु भयो मेरो लेखनयात्राको शुरुवात ।

कुनै विषय वस्तुमा केन्द्रित रही वा कसैको बारेमा एउटा लेखक वा पत्रकारलाई लेख्न जति सजिलो हुन्छ त्यो भन्दा गाह्रो आफ्नो बारेमा दुई शब्द लेख्नु हुँदोरहेछ । कहाँबाट कसरी शुरु गर्ने भन्ने जस्ता दोधारमा परिदोरहेछ । जेहोस पत्र-पत्रिकाको नियमित अध्ययन र चिन्तनले पनि पत्रकार जन्माउन सक्छ भन्ने उदाहरण मैले आफूलाई पाएकी छु । त्यसमाथि प्रवासको बसाईले आफू नेपाली भएर पनि नेपाली भाषा पढ्ने अवसर नपाउनु मेरो लागि साँच्चै नै दुःखदायी अनुभव रह्यो ।

विद्यार्थी जीवनमा नेपाली भाषा पढ्न नपाएको खालीपनलाई म पत्रकारिता गरेर भर्न चाहन्थें । यिनै चाहनाले मलाई यहाँसम्म ल्याइपुऱ्यायो । कुनै पनि व्यक्तिको एक्लो प्रयासले न त ऊ क्रियाशील बन्न सक्छ न सफल । म आफूलाई सफल भन्दा पनि क्रियाशील भन्न रुचाउँछु । व्यक्तिलाई क्रियाशील बनाउन उसको घरपरिवारको वातावरण र व्यक्ति विशेषको महत्त्वपूर्ण भूमिका हुन्छ । यस्तै वातावरण जुराइदिने पहिलो व्यक्तिको रूपमा मैले मेरो श्रीमान हरिकुमार राईलाई पाएकी छु । मेरो क्रियाशीलतालाई

सहजताका साथ स्वीकारी मलाई प्रोत्साहित गरी रहने श्रीमानप्रति म सदैव ऋणी छु ।

त्यसैगरी मेरो क्रियाशीलताको श्रेय वाणी प्रकाशनलाई पनि जान्छ । विशेषगरी कथाकार परशु प्रधान र वरिष्ठ कवि कृष्णभूषण बल जस्ता व्यक्तित्वहरूको संगतले मलाई कर्मशील बन्न प्रेरित गऱ्यो । त्यस्तै मलाई पत्रकारिताको क ख रा सिकाउने मेरा गुरुहरू तोया गौतम, मोहन भण्डारी, टंक खनाल र यज्ञ शर्मालाई पनि म बिर्सन सक्दिन । तालिमले मात्र कसैलाई पत्रकार बनाउँदैन पत्रकार बन्नका लागि सामाजिक चिन्तन र लगन हुनु जरुरी छ भन्ने गुरु तोया गौतमको भनाइलाई म सधैं सम्झने गर्छु ।

पत्रकारिता र साहित्यबीच गहिरो सम्बन्ध हुन्छ, एउटा पत्रकारले समाजलाई सूसुचित गर्दै सामाजिक विकृति र विसंगतिप्रति समाजको ध्यानाकर्षण गराउँछ भने साहित्यकारले आफ्नो साहित्य मार्फत समाजलाई चेतनशील बन्न प्रेरित गर्छ । त्यसैले पत्रकारितालाई हतारको साहित्य भनिन्छ भने साहित्यलाई समाजको दर्पण ।

एउटा पत्रकारको रूपमा मैले मेरो वरिपरि देखेको घटनाक्रमलाई लेखनको स्रोत मान्दै आएकी छु । विभिन्न समय र परिस्थितिले जन्माएका मेरा लेख रचनाका पात्रहरूको कथा-व्यथाले मलाई सधैं तानिरहन्छ । पितृसत्तात्मक समाजमा नारी भएर जन्मेकै कारण दुःख कष्टपूर्ण जीवन बिताउनु मेरो लागि चिन्तनको विषय बन्ने गर्छ । कहिले आफ्नो अज्ञानताका कारण, कहिले अरुका कारण अपहेलित जीवन बिताउन बाध्य ती नारीहरू मेरा लेखका मुख्य पात्र हुन् ।

त्यसैगरी सामाजिक भेदभावमा परी आफ्नो बाल्यकाल गुमाएका बालबालिका मेरा लेख रचनाका अर्का पात्र हुन् । विशेषगरी छोरालाई काखा र छोरीलाई पाखा लगाउने कुसंस्कारमा परी दुःख कष्ट जीवन बिताइरहेका बालिकाहरूको कष्टपूर्ण वर्तमान र अँध्यारो भविष्य मेरो लागि चिन्तनको अर्को विषय बन्ने गर्छ । अर्काको भित्ता टाल्ने जात भनेर छोरीलाई बाल्यअवस्थामै बिहे गरीदिने वा अर्काको घरमा काम गर्न पठाउने । त्यस्तै शिक्षाको ज्योतिबाट टाढा राख्ने अभिभावक विशेष गरी आमाहरूको अदूरदर्शी व्यवहार र अज्ञानतालाई म सधैं प्रहार गर्न चाहन्छु ।

छोरालाई मात्रै ठूलो मान्छे भएको हेर्न चाहने ती स्वार्थी मायामा लिप्त भएका अभिभावकहरू मेरा लेख रचनाका खलनायक हुन । उनीहरूको खलनायकी प्रवृत्तिलाई परिवर्तन गर्न नसके पनि परिवर्तनका लागि घच्यच्याउनु मेरो लेखनको मुख्य उद्देश्य रहेको छ । उद्देश्य बिनाको कार्यले गति लिन सक्तैन भन्ने म ठान्दछु । त्यस्तै पत्रकारिता गरेर म आफू बस्ने समाजमा महिलाको सबल उपस्थिति जनाउन चाहन्छु ।

प्रजातान्त्रिक देशमा प्रजातन्त्रको अनुभूतिसम्म गर्न नपाएका ती महिला र बालबालिकाका आवाजलाई जनसमक्ष ल्याउन मेरो अर्को उद्देश्य रही आएको छ । आवाजविहीन वर्गमा पर्ने असहाय महिला र बालबालिकाको पीडालाई प्रकाशमा ल्याइ उनीहरूको दुःख पीडालाई कम गर्ने कार्यमा मेरो लेखन सहयोगी हुन सके म आफूलाई

त्यति बेला मात्र सफल भएको ठान्ने छु ।

मेरो उद्देश्यलाई परिपूर्ति गर्न पत्रकारिताले मलाई ठूलो सहयोग पुऱ्याएको छ । विभिन्न परिस्थिति र घटनाक्रमले जन्माएका मेरा लेख रचनाहरू पठनीय भए पनि संग्रहणीय होला भन्ने मैले कल्पनासम्म गरेकी थिइन । यसले पुस्तकको रूप लिन सक्छ भन्ने सल्लाह सुझाव दिने व्यक्तित्व परशु प्रधानज्यूप्रति कृतकृत्य छु । कनिष्ठहरूको प्रतिभालाई कदर गरी प्रोत्साहित गर्ने उहाँ जस्ता व्यक्तित्वहरू हाम्रा लागि आदरणीय मात्र हैन, प्रेरक पनि हुनुहुन्छ ।

त्यसैगरी आफ्नो कार्य व्यस्ततालाई थाती राखी पुस्तकको भूमिका लेखी सहयोग गरिदिनु हुने वरिष्ठ संचारकर्मी श्री मञ्जु थापाप्रति आभारी छु । त्यस्तै शुभकामना मन्तव्य लेखी पुस्तकमा संग्रहित लेख रचनालाई गहकिलो बनाइदिने व्यक्तित्व राष्ट्रिय महिला आयोगकी अध्यक्ष श्री दुर्गा पोखरेलप्रति पनि आभार प्रकट गर्न चाहन्छु ।

अन्तमा पुस्तक प्रकाशन कार्यमा सहयोग पुऱ्याउने वाणी प्रकाशनलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै पुस्तक सम्पादन कार्यमा सहयोग पुऱ्याइ दिनु हुने प्राध्यापक कुमारप्रसाद कोइरालाज्यूलाई पनि धन्यवाद दिन चाहन्छु । मेरो पहिलो प्रयासको रूपमा प्रकाशित पुस्तकमा सतर्क रहँदा-रहँदै पनि केही त्रुटि रहन गएको भए त्यसप्रति क्षमा प्रार्थी छु ।

- मधु राई

दोस्रो संस्करण

एउटा सञ्चारकर्मीले अनुभूत गरेको राष्ट्रको सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, सांस्कृतिक र शैक्षिक विसङ्गतिहरूलाई आफ्नो फिचर लेखनको विषय बनाउन निश्चय पनि महत्वपूर्ण कुरा हो । अझ त्यो जनसमक्ष आउँदा जतिको आत्मसन्तुष्टि प्राप्त हुन्छ, त्योभन्दा बढी त्यस्ता लेख रचनाहरूको सँगालोले पुस्तकको रूप लिँदा, उसले आफूलाई स्रष्टा र सिर्जनशील साहित्यानुरागीहरूको भीडमा समेत पाउँदो रहेछ ।

पाठकवर्गबाट प्राप्त सकारात्मक र नकारात्मक प्रतिक्रियाले सञ्चारकर्मीको लेखनमा थप ऊर्जा प्रदान गर्दोरहेछ भन्ने अनुभव सँगाल्ने अवसर पनि मैले पाएको छु । यिनै अनुभव, अनुभूति र दृष्टिकोणात्मक लेख-रचनाहरूको सँगालो 'नारी आयाम' को पहिलो संस्करण छापिएको नौ महिनाभित्र दोस्रो संस्करण छपाउन पाउँदा आफूलाई गौरवान्वित ठानेको छु । यसको सम्पूर्ण श्रेय म नेपाली समाजको विसङ्गत स्थितिप्रति चिन्तित रही समाजको सर्वतोमुखी परिवर्तनको प्रक्रियाको सहभागी सम्पूर्ण नारी पुरुष तथा मेरा सहृदयी पाठकहरूलाई दिन चाहन्छु । त्यस्तै पुस्तक समीक्षा गरी मलाई मार्गनिर्देशन गर्ने अग्रज सञ्चारकर्मी दिपेन नेउपाने, नारद गौतमलगायत अन्य समीक्षकहरूप्रति आभार प्रकट गर्न चाहन्छु ।

यस पुस्तकको प्रकाशनले यस क्षेत्रमा अझ बढी प्रतिबद्ध भई अगाडि बढ्न मलाई प्रेरणा प्राप्त भएको छ । एउटा सञ्चारकर्मीको स्वस्थ र सबल सन्तानको रूपमा प्रकाशित 'नारी आयाम' को दोस्रो संस्करण पनि बढीभन्दा बढी पाठकवर्गसम्म पुग्छ होला भन्ने आशा मैले लिएको छु ।

अन्त्यमा, मलाई सधैं लेखनमा ऊर्जाशील बनाई प्रेरित गरिरहने मेरा अग्रज, सहकर्मीका साथै सहयोगी सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

मधु राई

अनुक्रम

क्र.सं.	आलेख	पृष्ठ
१.	राजनीतिक जागरण र महिला आन्दोलन	१
२.	घरेलु हिंसाबाट पनि पीडित छन् बालिकाहरू	४
३.	किशोरी आमाहरू अकालमै ज्यान गुमाउँदैछन्	७
४.	श्रीमान् नै असहयोगी भईदिएपछि कसको के लाग्छ र !	१०
५.	यौन दुराचारी शिक्षक र अबोध छात्राहरू	१४
६.	सशक्तीकरणको खोजीमा महिलाहरू	१७
७.	के हामी कहिले पनि बृद्ध हुँदैनौ ?	१९
८.	राजनीतिक भेलामा महिलाहरूको सहभागिता	२१
९.	हामी र हाम्रो बुढेसकाल	२३
१०.	मिस फिगारो र महिला मानसिकता	२५
११.	परिवार विखण्डनको परिणाम	२६
१२.	धर्मलाई रूपान्तर गरौं	२८
१३.	बलात्कृत महिलाका व्यथा	३०
१४.	बालिकाको लागि लगानी आवश्यक	३२
१५.	बलात्कारी श्रीमान् र हाम्रो समाज	३४
१६.	सञ्चार क्षेत्रमा महिला सहभागिता न्यून	३७
१७.	श्रीमान् पाल्ने श्रीमतीहरूको व्यथा	४०
१८.	विराटनगरका उद्यमी महिलाहरू	४३
१९.	घरेलु कामदार किशोरीहरूप्रति हाम्रो व्यवहार	४६
२०.	महिला विकासमा संचारको भूमिका	४९
२१.	रक्सीले आक्रान्त पारेको समाज	५२
२२.	लैङ्गिक संवेदनशीलता र सञ्चारकर्मीको भूमिका	५५
२३.	भ्रष्टाचार र महिलाबीचको अन्तरसम्बन्ध	५८
२४.	महिला पाठक र नेपाली पत्र-पत्रिका	६१
२५.	महिलाले पत्रिका बेच्दा	६६
२६.	बहुविवाह पीडित महिलाहरूको गुहार र रमिते समाज	६९
२७.	महिलालाई बोक्सी बनाउने समाज	७२
२८.	स्थानीय राजनीतिमा महिलाको सहभागिता	७६
२९.	माछा व्यापारमा उत्साही विराटनगरका महिला व्यवसायी	८०
३०	सिलाई व्यवसायले दिएको रोजगारी	८२

राजनीतिक जागरण र महिला आन्दोलन

राजनीतिक जागरणका लागि मानिसमा सामाजिक जागरुकता हुनु आवश्यक छ । सामाजिक जागरण बिना राजनीतिक जागरण सम्भव छैन । सामाजिक जागरण बिना गरिएको राजनीतिले न व्यक्तिको भलाइ गर्छ न समाज र देशको । बितेको बाह्रवर्षे प्रजातान्त्रिक अभ्यासले निम्त्याएको राजनीतिक अस्थिरताले राजनीतिज्ञहरूमा भएको सामाजिक जागरण उदाङ्गिएको छ । सामाजिक विकासका लागि गरिने राजनीतिले देशमा सुशासनको व्यवस्था गर्छ । त्यसैगरी सामाजिक जागरणलाई एकातिर पन्छाई व्यक्तिगत स्वार्थका लागि गरिने राजनीतिले देशमा अस्थिरता पैदा गर्छ । राजनीतिक अस्थिरताले देशलाई अधोगतितर्फ धकेल्छ भन्ने यथार्थ वर्तमान राजनीतिक अस्थिरताले उजागर गरेको छ । यसै सन्दर्भमा हिजो व्यक्तिगत स्वार्थका लागि गरेको राजनीतिले उच्च ओहदामा पुगेका राजनीतिज्ञहरूलाई आज अड्डा अदालतसम्म पुऱ्याएको छ । वर्तमान परिप्रेक्ष्यमा नेपाली राजनीतिले निम्त्याएको अस्थिरता आज देश र जनताले भोग्नु परिरहेको छ । बहुसङ्ख्यक राजनीतिज्ञहरूले आत्मआलोचना गरिरहेका छन् ।

यसरी राजनीतिज्ञहरूमा राजनीतिक परिपक्वता आउनु भनेको राजनीतिज्ञहरूमा राजनीतिक जागरण हुँदै जानु हो । देश विकासका लागि गरिने साझा सहमतिले देशलाई प्रगतिको पथमा लम्कन प्रेरित गर्छ । अधिकांश राजनीतिज्ञहरूले प्रजातन्त्र प्राप्तिका लागि बेला-बेलामा संघर्ष गर्दै आए तापनि आजसम्म नेपाली जनताले प्रजातन्त्रको अनुभूति गर्न पाएका छैनन् । यिनै जनतामध्ये आधा आकाश ओगट्ने महिला समुदाय पनि प्रजातन्त्रको अनुभूति गर्न बञ्चित छन् । प्रजातन्त्र प्राप्तिको बाह्रवर्षमा नेपाली राजनीतिले महिला समुदायलाई समेट्न नसकेको कारण आज महिला आन्दोलनले जति गति लिनुपर्ने हो

त्यति लिनसकेको छैन ।

महिला आन्दोलनको इतिहास लामो भए तापनि आजसम्म आम महिलाहरूको प्राथमिकता वा रुचिमा राजनीतिक विषय पर्दैन । संख्यात्मकरूपमा सबै समुदायकलाई राजनीतिमा क्रियाशील गराउन पुरुष प्रधान नेपाली राजनीतिले महसुस गरेको पाइँदैन । त्यसको प्रत्यक्ष असर आज महिला आन्दोलनको गतिशीलतामा परेको छ । हिजोका महिला आन्दोलनका अग्रणी नेतृहरू कोही उमेरले थकाइ मार्दैछन् भने कोही राजनीतिक अस्थिरताले सुस्ताएका छन् । महिला आन्दोलनलाई उर्जा प्रदान गर्नसक्ने ज्युँदा महिला सहिदहरूलाई न राष्ट्रले सम्मान गर्न सकेको छ न राजनीतिक दलहरूले सम्झने गरेका छन् । यस्ता ज्युँदा सहिदहरूलाई सम्झने संस्कार नेपाली राजनीतिमा पाइँदैन । मरेपछि सम्मान गर्ने नेपाली राजनीति र राजनीतिज्ञहरूले केही दिन अधिमात्र नेपालका पहिला महिला मन्त्री स्वर्गीय द्धारिकादेवी ठकुरानीको सम्झनामा कार्यक्रमहरू गरेर श्रद्धाञ्जलि व्यक्त गरे । नेपालको राजनीतिमा महिला आन्दोलनले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यद्यपि जनआन्दोलनको क्रममा सडकमा र तल्लो तहहरूमा थुप्रै महिलाहरू देखापर्ने गर्दछन् । तर माथिल्लो तहमा महिला नेतृहरूको संख्या घट्दै जान्छ । कतिपय अवस्थामा सरकार वा मन्त्रिमण्डलमा यो संख्या शून्यमा परिणत हुन्छ । आफूहरूलाई नेतृत्व प्रदान गर्नसक्ने महिला नेतृहरूको खस्कँदो अवस्थाले पनि बेला-बेलामा महिला आन्दोलनमा गतिरोध पैदा गर्दछ । यस्तै महिला आन्दोलनले गति लिन नसकेको अर्को कारण महिला नेतृत्वहरूको पृष्ठभूमि र व्यक्तिगत व्यवहार पनि रहेको छ । राजनीतिक पृष्ठभूमि भएका महिलाहरूमध्ये थोरैले मात्र आफू क्रियाशील भई अरुलाई क्रियाशील बनाउने प्रयास गर्दै आएका छन् । यस्ता महिलाहरूको क्रियाशीलताप्रति राजनीतिक दलले सधैं आँखा चिम्लिने गरेको पाइन्छ । यस्ता कतिपय कारणले राजनीतिबाट पलायन भएका महिलाहरू आज समाजसेवामा स्थापित भई देश र जनताको सेवा गरिरहेका छन् ।

बहुदलीय व्यवस्था अन्तर्गत राजनीतिक पृष्ठभूमि भएका कतिपय महिलाहरूलाई स्थानीय राजनीतिले महिला जनप्रतिनिधिको रूपमा क्रियाशील हुने अवसर प्रदान गऱ्यो । तर सामाजिक जागरणको अभावमा अधिकांश महिलाहरूमा त्यो अवसरले राजनीतिक जागरण ल्याउन भने सकेन । महिलाहरूमा राजनीतिक जागरण आउन भने सकेन । महिलाहरूमा राजनीतिक जागरण ल्याउने उद्देश्यले महिला निकायहरूले बेला-बेलामा प्रशिक्षण कार्यक्रमहरू गर्दै आएका छन् । महिला आन्दोलनलाई गति प्रदान गर्न यस्ता प्रशिक्षण कार्यक्रम उपयोगी भएपनि 'महिलाहरूले राजनीति गर्नु हुँदैन ।' भन्ने पुरातन सोचबाट नेपाली समाज मुक्त हुनसकेको छैन । यसले गर्दा आज राजनीतिमा महिलाहरू सोचे अनुरूप क्रियाशील हुनसकेका छैनन् । आफ्ना घरका महिला सदस्यहरूले सकेसम्म राजनीतिमा चासो नराखुन् भन्ने अधिकांश पुरुष राजनीतिज्ञहरू चाहन्छन् । उनीहरूको यस्तो सोचले पनि महिला आन्दोलनलाई गतिशील बनाउन सक्ने महिला जनशक्तिहरू

राजनीतिबाट टाढिएका छन् । यसले नेपाली राजनीतिमा प्रत्यक्ष असर पारेको छ । यसैगरी राजनीतिक पृष्ठभूमि नभएका महिलाहरूको क्रियाशीलतालेे पनि आजको महिला आन्दोलनलाई यहाँसम्म ल्याइपुऱ्याउन ठूलो मद्दत पुगेको देखिन्छ ।

राजनीतिक पृष्ठभूमि नभएपनि सामाजिक पहिचान भएका महिला नेतृहरूले महिला आन्दोलनलाई गतिशीलता प्रदान गर्न सक्छछन् भन्ने उदाहरण अन्य मुलुकका राजनीतिक आन्दोलनहरूले देखाउँदै आएका छन् । तथापि नेपाली राजनीतिमा पनि महिला आन्दोलनहरूले अग्रणी भूमिका निर्वाह गर्नसक्ने थुप्रै महिला नेतृहरूले देखाएका छन् । तर सामाजिक संरचना र पुरातन सोचले गर्दा उनीहरूको क्रियाशीलतालाई आम महिलाहरूले महसुस गर्नसकेका छैनन् । यस्तै आम महिलाहरूमा राजनीतिक जागरण ल्याउन राजनीतिक दलहरूले आजसम्म त्यति खाँचो पनि महसुस गरेको देखिँदैन । महिला जनसमुदायप्रतिको बेवास्ताले गर्दा पनि आज महिलाहरू राजनीतिबाट टाढिएका छन् । यसले गर्दा आज राजनीति र प्रजातन्त्रको परिभाषा बुझ्न आम नेपाली महिलालाई कठिन भएको छ । यसमाथि महिलाहरू आन्दोलन र चुनावताका मात्रै आन्दोलित हुने नेपाली राजनीतिको पुरातन संस्कारले महिलाहरूलाई निराश पारेको छ । राजनीति केका लागि र कसका लागि भन्ने थुप्रै अनुत्तरित प्रश्नहरू नेपाली राजनीतिले उब्जाएको छ । राजनीतिक जागरण बिना गरिएको नेपाली राजनीतिले आज जनआन्दोलनबाट प्राप्त प्रजातन्त्र संकटमा परेको छ ।

जबसम्म महिला समुदायले नेतृत्व पँक्तिमा आफ्नो अगाडि आफ्ना नेतृहरू उभिएको देख्दैनन् तबसम्म महिला आन्दोलनले गति लिन सक्दैन । यसका लागि राजनीतिक दलहरूले पनि महिलाहरूलाई तल्लो तहहरूमा न अलमल्याई माथिल्लो तहहरूमा पुऱ्याउनु पर्दछ । राजनीतिमा महिलाहरूले पुरुष सरह अवसर पाउँदै जाने हो भने मात्र महिलाहरूमा राजनीतिक जागरणको विजारोपण हुन्छ । यसरी स्वतःस्फूर्त भई राजनीतिमा आफूलाई सहभागी गराउन सक्ने महिलाहरूको सामूहिक प्रयासले महिला आन्दोलनलाई गति प्रदान गर्न सक्दछ ।

महिला आन्दोलनले गति लिनु भनेको महिलाहरूमा राजनीतिक जागरण हुँदै जानु हो । महिला आन्दोलनले जगाएको राजनीतिक जागरणले महिलालाई देश विकासमा जुट्न प्रेरित गर्दछ । समाज र देश विकासका लागि गरिने राजनीतिले नै प्रजातन्त्र फुल्न उचित वातावरण तयार हुँदै जान्छ । अनि मात्र राजनीति र प्रजातन्त्रको परिभाषा आम महिलाहरूले बुझ्दै जान्छन् । यसका लागि राजनीतिक दलहरूले पनि महिला जनसमुदायलाई आन्दोलन र चुनावताका मात्र सम्झने परिपाटी त्याग्नुपर्छ । यसका साथ-साथै उनीहरूले क्रियाशील महिलाहरूलाई उचित अवसर दिँदै जाने परिपाटी बसाल्दै जानुपर्छ । यसो गर्न सकेमात्र महिला आन्दोलनले गति लिनसक्छ ।

❐

घरेलु हिंसाबाट पनि पीडित छन् बालिकाहरू

विराटनगर तीनटोलिया बस्ने १५ वर्षीय मीना (नाम परिवर्तन) आज कानुनी उपचार खोज्दैछिन् । उनी दुई वर्षदेखि आफूलाई बेच्ने छिमेकी महिलालाई प्रहरीको जिम्मा लगाउन चाहन्छिन् । ती महिलाद्वारा मीना दिल्लीको एउटा बेश्यालयमा भारु. १० हजारमा बेचिएकी थिइन् तर माइती नेपालको सहयोगमा उनी नेपाल फर्कन सफल भएकी छिन् । मीना नेपाल फर्केको थाहा पाएपछि उनलाई बेच्ने महिला फरार भइन् । जिल्ला प्रहरी कार्यालय मोरङले ती महिलाको पतिलाई सामान्य सोधपुछ गरी छोडिदियो ।

त्यसैगरी गत वर्ष विराटनगरकै एउटा कपास कारखानामा कार्यरत १४ वर्षीया सविता (नाम परिवर्तन) कारखानाकै एकजना ३१ वर्षीय कामदारद्वारा बलात्कृत भइन् । आमा खसेको वर्ष दिन नबित्दै बाबु बिदेशिएपछि उनी काकाकाकीसंग बस्दै आएकी थिइन् । उनी बलात्कृत भएको थाहा पाएपछि काकाकाकीले समाजको डरले उनलाई घरबाट निकालिदिए । छरछिमेकी र महिला वडा सदस्यहरूको प्रयासले अभियुक्तले सजाय पायो । तर पीडित बालिकाले भने माइती नेपाल विराटनगरको शरण लिनुपऱ्यो ।

यस किसिमका घटना छापामा बराबर आउने गर्दछन् र गरिब तथा अशिक्षित परिवारका बालिकाहरू यस्ता अपराधका शिकार हुने गरेको पाइएको छ । कतिपय अवस्थामा उनीहरू आफ्नै अभिभावकबाट पीडित हुने गर्दछन् । बालिकाहरूलाई सामाजिक संस्कारको नामको आफ्नै अभिभावकले बलिको बोको बनाउने गर्दछन् । सामाजिक संस्कारकै नाममा तराई क्षेत्रमा आजसम्म बालविवाहले प्रश्रय पाइरहेको छ । पहिलो घटनासित सम्बन्धित मीठा एउटी विवाहित बालिका हुन् । तीन वर्षअघि उनको उमेर नपुगीकनै विहे भएको हो । भारत उत्तर प्रदेशको बरेली भन्ने ठाउँमा उनको विहे एकजना

प्रौढ मान्छेसित भएको थियो । पति र घरपरिवारले दुःख दिन थालेपछि मीनाकी आमाले उनलाई सदाका लागि नेपाल फर्काएर ल्याइन् । तर माइत फर्केपछि उनले पहिलेको जस्तो माया पाइनन् । माइतमा पनि उनी अपहेलित हुँदै गइन् । सानै उमेरमा घर र माइती दुवैतिरको माया पाउन नसक्दा उनी विचलित भइन् । त्यसैबेला उनको परिचय छिमेककी ती महिलासित भयो जसको हातबाट उनी बेचिइन् । छोरीलाई निरक्षर राखी बालविवाह गरिदिने अभिभावकहरूले छोरीलाई बोझ सम्झन्छन् । अशिक्षित र गरिब परिवारमा मात्र होइन, अन्य शिक्षित परिवारमा पनि बालिकाहरूलाई बालकसरह हुर्काउने परम्परा छैन । अझ कतिपय परिवारमा छोराको आशमा थुप्रै छोरीहरू जन्माइन्छन् । यस्तो परिस्थितिमा छोरीहरूको अधिकार आफ्नै अभिभावकले खोसिरहेका हुन्छन् । बालिकाहरूको अधिकार हनन हुने कतिपय कारणहरू हाम्रो मानवीय व्यवहारसंग जोडिएका छन् । अशिक्षित र गरिब अभिभावकहरू बालिका जन्मेपछि बालिकाका अधिकारहरू अज्ञानतावश हनन गर्न थाल्छन् । कतिपय हुने खाने शिक्षित अभिभावकहरू त बालिका जन्मनुअघि लिंग जाँच गरी उसको जन्मन पाउने नैसर्गिक अधिकार खोस्ने गर्दछन् । गर्भमा रहेको शिशुको लिंग परीक्षण गराउने कार्य नेपालको शहरी क्षेत्रमा बढ्दो छ । चिकित्साविज्ञानले उपलब्ध गराएको यो प्रविधि आज बालिकाको भ्रूणहत्यामा प्रयोग हुन थालेको छ जुन एउटा जघन्य अपराध हो । यस्तो अमानवीय व्यवहार आज एउटा सामाजिक चुनौती बनेको छ । यो समस्या नेपालमा विशेषतः मारवाडी समुदायमा क्रमिक रूपले बढिरहेको छ । मारवाडी समुदायमा पनि महेश्वरी समुदायमा लिंग परीक्षणपछिको भ्रूणहत्या गर्ने गरिन्छ । यसका थुप्रै काराणहरूमध्ये छोरा नभए वंश नचल्ने विश्वास र छोरीलाई दाइजो दिनुपर्ने रहेको छ ।

राष्ट्रिय श्रम प्रतिष्ठानको एउटा अध्ययनअनुसार कुल शहरी घरेलु श्रमिकमध्ये ६० प्रतिशत बालबालिका रहेका छन् । सिविनले गरेको अध्ययन अनुसार काठमाडौंको शहरी क्षेत्रमा मात्रै करिब २१ हजार घरेलु बाल श्रमिक रहेका छन् । औसत १३ वर्ष उमेरका यस्ता घरेलु बालश्रमिकहरूमा ४५ प्रतिशत बालिका रहेका छन् । यिनीहरूको ६४ प्रतिशतको स्वास्थ्य नराम्रो रहेको पाइएको छ भने ७ प्रतिशतलाई गम्भीर चोट लागेको भेटिएको छ । यसरी के देखिन्छ भने अबोध बालिकाहरूको भविष्य गरिबी र अशिक्षाका कारण आफ्नै आमाबाबुले अन्धकारमय बनाउँदैछन् । मीना र सविताजस्ता थुपै बालिका हाम्रो समाजमा छन् ।

हाल नेपालमा पुरुष साक्षरताको दर ६६ प्रतिशत रहेका छ भने महिलाको मात्र ३० प्रतिशत । यसरी प्राथमिक तहमा बालिकाहरूको भर्ना ४१.६ प्रतिशत छ भने जति-जति माथिल्ला कक्षाहरूमा पुग्छन् यो प्रतिशत घटेको पाइन्छ । यसका अतिरिक्त स्कुल छाड्नेहरूमा छात्रहरूको तुलनामा छात्राहरूको संख्या बढिरहेको पाइन्छ । अशिक्षा र गरिबीका कारण अभिभावकहरू आफ्नो छोराहरूलाई मात्र स्कुल पठाउँछन् भने छोरीहरूलाई घरायसी काममा लगाउँछन् । जिल्ला शिक्षा कार्यालय मोरङले वि.सं. २०५७

सालमा गरेको एउटा अनौपचारिक सर्वेक्षण अनुसार मोरङ जिल्लामा महिलाहरूको संख्या ३ लाख ६३ हजार २ सय १८ रहेको छ जसमध्ये ८ वर्षदेखि १४ वर्षबीचका साक्षर बालिकाहरूको संख्या ५० हजार ४ सय ६ छ । सो कार्यालयले शैक्षिक सत्र २०५७, ०५८ सालमा गरेको एउटा सर्वेक्षण अनुसार सार्वजनिक विद्यालयतर्फ प्राथमिक तहमा अध्ययनरत छात्राहरूको संख्या ४६ हजार ३ सय ७२ रहेको छ भने आवासीय विद्यालयतर्फ ४ हजार ६ सय ५३ त्यसैगरी सार्वजनिक विद्यालयका ६ हजार ३ सय ६ र आवासीय विद्यालयका ६ सय १४ जना छात्रले पढ्ने अवसर पाउँछन् ।

बालिका अधिकारका लागि सर्वप्रथम श्री ५ को सरकार आफैं गम्भीर हुनुपर्दछ । एउटी बालिको कुन-कुन अवस्थामा, किन, कसरी र कस-कसबाट अधिकार हनन हुँदोरहेछ भन्नेबारे सरकारले विश्लेषण गरी तदनुरुप कानुन बनाउनुपर्दछ । यसरी तयार गरिएका कानुन र व्यवस्थाहरूलाई लागू गराउन राजनीतिक र सामाजिक प्रतिबद्धताको पनि उत्तिकै खाँचो पर्दछ ।

राजनीतिक दलहरूलाई पनि आफ्नो घोषणापत्रमा बालिका सम्बन्धी छुट्टै कार्यक्रम ल्याउन नागरिक समाजले दबाब सिर्जना गर्नुपर्दछ । यसका लागि नागरिक समाजका बुद्धिजीवीहरूले पनि बालिकाको अधिकार संरक्षण तथा सम्बर्द्धन गर्न सरकारलाई मद्दत गर्नुपर्दछ । बेइजिङ घोषणापत्र एवं बेइजिङ कार्ययोजनाले महिला समानता विकास र सशक्तीकरणको लागि नभइनहुने क्षेत्रहरू पहिल्याई सरकार, अन्तर्राष्ट्रिय समुदाय तथा नागरिक समाजलाई १२ वटा सरोकारका क्षेत्रमा रणनीतिगत कार्ययोजना बनाई अगाडि बढ्न आह्वान गरेको छ जसमध्ये बालिका पनि पर्दछन् ।

(महिला लेखमालाँसंचालिका समूह नेपाल फागुन २०५८, पुरस्कृत लेख)

□

किशोरी आमाहरू अकालमै ज्यान गुमाउँदैछन्

कक्षा सातमा पढ्दा-पढ्दै सोह्र वर्षीया सृजना माझीले गतवर्ष प्रेम विवाह गरी छोरो जन्माइन् । निम्न वर्गीय परिवारमा हुर्केकी सृजनाले कलिलो उमेरमा आमा बन्नु परेकोले गर्भवती हुँदा र सुत्केरी हुँदा धेरै कष्ट भोग्नु पऱ्यो । शहरमा बस्ने सृजना माझी जस्ता थुप्रै किशोरी आज कलिलो उमेरमा प्रेम विवाह गरी बच्चा जन्माउँदा आफ्नो र बच्चाको ज्यान समेत जोखिममा पार्दैछन् ।

निम्न वर्गीय परिवारमा गरिबी र अशिक्षाका कारण किशोरीहरू कलिलो उमेरमा आमा बन्छन् । उमेर नपुगी छोरीको विहे गरिदिनाले कैयौं पटक किशोरीहरू सानैमा वर्षेनी बच्चा जन्माउन बाध्य हुन्छन् । जसले गर्दा आज पनि नेपाली किशोरीहरू असुरक्षित मातृत्वको चपेटामा परी अकालमा ज्यान गुमाउँदै छन् । विराटनगर-१५ बस्ने १८ वर्षीया मुन्नी सहनी गएको दुईवर्षमा दुई छोरीकी आमा बनेकी छिन् । पहिलो छोरी छ महिनाकी हुँदा दोस्रो पटक गर्भवती भएकी मुन्नीलाई दुवै पटक घरैमा सुत्केरी गराइयो । शहरमा बसोबास गरे पनि यस्ता समुदायमा गर्भवती महिलालाई न त अस्पताल नै लगिन्छ, न चिकित्सकको सल्लाह नै लिइन्छ ।

घरैमा सुत्केरी गराउँदा पनि तालिम प्राप्त सुडिनीभन्दा समुदायका बृद्धा (जसले सुडिनी काम गर्दै आएका हुन्छन् ।) को सहयोगमा बच्चा जन्माइन्छ । यसले गर्दा कतिपय अवस्थामा सुत्केरी र बच्चा दुवै अकालमा मर्ने गर्दछन् भने कोही संक्रमण लगायत पाठेघर सम्बन्धी दीर्घकालीन रोगबाट पीडित हुने गर्दछन् ।

चौबीस वर्षीया सरिता बेगम सात वर्षदेखि पाठेघर सम्बन्धी रोगबाट पीडित छिन् । घरैमा सुत्केरी गराउँदा उनले आफ्नो बच्चामात्र गुमाइनन् पाठेघरमा संक्रमण भई

उनी सदाका लागि आमा बन्ने सौभाग्यबाट बञ्चित हुन पुगिन् । गाउँघरमा मात्र हैन शहरमा बस्ने महिलाहरूमा पनि सुरक्षित मातृत्व सम्बन्धी अनभिज्ञताका कारण आज यो समस्या दिनप्रतिदिन विकराल बन्दैछ ।

मातृ मृत्यु कहिले र कहाँ हुने गर्छ ?

गर्भवती तथा सुत्केरी हुँदा आउने कठिनाइहरूबाट हुने महिलाहरूको मृत्युलाई मातृ मृत्युदर भनिन्छ । विश्वभरि गर्भवती सुत्केरी र सुत्केरीबाट हुने समस्याबाट प्रत्येक वर्ष छ लाख महिलाहरूको मृत्यु भइरहेको तथ्य श्री ५ को सरकारको स्वास्थ्य मन्त्रालय तथा विश्वस्वास्थ्य संघले दिएको छ । उक्त मृत्युमध्ये ९९ प्रतिशत मृत्यु विकासशील देशहरूमा हुने गर्दछ । दक्षिणपूर्वी एशियाली मुलुकहरूको तथ्याङ्क हेर्दा मातृ मृत्युदर बढी हुने देशहरूमा नेपाल दोस्रो स्थानमा छ । सन् १९९६ मा गरिएको नेपाल परिवार स्वास्थ्य सर्वेक्षण अनुसार नेपालमा प्रत्येक दुई घण्टामा एकजना महिलाको गर्भवती तथा सुत्केरीका कारणबाट मृत्यु हुने गर्छ । नेपालमा गर्भवती महिलाहरूमा लगभग २० प्रतिशतले मात्र नियमित स्वास्थ्य परीक्षण गराउने गरेको पाइन्छ । जसले गर्दा नेपालमा प्रत्येक एक लाखमा ५३९ महिलाको मृत्यु असुरक्षित मातृत्वका कारणबाट हुने गर्दछ ।

गर्भवती, प्रसूति र सुत्केरी अवस्थामा कुनै पनि बेला जटिल अवस्थाहरू सिर्जना हुन सक्छन् । यी अवस्थामा तत्काल उपयुक्त सेवा उपलब्ध नभएमा मातृ मृत्यु हुने बढी सम्भावना हुन्छ । यसरी अधिकांश मातृ मृत्यु घरैमा असुरक्षित मातृत्वका कारण हुने गर्दछ । करिब दुई तिहाइ (६२ प्रतिशत) मातृ मृत्यु बच्चा जन्माइसकेपछि हुने गर्दछ । गर्भवती अवस्थामा २८ प्रतिशत मातृ मृत्यु हुने गर्दछ । गर्भवती अवस्थामा हुने मातृ मृत्युको एउटा प्रमुख कारण गर्भपतन हुनु र असुरक्षित गर्भपतनबाट उत्पन्न हुने जटिलताहरू भएको अनुमान गरिन्छ । त्यस्तै अत्यधिक (६७.४ प्रतिशत) मातृ मृत्यु घरैमा हुने गरेको पाइएको छ, किनभने नेपालमा गर्भवती हुनु र बच्चा जन्माउनुलाई स्वाभाविक र सरल प्रक्रिया मानिन्छ । त्यसकारण अधिकांश महिलाहरूले घरैमा बच्चा जन्माउँछन् । त्यस्तै एघार प्रतिशत मातृ मृत्यु अस्पतालमा लैजांदा बाटोमै हुने गरेको र २१ प्रतिशत मातृ मृत्यु स्वास्थ्य संस्थामा उपचार गर्ने क्रममा हुने गर्दछ । कतिपय महिलाहरूको मृत्यु गर्भको कारणले जटिल हुन पुगेको अरु रोगबाट पनि हुने गर्दछ । जस्तै-औलो, क्षयरोग, मुटुको रोग, जण्डिस आदि । असुरक्षित मातृत्वका कारण हुने मातृ मृत्युदरमा कमी ल्याउन नेपालमा दातृसंस्थाहरूले पनि विभिन्न समयमा सहयोग गर्दै आएका छन् । पछिल्लो तथ्याङ्क अनुसार सन् १९९७-२००० को प्रथम चरणमा बेलायतको सहयोगमा १० जिल्लाहरूमा गुणस्तरीय मातृत्व सेवाको विकास गर्न कैलाली, सुर्खेत र बाग्लुङमा गरी तीन जिल्लामा यो विशेष कार्यक्रम सम्पन्न भइसकेको छ । त्यस्तै पूर्वी क्षेत्रमा युनिसेफले सुरक्षित मातृत्व सम्बन्धी विशेष कार्यक्रम सुनसरी, उदयपुर, सप्तरी, सिरहा र इलाम जिल्लामा शुरु गरिसकेको छ ।

मोरङको अवस्था

यसैगरी जिल्ला जनस्वास्थ्य कार्यालय मोरङका अनुसार यस जिल्लामा अन्य स्वास्थ्य सेवा सँगसँगै सुरक्षित मातृत्व सम्बन्धी जनचेतना तथा प्रसुती सेवा प्रदान गर्न ११ वटा स्वास्थ्य चौकी, ६ वटा प्राथमिक स्वास्थ्य चौकी तथा ४६ वटा उपस्वास्थ्य चौकी संचालित छन् । यो कार्यक्रम संचालन गर्न जिल्ला जनस्वास्थ्य कार्यालय मोरङलाई परिवार नियोजन संघ, मेरीस्टोप्स क्लिनिक विराटनगर, प्लान इन्टरनेशनल, संयुक्त राष्ट्र बालकोष, आमा मिलन केन्द्र तथा महिला विकास शाखा आदिले विभिन्न प्रकारको सहयोग गर्दै आएका छन् । जिल्ला जनस्वास्थ्य कार्यालय मोरङका प्रमुख वरिष्ठ जनस्वास्थ्य अधिकृत मधुसूदन कोइरालाका अनुसार उक्त कार्यालयले स्वास्थ्य चौकी मार्फत् सामुदायिक औषधि कार्यक्रम तथा पोषण कार्यक्रम समेत संचालन गर्दै आएको छ । शहरी क्षेत्रमा भने अस्पतालको सुविधा बाहेक अन्य कार्यक्रम संचालन भएको देखिँदैन । कोशी अञ्चल अस्पतालकी प्रसुति गृहकी प्रमुख कमला राईका अनुसार दैनिक सरदर अठ्ठार, उन्नाइस जना महिलाहरू अस्पताल आउने गर्दछन् । यसरी आउनेहरूमा शहरकाभन्दा गाउँका विपन्न महिलाहरू जटिल अवस्थामा मात्र अस्पताल आउने गरेको कुरा राई बताउनु हुन्छ । जसबाट सुत्केरी भइसकेपछि पनि महिलाहरू विभिन्न रोगका शिकार बन्ने गरेको देखिन्छ ।

जिल्ला जनस्वास्थ्य कार्यालय मोरङका तथ्याङ्क सहायक विष्णु के.सी. का अनुसार विराटनगर उपमहानगरपालिकाका केही सीमित वडाहरूमा नगरपालिकाले गत केही वर्षदेखि सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रम गर्दै आएता पनि यो अपर्याप्त छ । उहाँका अनुसार नगरपालिकाले गैरसरकारी संस्थाहरूको पर्याप्त सहयोग जुटाई थप कार्यक्रम संचालन गर्न सके असुरक्षित मातृत्वका कारण हुने मातृ मृत्युदरमा कमी आउने देखिन्छ । यसका लागि सम्बन्धित निकायहरूले चासो देखाउनु आवश्यक छ ।

❐

श्रीमान् नै असहयोगी भई दिएपछि कसको के लाग्छ र !

सिराहा निवासी श्रीमती महतो विगत दुई वर्षदेखि विराटनगर-१५ मा सात वर्षीया अपाङ्ग छोरीसँग बस्दै आएकी छिन् । छोरी अपाङ्ग भएकै कारण वैवाहिक जीवन असफल भएपछि श्रीमती महतो आज माइतीको आड भरोसामा छोरी पढाउन विराटनगर बसेकी छिन् । स्वास्थ्य सहायक र शिक्षकको प्रमाण-पत्र आफूसँग भएपनि हाल उनी बेरोजगारी छिन् । आफ्नो र छोरीको दयनीय अवस्था देखी-देखी विगत ६ महिनादेखि आफूहरू माइतीबाट पालिनु परेकोले श्रीमती महतो आज न्यायको खोजीमा छिन् । प्रहरी श्रीमान्का यस्ता असहयोगी व्यवहारले आज आफ्नो र अपाङ्ग छोरीको जीवन कठिन बन्दै गएको कुरा उनी जो कोहीलाई सुनाउन पनि चाहँदिनन् ।

यस्तै विराटनगर-१६ की श्रीमती तामाङ पनि राति प्रायः साथी भाइसँग अल्मलिने र बिहान अबेरसम्म सुतिरहने श्रीमान्का कारण पीडित छिन् । श्रीमान्को यस्तो दैनिकीले छोरा-छोरीको व्यक्तित्वमा नकारात्मक असर पर्ने हो कि भन्ने डरले उनलाई सधैं चिन्तित तुल्याउँछ । श्रीमान्लाई सम्झनाउन खोज्दा घरमा तनाव उत्पन्न हुने डरले उनी श्रीमान्का यस्ता व्यवहार सहन बाध्य छिन् । श्रीमान्का यस्ता व्यवहारका कारण आजभोलि उनीमा आत्मनिर्भर बन्ने प्रबल इच्छा जागेको छ । आफू आत्मनिर्भर बन्न नसकेको कारणले नै आफूहरूले यस्तो परिस्थितिको सामना गर्नु परेको होला भन्ने उनीहरूलाई महसुस हुन थालेको छ ।

उपरोक्त दुई महिलाका कष्टप्रद वर्तमानले नेपाली महिलाहरूको वस्तुस्थिति उजागार गर्छ । एकजना महिला अपाङ्ग छोरीका कारण श्रीमान्बाट अपहेलित बन्न पुगेकी छिन् । अर्की आत्मनिर्भर बन्न नसकेको कारण श्रीमान्का असहयोगी व्यवहार सहन बाध्य

छिन् । 'महिला भएर जन्मेपछि पुरुषको ज्यादतीलाई कुनै पनि रूपमा महिलाले सहनै पर्छ' भन्ने मान्यता नेपाली समाजमा व्याप्त छ । यस्तो मान्यतालाई प्रतिनिधित्व गर्ने पुरुष मानसिकता आज नेपाली समाजमा हावी भएको छ । वर्षौंदेखि यस्ता मानसिकता बोकेका पुरुषहरू आज जति नै पढेलेखेका भए पनि उनीहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिलामाथि शोषण गर्दै आएका छन् । श्रीमान्का रूपमा आफ्ना श्रीमती र घर परिवार प्रति गैर-जिम्मेवारपूर्ण व्यवहार गर्दै आएका पुरुषलाई न त समाजले सजाए दिन सकेको छ न कानुनले छुन सकेको छ । श्रीमतीले आफ्नो अस्तित्व गुमाई श्रीमान् र घर परिवारको सेवा सुषुश्रा गर्नु पर्छ भन्ने पुरातन मानसिकता बोकेका पुरुषहरूले वर्षौंदेखि महिलाका मानव अधिकार हनन गरिरहेका छन् । उनीहरूका यस्ता व्यवहारले आफ्नो छोराछोरीको व्यक्तित्व विकासमा समेत नकारात्मक असर पार्छ भन्ने यस्ता पुरुषहरूले महसुस गर्न सकेका छैनन् । यस्ता पुरुषका असहयोगी व्यवहारले अधिकांश महिलाहरू प्रतिभावान् हुँदा-हुँदै पनि कुंठित जीवन बिताउन बाध्य छन् । श्रीमान्बाट शोषित हुँदै आएका अधिकांश गृहिणी श्रीमतीहरू घर परिवार विखण्डन हुने डरले 'आफ्नो त कर्मै उस्तो' भन्दै श्रीमान्का ज्यादती सहन बाध्य छन् ।

अधिकांश नेपाली महिलाहरू आफूले भोग्दै आएका यस्ता ज्यादतीपूर्ण व्यवहारलाई सकेसम्म आफैंमा सीमित राख्न चाहन्छन् । उनीहरूका यस्ता सहनशील व्यवहारले पीडकलाई झन्-झन् उत्साहित बनाउँदै लान्छ र कालान्तरमा पीडक श्रीमान्का असहयोगी व्यवहार आफ्ना छोराहरूले पनि सिक्तछन् । बाल्यकालमा बुबाले आमाप्रति गर्दै आएका ज्यादतीपूर्ण व्यवहारलाई यस्ता असहयोगी पुरुषहरूले आज पनि निरन्तरता दिइरहेका छन् । यस्ता छोराहरूले पछि बुहारीप्रति पनि यस्तै व्यवहार गर्ने गर्दछन् भने बुहारीले पनि आफू (सासू) ले वर्तमानमा सहँदै आएको व्यवहारलाई सहनु पर्ने बाध्यताले जन्म लिन्छ । अर्काकी छोरीलाई दास बनाई, उसको अस्तित्वलाई बन्धकी राखी कज्याउँने ज्वाईंहरूका कारण आज अधिकांश नेपाली महिलाहरूको वर्तमान दुःखदायी र भविष्य अन्धकारमय बन्दैछ । उनीहरूका यस्ता व्यवहारले कालान्तरमा थुप्रै समस्या निम्त्याउने गर्दछन् । जसमा घरेलु हिंसा पनि पर्दछ । यसरी महिलाप्रतिको निरन्तर दुर्व्यवहारले परिवारभित्र घरेलु हिंसाको विजारोपण हुँदै जान्छ । घरेलु हिंसा निम्त्याउने थुप्रै कारणहरू मध्ये देखापरेको श्रीमान् बीचको असमझदारी नै हो । यसबाट परिवार विखण्डन मात्र हैन छोराछोरीको भविष्य समेत अन्यौलग्रस्त बन्न पुग्दछ । यस्ता घरेलु हिंसाका दूरगामी असरबारे यस्ता असहयोगी पुरुषहरू संवेदनशील बन्न नसकेका कारण अचेल पीडित महिलाहरू कोही दोस्रो विहे गर्ने गर्दछन् भने कोही आत्महत्या वा पारपाचुके गरेर श्रीमान्का अत्याचारबाट मुक्ति पाउने प्रयास गर्दछन् ।

विगत केही वर्षदेखि सञ्चार माध्यमहरूमा पारपाचुके सम्बन्धी समाचारहरू प्रकाशमा त्यति नआए पनि आत्महत्या र हत्या बारे प्रशस्त आउन थालेका छन् । यस्ता असहयोगी पुरुषहरू आफ्ना श्रीमती वा छोराछोरीसँग सुख दुःख बाँडनुभन्दा पनि साथी

भाइलाई खुशी तुल्याउन संधै तत्पर हुने गर्दछन् । श्रीमान्ले गरेको हरेक कार्यलाई श्रीमतीले स्वीकार्नु पर्छ भन्ने मानसिकता बोकेका अधिकांश नेपाली पुरुषहरू बाह्य रूपमा जति नै सुखी र खुशी देखिए पनि उनीहरू वास्तविक सुखबाट कोसौं टाढा हुने गर्दछन् ।

आफूले श्रीमतीप्रति गर्दै आएको असहयोगी व्यवहार भिनाजु ज्वाईंले आफ्ना दिदी बहिनीसँग गर्दा कस्तो हुन्छ होला भन्ने आत्मानुभूति यस्ता असहयोगी पुरुषहरूले गरेको पाईँदैन । कतिपय अवस्थामा यस्ता पुरुषहरूका दिदी बहिनी नै हुँदैनन् वा भए पनि बेवास्ता गर्ने गर्छन् । आफ्ना दाजुभाइ वा माइतीले गर्ने गरेको वेवास्ताका कारण पनि कतिपय पुरुषहरूले आफ्ना श्रीमतीलाई दुःख दिने गर्छन । कहिलेकाहीं ज्वाईं भिनाजुलाई आर्थिक सहयोग नगर्दा पनि उनीहरूले आफ्ना श्रीमतीलाई शारीरिक वा मानसिक यातना दिने गर्दछन् । श्रीमानका यस्ता असहयोगी व्यवहारले एकातिर घरमा तनाबको वातावरण सृजना हुने गर्दछ भने अर्कातिर गृहिणी श्रीमतीहरूको मनोबल घट्दै जान्छ । यस्ता श्रीमतीहरूलाई पारिवारिक कर्तव्य निर्वाह गर्न ज्यादै कठिन पर्दछ । आफू बाँचुञ्जेल श्रीमतीलाई घर गृहस्थीको काममा अल्मलाएर राख्ने श्रीमान्हरूका कारण उनीहरू (श्रीमान्) तलमाथि वा असक्त हुँदा महिलाले एकैचोटी थुप्रै कर्तव्य निर्वाह गर्नु पर्ने हुन्छ । यिनै कारणहरूले गर्दा पनि आज एकल महिलाहरूले बाँच्नलाई ठूलो संघर्ष गर्नु परेको छ । आफ्नो उत्पादनशील उमेरमा श्रीमान्का कारण कुण्ठाग्रस्त जीवन बिताएका महिलाहरू आज जीवनको अन्तिम संध्यामा कसैले आफन्तमा आश्रित हुनु परेको छ भने कसैले बृद्धाश्रमको शरण लिनु परेको छ ।

आफ्नो मानव अधिकार हनन हुँदा बाँच्न कति गाह्रो हुन्छ भन्ने अनुभूति यता असहयोगी पुरुषले गरेको पाईँदैन । आफ्नो व्यक्तिगत व्यवहारका कारण श्रीमती र घर परिवारले सहनु परेको ज्यादतीप्रति यस्ता असहयोगी श्रीमान्हरू संवेदनशील बन्न नसक्नु समस्त मानव जातिको दुर्भाग्य हो । श्रीमान् वा घरपरिवारका कारण पनि आज आम नेपाली महिलाहरूको सामाजिक र आर्थिक अवस्था दयनीय बन्दै गएको छ । यस्ता पुरुषका अमानवीय व्यवहारलाई छोरानातिले समेत निरन्तरता दिइरहने हुँदा महिलामाथिको शोषणको अन्त्य देखिँदैन । वर्षौंदेखि आफ्ना घरपरिवारमा अधिकांश महिला सदस्यहरूले परम्परागत भूमिका मात्रै निर्वाह गर्दै आएका कारण पनि कतिपय असहयोगी पुरुषहरूले श्रीमतीको क्रियाशीलतालाई स्वीकार्न सर्वप्रथम उसको अहंले दिंदैन । यस्तो अवस्थामा यस्ता पुरुषहरूले आफ्ना श्रीमतीले कुनै क्रियाशील वा कामकाजी महिलासित सम्बन्ध राखको पनि मन पराउँदैनन् । यस्ता महिलाहरूको संगतले आफ्ना श्रीमतीमा पनि कुनै किसिमको परिवर्तन आउँला वा विद्रोह गर्ला कि भन्ने डरले उनीहरू त्रसित हुने गर्छन् ।

नेपाली समाजमा अधिकांश पुरुषहरूले महिला सदस्यलाई घर परिवारभित्रका परम्परागत कार्यहरूमैं अल्मलाइ राख्न मन पराउँछन् । पितृसत्तात्मक समाजमा महिलालाई आफू सरह सम्झने वा उनीहरूको प्रतिभाको कदर गर्ने पुरुषहरूको संख्या ज्यादै न्यून

छ । यस्ता सहयोगी पुरुषका कारण आज महिलाहरूले मानव भई बाँच्ने अधिकार र आफ्नो प्रतिभा प्रस्फुटन गर्ने अवसर पाएका छन् । यस्ता पुरुषहरूका सहयोगी व्यवहारलाई भने असहयोगी पुरुषहरूले नजर अन्दाज गर्ने गर्दछन् । श्रीमती वा महिलालाई सुविधा वा अवसर दियो भने पुल्पुलिन्छ वा घर भाडिन्छ भन्ने पूर्वाग्रहले यस्ता असहयोगी पुरुषहरू ग्रसित हुन्छन् ।

हिजोका दिनमा यस्तै असहयोगी पुरुषहरूका कारण महिलाहरूले आफ्नो मानव अधिकार गुमाई पराश्रित जीवन बिताउनु परेको थियो । आज तिनै पुरुषहरूका छोरानातिहरूले आफ्ना श्रीमतीलाई पराधीन जीवन बिताउन बाध्य पार्दैछन् । व्यवहारिक शिक्षाको कमी र लैङ्गिक संवेदनशीलता प्रतिको अनभिज्ञताले पनि आज एक्काइसौं शताब्दीका महिलाहरू पुरुषद्वारा कुनै न कुनै रूपमा प्रताडित हुने गरेका छन् । वर्षौंदेखि असहाय महिलाहरूले सहँदै आएका ज्यादती कालान्तरमा छोरी बुहारीले पनि सहनु पर्ला भन्ने कुरालाई यस्ता असहयोगी श्रीमान्ले बेलैमा आत्मानुभूति गरी व्यवहार परिवर्तन गर्दै जाने हो भने मात्र महिलामाथिको ज्यादती न्यून हुँदै जाने देखिन्छ । यसका लागि पुरुषवर्गले आफूलाई निरीह श्रीमतीका बलवान श्रीमान मात्र हैन असहाय बुबा-ससुरा वा दाजु-भाइका रूपमा पनि सम्झनु पर्दछ । यसका साथसाथै महिलाहरूले पनि आफ्नो मानव अधिकारको रक्षा गर्न आफूलाई आत्मनिर्भर बनाउने प्रयास गर्दै लानु पर्छ ।

❐

यौन दुराचारी शिक्षक र अबोध छात्राहरू

विजयपुर आवासीय माध्यमिक विद्यालय, धरानका शिक्षक सुदीप श्रेष्ठले सोही विद्यालयमा अध्ययनरत छात्रामाथि यौन दुर्व्यवहार गरेको समाचार विभिन्न पत्रपत्रिकामा छापियो । अभिभावकले प्रिन्सिपलसँग कारबाहीको माग गर्दै आए पनि तत्काल कारबाही नगरिएको कारण ती शिक्षकले चलाउँदै आएका छात्रावास र रेष्टुरामा विद्यार्थीले तोडफोड गरे । टेस्ट परीक्षामा अनुत्तीर्ण हुने छात्राहरूलाई आफ्नो कोठामा बोलाएर पढाउने निहुँमा यौन दुर्व्यवहार गर्ने गरेको शिक्षक श्रेष्ठको विगतसमेत उदाङ्गियो । केही समयपछि शिक्षक फरार भएको समाचार पनि प्रकाशमा आयो ।

कहिलेकाहीं यौन दुर्व्यवहारबाट सुरु भएको घटनाक्रम बलात्कारमा परिणत हुने गर्छ । गत असारको पहिलो साता इलामको मंगलबारे गा.वि.स.स्थित सूर्योदय शिक्षा सदनका शिक्षक चूडामणि खनालले तेह्र बर्षीया छात्रालाई बलात्कार गरेको समाचार कान्तिपुर दैनिकले छापेको थियो । यसै गरी केही वर्षअघि काठमाडौंको एउटा नीजी विद्यालयका प्रिन्सिपलले आफ्नो छात्रावासमा बस्दै आएकी छात्राको यौनशोषण गरेको समाचार छापियो । घटना भएको धेरै वर्षपछि अभियुक्तले सजाय पाएको समाचार पनि पढ्न पाइयो । विगतमा गाउँघरका सार्वजनिक विद्यालयमा यदाकदा हुने गरेको यौन दुर्व्यवहारका घटनाहरू केही वर्षयता सहरका साना-ठूला नीजी विद्यालयमा पनि हुने गरेका छन् । यसरी विद्यालयमा शिक्षकबाट हुने गरेका यौन दुर्व्यवहार र बलात्कारका घटनाले अबोध बालिकाहरूको भविष्य असुरक्षित बन्दै गएको छ । विद्याको मन्दिर मानिने विद्यालयमा पुजारीका रूपमा रहेका यौन दुराचारी शिक्षकको अमानवीय व्यवहार आज अबोध छात्राहरूका लागि घातक बन्दै गएको छ । यस्ता शिक्षकका कारण पढेर ठूलो मान्छे बन्ने सपना साँचेका प्रतिभावान् छात्राहरू स्कुले शिक्षा पूरा गर्नुअघि कोही प्रेमविवाह

गरी हराउँछन् भने कोही यस्ता यौन दुराचारी शिक्षकको शिकार बन्न पुग्छन् ।

कतिपय कारणले यस्ता अबोध छात्राहरूमाथि हुने गरेका यौन दुर्व्यवहारका घटनाहरू प्रकाशमा त्यति आउन सकेको छैनन् । यसले गर्दा पनि यौन दुराचारी शिक्षकका कर्तुतहरू जनसमक्ष पुग्न सकेका छैनन् । त्यसमाथि यौन दुर्व्यवहार सम्बन्धी कुरालाई नेपाली बन्द समाजमा सहजै स्वीकारिँदैन । यसका साथसाथै पीडित पक्षले सामाजिक प्रतिष्ठा र लोकलाजका कारण पनि यस्ता कुरालाई सकेसम्म गोप्य राख्ने गर्छ । यसरी पीडित छात्रा र घरपरिवारको मौनताले पनि यौन दुराचारी शिक्षकलाई उत्साहित बनाउने गर्छ । यस्ता बलात्कृत हुनेहरूमा किशोरी मात्र होइन, अबोध छात्राहरू समेत पर्छन् । शिक्षकका अमानवीय व्यवहारबाट सिर्जित यस्ता घटनाहरू प्रभावकारी कानुनको अभावमा अभियुक्तलाई सजाय दिलाउन गाह्रो पर्ने कुरा विगतको घटनाक्रमले देखाएको छ । त्यसमाथि यौन शोषणमा पर्ने छात्राहरूले यस्ता घटनाबारे कसैलाई भन्न नसकेका कारण पनि समस्याले विकराल रूप लिने गर्छ । यस्तै छात्राहरूमध्ये अधिकांशले यौन दुर्व्यवहार तथा बलात्कृतको पीडा भोग्ने गर्छन् । आफ्ना छात्रामाथि कुदृष्टि लगाउने शिक्षकहरूलाई यौन दुर्व्यवहार वा बलात्कार गर्न उत्साहित पार्ने प्रमुख कारकमध्ये छात्राको व्यक्तिगत व्यवहार र विद्यालय पनि केही हदसम्म जिम्मेवार देखिन्छ । यस्तो अवस्थामा यस्ता यौन दुर्व्यवहारको घटनाले बलात्कारजस्तो दुर्घटना निम्त्याउँछ । केही वर्ष अघिसम्म संचारमाध्यमको विकास नहुँदा जनसमक्ष नआउने यौन दुर्व्यवहार र बलात्कारका घटनाहरू केही समययता थोरै भए पनि आउन थालेका छन् । त्यसैले पनि आज यस्ता नाबालिग छात्राहरूमाथि हुँदै आएका यौन दुर्व्यवहारका घटनाहरू जनचासोका विषय बन्दै छन् । बदलिंदो परिवेशमा यौन दुर्व्यवहारजस्ता घटनासंग जोडिएका व्यक्तिलाई सामाजिक दण्ड सजाय हुनुपर्छ भन्ने जनआवाज पनि मुखरित हुँदै छ ।

जनआवाजले केही दिन सम्बन्धित निकायलाई चलायमान बनाउने प्रयास गरे पनि यौन दुर्व्यवहार सम्बन्धी कानुन नबनेका कारण अभियुक्तलाई पीडित पक्षले (सक्षम भएको खण्डमा) सामाजिक सजायका रूपमा कुटपिटबाहेक केही गर्न सकेको छैन । केही वर्षयता यस्ता घटनाहरूको पुनरावृत्ति भइरहे पनि नागरिक समाजले राज्यलाई कानुन बनाउनतर्फ ध्यानाकर्षण गराउन सकेको छैन । यसै गरी बलात्कार सम्बन्धी कानुनी व्यवस्था भए पनि बालयौन दुराचारका सम्बन्धमा प्रष्ट रूपमा उल्लेख गरिएको पाइँदैन । जस्तै- मुलुकी ऐनमा जबर्जस्ती करणीको महलमा कानुनले चौध वर्षमुनिका स्वास्नीमानिस भएमा छदेखि दश वर्षसम्म अभियुक्तलाई कैद सजाय हुने वा सोभन्दा माथिकी भए तीन वर्षदेखि पाँच वर्षसम्म अभियुक्तलाई कैद सजाय हुने व्यवस्था गरेको छ । यस्तै सजाय ऐन २०२६ ले केही सार्वजनिक भनी तोकेका मुद्दा अन्तर्गत बालयौन दुराचार पनि पर्छ । तर स्पष्ट कानुनको अभावमा यौन दुर्व्यवहार सम्बन्धी घटनाहरू राष्ट्रिय चर्चाको विषय बन्न सकेका छैनन् । यस्ता घटनाहरू जनसमक्ष ल्याउन नसक्नुको मुख्य कारण विद्यालय व्यवस्थापनको कमी-कमजोरी रहँदै आएको छ । कतिपय अवस्थामा बदनाम हुने डरले यौन दुर्व्यवहारका घटनाहरू पीडित र पीडक पक्षले सकेसम्म ढाकछोप गर्ने प्रयास गर्छन् । यस्तै सार्वजनिक विद्यालयका शिक्षकलाई विद्यालयले कारबाही गर्नसक्ने वा सजाय दिनसक्ने प्रावधान

नभएको हुँदा शिक्षकको मनोबल बढ्ने गर्छ भने निजी विद्यालयमा यौन दुराचारी शिक्षकलाई तत्काल निष्कासन गर्नसक्ने अधिकार प्रिन्सिपललाई भए पनि कहिलेकाही माथिल्लो कक्षामा गाह्रो विषय पढाउने यस्ता यौन दुराचारी शिक्षकको व्यवहारलाई विद्यालयले देखेको नदेखेकै गर्ने गर्छ । आफ्नो नैतिकतालाई बिर्सी शैक्षिक योग्यतालाई ढाल बनाउने यस्ता शिक्षकका कारण बेलाबेलामा शिक्षक पेशा विवादित हुने गर्छ ।

गुरुका रूपमा विद्यार्थीले आफ्ना शिक्षकमा ती गुणहरू खोज्ने प्रयास गर्छन् जसले उनीहरूलाई नैतिकवान् बन्न संधै प्रेरित गर्छन् । तर अधिकांश विद्यार्थीले शिक्षकमा ती गुणहरू भेट्टाउँदैनन् । विशेष गरी छात्राहरू यौन दुराचारी शिक्षकको सम्पर्कमा आउने बित्तिकै उनीहरू लक्ष्य विहीन बन्न पुग्छन् । विद्यालय व्यवस्थापन र प्रिन्सिपलले यस्ता शिक्षक र छात्राप्रति गर्दै आएको बेवास्ताले विद्यार्थीको भविष्य मात्र होइन, अभिभावकको वर्षौंको लगानी खेर जाने गर्छ ।

कतिपय अवस्थामा अभिभावकको हेलचेक्र्याइँका कारण पनि यस्तो समस्याले विकराल रूप लिने गर्दछ । विशेष गरी सार्वजनिक विद्यालयका अभिभावकहरू विद्यालय त्यति जाने गर्दैनन् । कुन शिक्षकले के पढाउँछ, शिक्षकको व्यक्तिगत व्यवहार कस्तो छ भन्नेबारे अधिकांश अभिभावकहरू अनभिज्ञ हुन्छन् । यस्तै निजी विद्यालयका अधिकांश अभिभावकहरू विद्यालय गइरहे पनि यौन दुर्व्यवहारले विकराल रूप लिएपछि मात्र पिन्सिपललाई जानकारी गराउँछन् । अभिभावकबाट अज्ञानतावश हुने यस्ता कमी-कमजोरीलगर्दा पनि हाम्रा अबोध छोरीहरू यौन दुराचारी शिक्षकको शिकार बन्ने गर्छन् । आफ्ना अबोध छात्रामाथि यौन दुर्व्यवहार गर्दै आएका यस्ता शिक्षकलाई राज्य वा सम्बन्धित निकायले कानुनी सजाय दिलाउन नसके पनि केही संचारकर्मीहरूले बेलाबेलामा जनसमक्ष ल्याउने प्रयास गर्दै छन् ।

केही समययता सार्वजनिक तथा निजी विद्यालय पढ्ने विद्यार्थीहरूमा ट्यूसन पढ्ने प्रबृत्ति बढेकाले पनि यौन दुर्व्यवहार र बलात्कारजस्ता घटनाले प्रश्रय पाउँदै छन् । विद्यालय परिसर वा कक्षाकोठामा आफ्ना छात्रामाथि कुदृष्टि लगाउने यौन दुराचारी शिक्षकहरू ट्यूसन पढाउँदा आफ्नो दमित इच्छा पूरा गर्ने गर्छन् । सर्वप्रथम यस्ता यौन दुराचारी शिक्षकबाट सतर्क रहन अभिभावकले आफ्ना छोरीहरूलाई आधारभूत कुरा सिकाउनुपर्छ । जसरी शारीरिक विकासका लागि अभिभावकले आफ्ना छोराछोरीलाई सन्तुलित आहार खुवाउने गर्छन्, त्यसरी नै शरीरको सुरक्षा गर्न विशेष गरी आमाले आफ्ना किशोरी छोरीलाई सजग गराउँदै लानुपर्छ । यसका साथसाथै विद्यालय व्यवस्थापनले पनि यस्ता यौन दुराचारी शिक्षकलाई कारबाही गर्नसक्ने नियम बनाउनुपर्छ । यस्तै अबोध छात्राहरूमाथि हुने यौन दुर्व्यवहारका घटनाप्रति राज्य पनि संवेदनशील हुनुपर्छ । यसका लागि नागरिक समाजले पनि यस्ता यौन दुराचारी शिक्षकलाई सामाजिक बहिष्कार गरी राज्यलाई थप मद्दत पुऱ्याउनुपर्छ ।

□

सशक्तीकरणको खोजीमा महिलाहरू

नेपालको महिला साक्षरता प्रतिशत सार्क क्षेत्रमै सबभन्दा कम भन्ने शीर्षकको समाचार भर्खरै कान्तिपुर दैनिकले प्रकाशित गरेको छ । यू. एन. डि. पी. नेपालका आवासीय प्रतिनिधि डा. हेनिङ कार्चरले यहाँ धेरै कुरामा महिलाहरूको पहुँच कम भएको जानकारी दिनुभयो । हाम्रो सामाजिक परम्पराहरूलाई जोगाई राख्न धेरै कुराहरूमध्ये परिवारको सबै सदस्यले खाएर मात्रै महिलाहरूले खानु पर्ने जस्ता कुराहरूले आधारभूत आवश्यकतामध्ये समयमा खान पाउने अधिकारसमेत खोसिएको र यसले उनीहरूको स्वास्थ्यमा दीर्घकालीन असर पार्ने जस्ता कुराहरूको पनि चर्चा गरिएको थियो ।

स्वस्थ शरीरमा स्वस्थ विचारले जन्म लिने कुरा सर्वविदितै छ । एकातिर महिला अधिकार नै मानव अधिकार हो भन्ने नाराले आकाश गुञ्जायमान छ, अर्कोतिर महिलाहरू अधिकारविहीन छन् । त्यसैले आज आधा आकाश ओगट्ने महिला समुदाय आफ्नो सामाजिक र धार्मिक परम्पराहरूलाई जोगाइराख्ने कुराहरूले उनीहरूको सम्पूर्ण अस्तित्व नै धमिल्याएको छ । यस अर्थमा उनीहरूका लागि महिला सशक्तीकरण र महिला विकासका कुराहरू हास्यास्पद हुन जान्छन् । कुनै पनि व्यक्ति, वर्ग र समुदाय अधिकारविहीन, पछौटे र अरुभन्दा तल्लो दर्जाको नागरिकको रूपमा रहन चाहँदैन । हाम्रो पुरुषप्रधान समाजको मानसिकता, सामाजिक र धार्मिक परिवेशले उनीहरूलाई यस अवस्थामा पुऱ्याएको छ । हिजो महिलाले बाबु र दाजु-भाइको डर राख्नु पर्थ्यो । आज कतिपय महिलाहरू आर्थिकरूपले आत्मनिर्भर भएता पनि निर्णायक भूमिका निर्वाह गर्न असमर्थ छन् । अर्थोपार्जन गर्न सक्नेलाई निर्णय गर्ने अधिकारबाट बञ्चित गर्नु उसको योग्यतामाथि शंका गर्नु हो । यस अवस्थामा उनीहरू कसरी सशक्त हुने र उनीहरूलाई

सशक्त बनाउने वातावरण कसले तयार पारिदिने ?

महिलाहरू कमजोर छन्, उनीहरूलाई अगाडि सार्नुपर्छ, विकास निर्माणको कार्यमा उनीहरूको सहभागिता जरुरी छ भन्ने सोचाइले जन्म लिए पनि पुरातन मानसिकतामा परिवर्तन नल्याएसम्म यो कार्य गाह्रो मात्र छैन, असम्भव पनि छ । कतिपय महिलाहरू आज अनेकौं बाधाहरूलाई पन्छाउँदै आफ्नो अस्तित्वको रक्षा गर्न संघर्षरत छन् भने अधिकांश शिक्षित तथा सम्पन्न महिलाहरूले महिला सशक्तीकरण र महिला विकासका कुरामा चासै नराख्नाले समस्या जटिल बन्दै गइरहेको छ ।

हिजो अधिकांश आमाहरूले अशिक्षा र अज्ञानताका कारण आफ्नो अस्तित्व नै गुमाएर घर परिवारका लागि आफूलाई बिर्सनुपरेको थियो भने आज यिनै आमाका छोरीहरूले यस्ता कुराहरूको प्रतिनिधित्व गरिरहेका छन् । अर्थात् आफू शिक्षित भएर पनि घर परिवारका लागि आफैंलाई बिर्सेका छन् । हिजो बुबाले पाल्नु परेको थियो भने आज श्रीमान्ले पाल्दैछ र भोलि पनि छोराहरूले पाल्नैपर्छ भन्ने सोचाइले उनीहरूलाई झन् झन् अकर्मण्य बनाउँदैछ । आज गैरसरकारी संघ संस्थाहरूले महिला सशक्तीकरण र महिला विकासका बारे गोष्ठी, सेमिनार र तालिमहरूको आयोजना गर्नु भनेको दातृसंस्थाहरूले दिएको बजेट तहलगाउनु मात्रै हो । अपवादको रूपमा दुईचारवटा संस्थाले काम गरिरहे पनि त्यो पर्याप्त हुन सकेको छैन । यद्यपि अधिकांश संघ-संस्थाहरूले महिलाहरूलाई सशक्त बनाउने र उनीहरूको विकास गर्ने भनेर कार्यक्रम गर्नु भनेको दातृसंस्थाहरूबाट आर्थिक सहयोग पाउनुलाई देखाएको क्षणिक सहानुभूति मात्र हो, भोलि दातृसंस्थाले यो शीर्षकमा सहयोग दिन बन्द गरे उनीहरू नयाँ शीर्षकको खोजीमा व्यस्त हुनेछन् ।

कस्तो स्वार्थी मानसिकता हाम्रो ? हामीमा यस्तै मानसिकता रहिरहे महिलालाई सशक्त कसरी बनाउने र उनीहरूको विकास कसले गर्ने ? आफ्नै दिदीबहिनी श्रीमती र आमाहरूलाई सशक्त बनाउन कहिलेसम्म विदेशीको मुख ताक्ने ? उनीहरूलाई सशक्त बनाउने र उनीहरूको विकास गर्ने संघ-संस्थाहरू आज एउटा जागिर खाने थलो मात्रै भएका छन् ।

आज यूनिसेफजस्तो अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालमा आफ्नो कार्यकालको चालीसौं वर्ष पूरा गर्दा पनि महिलाहरूको अवस्थामा खासै परिवर्तन आउन नसक्नु एउटा दुःखलाग्दो कुरा हो । जबसम्म हामी हाम्रो पुरातन मानसिकतामा परिवर्तन ल्याउँदैनौं अर्थात् महिलाप्रति सकारात्मक दृष्टिकोण राख्दैनौं युनिसेफ जस्ता पचासौं दातृसंस्था नेपाल भित्रिए पनि महिलाहरूको अवस्थामा परिवर्तन आउने छैन ।

❐

के हामी कहिले पनि वृद्ध हुँदैनौं ?

जहाँ कर्तव्य सम्झी जिम्मेवारी पूरा गरिन्छ, त्यहाँ सहानुभूति दर्शाउन आवश्यक पर्दैन । कर्तव्य भन्नाले मानवीय भावनाहरूको कदर गर्दै आफ्नो जिम्मेवारी पूरा गर्नु हो भने सहानुभूति भन्नाले क्षणिक माया दर्शाउनु हो । आज ९५ प्रतिशत छोराहरूले आफ्नो जन्मदाताप्रति सहानुभूति दर्शाउने गर्छन् भने कतिपय आफ्ना बृद्ध माता-पिताको मृत्युका कारण बन्दछन् । साना छँदा मर्लान् कि भन्ने पीरले मातापिता चिन्तित हुन्थे भने आज यिनै छोराहरूले मार्लान् कि भन्ने पीरले उनीहरू पराधीन जीवन बिताउन बाध्य भएका छन् ।

माता-पिताले आफ्ना सन्तानलाई योग्य र आत्मनिर्भर बनाउनु उनीहरूको परम कर्तव्य हो भने आज यिनै योग्य सन्तानले आफ्नो कर्तव्य बिर्सेर आफूलाई सहानुभूतिको परिधिभित्र राख्न खोज्नु कतिको न्यायोचित कुरा हो ? आज समयसँगसँगै मानवीय भावनामाथि आधुनिक सोचाइले अतिक्रमण गर्दैछ । आज हामी आधुनिक बन्ने होडमा आफन्त (जन्मदाता) प्रतिको कर्तव्यलाई बिर्सदै जाँदैछौं । आज योग्य सन्तान भनाउँदाहरूले आफ्नो सुखी जीवनमा आफ्नो जन्मदाताको उपस्थितिलाई सहानुभूति दर्शाई आफ्नो अयोग्यताको परिचय दिइरहेका छन् । सृष्टिको सबैभन्दा सुन्दर रचना मानव भएता पनि भौतिकताको जंजीरले मानवीय गुणलाई स्वात्तै निलेको छ । हिजो कतिपय अभिभावकहरूले अशिक्षा र अज्ञानताका कारण छोरीले पाउनुपर्ने अधिकारसमेत खोसेर छोराहरूलाई योग्य बनाए । बुढेसकालको सहारा यिनै छोराहरू हुन् यिनीहरूले सुख पाए हाम्रो पनि बुढेसकालको सहारा यिनै छोराहरू हुन् यिनीहरूले सुख पाए हाम्रो पनि बुढेसकाल सुखमय हुन्छ भन्ने भ्रम पालेर कतिपय अभिभावकले छोरीहरूको भविष्य अन्धकार

बनाए । आज उनीहरू आफ्नो कर्तव्यलाई बिर्सेर सहानुभूति देखाई टाढा हुँदैछन् । हाम्रो सामाजिक परिवेशले गर्दा पनि आज उनीहरू कर्तव्यनिष्ठ हुनुभन्दा अंशवण्डाका कुरालाई लिएर आफ्ना जन्मदातालाई अझ दुःखी बनाउँदैछन् ।

छोराहरू जति नै सम्पन्न भए पनि उनीहरू मातापिताको सम्पत्तिमा आँखा गाडिराखेका हुन्छन् । बाँचुन्जेल त्यति वास्ता नराखे पनि मरेपछि उनीहरूको जीउनीका लागि दाजु-भाउजुमा मनमुटावको वातावरण सिर्जना गर्छन् । विकसित देशहरूमा बृद्धहरू स्वतन्त्र हुन्छन् । आफ्नो जीउनी सरकारलाई सुम्पेर सरकारले नै उनीहरूलाई पाल्छ । हाम्रो देशमा बृद्धहरूका लागि काम गर्ने कुनै निकाय छैन । छोराहरूलाई जिम्मेवारीबोध गराईँदैछ तर अंशवण्डाका कुरामा भने थुप्रै नियम कानुन बनाइएका हुन्छन् । व्यवहारिक शिक्षाको अभावमा आज अति व्यस्त छोराहरूले मातापितालाई सरकारले पालिदियोस् तर जीउनी चाहिं उनीहरूकै नाममा गरियोस् भन्ने सोचाई राख्छन् । तसर्थ कतिपय धनाढ्यहरू आज लाखौंको मालिक भएता पनि रु १००/- को सरकारी भत्ता पाउन आशामा जीवन धानिरहेका छन् ।

यो समस्या व्यस्त शहरहरूमा झन् विकराल र जटिल बन्दै गइरहेको छ । ठूला शहरमा बस्ने अधिकांश छोरा-छोरीहरू कत्ति अनैतिक, मतलबी र रूपैयाँ पैसालाई मात्र पुज्ने भएका छन् । त्यो सबैलाई बिदितै छ । एकातिर आज शिक्षाले हामीलाई भौतिक सुख-सुविधा जुटाएर सम्पन्न हुन मात्र सिकाउँदैछ भने अर्कोतिर नैतिक शिक्षाको अभावमा हामी दिन प्रतिदिन आफ्नो सामाजिक मूल्य र मान्यतालाई बिर्सदै जाँदैछौं । तसर्थ हामी आफ्नो संस्कार बिर्सेर एक्लो नेपाली संस्कारलाई अँगाल्न संधै तत्पर रहन्छौं । आधुनिक शिक्षा हासिल गर्न हिजो विदेशी भाषा सिक्न हाम्रो बाध्यता थियो भने आज यिनै भाषाको आडमा आफ्नो कर्तव्य, परम्परा र संस्कारलाई बिर्सेर आफ्नो पहिचानसमेत गुमाउने कार्य हामी गर्दैछौं । विदेशी भाषासँगै विदेशी संस्कृतिको क्षणिक मोहजालमा आफूलाई फसाउनु कत्तिको न्यायसंगत कुरा हो ? त्यो मनन गर्ने विषय भएको छ । हामी हाम्रा सन्ततीलाई कस्तो नैतिक शिक्षा दिन खोजिरहेका छौं ? के हामी कहिले पनि बृद्ध हुँदैनौं ?

❐

राजनीतिक भेलामा महिलाहरूको सहभागिता

श्रीमती चाहे गृहिणी होस्, चाहे कामकाजी ९९ प्रतिशत श्रीमान्हरूलाई आफ्ना श्रीमतीहरूले कुनै पनि भेला, सभा सम्मेलनमा भाग लिएको त्यति मनपर्दैन । अझ राजनीतिक भेलामा जाने अनुमति न त श्रीमानले नै दिन्छन् न छोरा छोरीले (हुर्केका भए पनि) । श्रीमान् चाहे राजनीतिक कार्यकर्ता नै किन नहोस् श्रीमतीसँग भेला समारोहमा उपस्थित हुनेहरूको संख्या औंलामा गन्न सकिन्छ । अधिकांश पुरुष कार्यकर्ता समेत आफ्ना घरका महिला सदस्यहरूलाई सकेसम्म राजनीतिबाट टाढा राख्न चाहन्छन् । यसले गर्दा यस्ता राजनीतिक भेलामा राजनीतिक भन्दा गैरराजनीतिक पृष्ठभूमिबाट आएका महिलाहरूको संख्या बढी हुन्छ ।

यस्ता गैरराजनीतिक पृष्ठभूमिबाट आउने महिलाहरूलाई पनि नियमित हुने यस्ता भेला समारोहमा उपस्थित हुनु गाह्रो पर्छ । आफ्ना श्रीमान् तथा छोरा छोरीलाई सम्झाई बुझाई यस्ता भेलामा उपस्थित हुने महिलाहरूको संख्या क्रमिकरूपले बढ्दैछ । यस्ता महिलाहरू अनेकौं बहाना बनाई यस्ता भेलामा उपस्थित हुने गर्दछन् र घण्टौं राजनीतिक प्रवचन सुन्ने गर्दछन् । धार्मिक प्रवचनमा आध्यात्मिक कुराले मानिसलाई मानसिक सुख दिन्छ तर यस्ता राजनीतिक भेलामा राजनीतिक खिंचातानी र प्रतिपक्षको कटु आलोचनाले श्रोतालाई कहिलेकाहीं पट्यार समेत लाग्ने गर्दछ । कहिलेकाही वक्ता र विषयवस्तु राम्रा हुँदाहुँदै पनि अघिल्लो वक्ताले बोलिसकेका कुरालाई दोहोऱ्याई तेहऱ्याई भन्ने प्रवृतिले श्रोताको ध्यान समेत बाड़िने गर्दछ र कतिपय अवस्थामा उद्घोषकले उनीहरूलाई चुपलागेर सुनिदिने आग्रह समेत गर्दछ । यस्ता भेलामा सहभागी हुने, महिलाहरूलाई भेला सम्बन्धी केही कुरा सोधिहाल्यो भने 'त्य त हो नि' अथवा 'खै के के भन्दै थिए मैले त

राम्ररी ध्यान दिएरै सुनिन' 'भन्ने जवाफ समेत दिने गर्दछन् । यसरी बर्षौदेखि यस्ता भेलामा भ्याइ नभ्याइ सहभागी हुने महिलाहरू मध्ये थोरैले सुन्ने र बोल्ने सीपको विकास गरे पनि राजनीतिमा महिलाहरूले आफ्नो विशेष पहिचान बनाउन भने सकेका छैनन् ।

कतिपय यस्ता राजनीतिक भेलामा महिलाहरूको सहभागिता बढाउन महिलाहरूलाई पुरस्कृत समेत गरिन्छ । यसरी पुरस्कार दिई-दिई महिलाहरूलाई भेलामा सहभागी गराउनु महिलाको मात्र हैन पुरस्कारको समेत मान घट्छ भन्ने कुरा हाम्रा सोझा साझा दिदी बहिनीहरूलाई थाहा छैन । पुरस्कार पाउनका लागि त कुनै पनि व्यक्ति, वा समूहले समाज र देशका लागि विशिष्ट योगदान पुऱ्याएको हुनु पर्दछ अनि मात्र पुरस्कारको मान बढ्छ । योगदान बिनाको पुरस्कारले न त व्यक्तिको भलाइ गर्छ न समाजको । बर्षौदेखि यस्ता भेलामा सहभागी हुँदै आएका महिलाहरूलाई न त राजनीतिक दलहरूले सही मूल्यांकन गर्न सकेका छन् न त सोच नै बनाएको देखिन्छ । यसले गर्दा कतिपय क्षमतावान् महिलाहरू पनि बर्षौदेखि भाषण सुन्ने र यस्ता भेलामा महिलाहरूलाई बढी भन्दा बढी सहभागी गराउँदै आफ्नो प्रतिभा खेर फालिरहेका छन् । अवसर, पद र टिकट वितरण गर्ने बेलामा यस्ता महिलाहरूलाई न सम्झे पनि यस्ता राजनीतिक भेलाको रौनक थप्ने कार्य भन्ने यस्तै अग्रज महिलाहरूले गर्दै आएका छन् ।

कहिलेकाहीं यस्ता भेलामा आयोजकहरूले प्रशिक्षण कार्यक्रम पनि संचालन गर्ने गर्दछन् । तर यस्ता प्रशिक्षण कार्यक्रमको उपादेयता देखिदैन । प्रशिक्षण लिइसकेका कार्यकर्ताले राजनीतिक भूमिका कसरी निर्वाह गर्नु पर्ने जस्ता व्यवहारिक पक्षलाई राजनीतिक दलहरूले न त अनुगमन गर्ने गरेको पाइन्छ न त मूल्यांकन नै । यस्ता औचित्यहीन भेलाहरूले आज अग्रज महिलाहरूलाई निराश पारेको छ । त्यै पनि उनीहरू उपस्थित भइदिन्छन आफ्ना लागि नभई पार्टीका लागि, मात्र संख्या बढाउन । यस्ता कुराहरू भेलाका आयोजकहरूले आजसम्म महसुस गर्न सकेका छैनन् । अवसर र पद नपाएका यस्ता पीडित महिलाहरू थुप्रै भेटिन्छन् समाजमा । यस्ता पीडित महिलाहरूका लागि बोलिदिने त्यो महिला जमात पनि छैन ।

यस्ता स-साना तर महत्वपूर्ण कुरालाई आयोजकहरूले चर्चा गर्नु पर्ने आवश्यकता नै ठान्दैनन् । आयोजकहरूका यस्ता व्यवहारले स्थानीय निकाय या क्रियाशील महिला जनप्रतिनिधिहरूको क्रियाशीलतालाई समेत ओझेलमा पारेको छ । यस्ता भेलामा राजनीति भन्दा माथि उठेर सामाजिक विकासका लागि एक जुट हुनु पर्ने मार्गनिर्देशन कुनै पनि पार्टीले गर्न सकेको छैन । क्रियाशील महिला तथा पुरुष जनप्रतिनिधिका कामलाई सही मूल्यांकन गरी सम्मान दिने वातावरण यस्ता भेलाले गर्न सके अन्य महिला या पुरुष जनप्रतिनिधिलाई क्रियाशील हुने प्रेरणा प्राप्त हुन्थ्यो । समग्रमा भन्नु पर्दा महिलाहरूलाई यस्ता भेलामा सहभागी गराउँदा पार्टीले पुरस्कार हैन राज्यले उनीहरूलाई काम गर्ने अवसर र प्रोत्साहन दिनुपर्दछ ।

❐

हामी र हाम्रो बुढेसकाल

विकासशील देशका मानिसहरूलाई चाँडै बुढेसकालको पीरले सताउने गर्दैन किन भने उनीहरू तनले बूढो भएता पनि मनले बूढो हुँदैनन् । तसर्थ उनीहरू सधै क्रियाशील हुन्छन् । उनीहरू जीवनको अन्तिम संन्ध्यासम्म पनि केही पनि नयाँ सीप, नयाँ अनुभव बटुल्दै जीवनलाई रमाइलो बनाउने प्रयास गर्दछन् । उनीहरूको सामाजिक परिवेशले पनि उनीहरूलाई सधै क्रियाशील बनिरहने प्रेरणा दिइरहन्छ ।

विकासोन्मुख देशहरू मध्ये हाम्रो देशमा हामी नेपालीहरूलाई ६० वर्ष पुग्दा नपुग्दै बुढेसकालको चिन्ताले पिरोल्न थाल्छ तसर्थ हामी तनलेभन्दा पनि मनले चाँडै बूढो हुन थाल्छौं । यसले हाम्रो सामाजिक तथा धार्मिक अवस्थालाई समेत प्रत्येक असर पारेको हुन्छ । आफ्नो युवावस्थामा छोराछोरी हुर्काउन पाए खासै उपलब्धिमूलक कार्य नगर्ने हामीलाई आज समय संगसंगै आफ्नै पूरातन मानसिकताले ठगेको छ ।

हामी थेरै पूर्वाग्रहबाट ग्रसित छौं किनभने अधिकांशले आफ्नो बृद्ध आमाबाबु प्रति त्यस्तो केही जिम्मेवारी निभाएका हुँदैनौं तसर्थ आफ्नो छोराहरूले पनि त्यस्तै व्यवहार गर्लान् के भन्ने पीरले वर्तमानसँगै भविष्य पनि दुःखदायी बनाउने प्रयास गर्दछौं । आज अधिकांश आमाबाबुका सपनाहरू चकनाचुर भएका छन् कतिपय छोराहरू शिक्षित भएर पनि अन्तर्जातीय विवाह गरेर टाढा भएका छन् भने कोही अंशवण्डाका कारणले टाढिएका छन् । दुवै तर्फको असमझदारीले गर्दा समस्या विकराल बन्दै गइरहेको छ । अतित कष्टमय भएता पनि भविष्य सुखमय होला भन्ने आशामा वर्तमान समेत कष्टकर भएको छ । आज हामी २१ औं शताब्दीको कुरा गर्छौं तर हाम्रो मानसिकताले हामीलाई अघि बढ्न दिइरहेको छैन । कुनै पनि विकास निर्माणको लागि परिवर्तन अपरिहार्य छ

तर हाम्रो सोचलाई फराकिलो समेत बनाउन सकिरहेको छैनौं । हामीमा मानवीय भावनाको विकास हुन सकेको छैन । हामी दिनप्रतिदिन स्वार्थी हुँदै गइरहेका छौं । कसैले हामीलाई राम्रो व्यवहार गर्नुपर्छ भन्ने भावनाको विकास हुन सके बुढेसकाल केही हदसम्म राम्ररी बिताउन सकिन्छ ।

पुरुष प्रधान समाजमा एकातिर नारी समानताको नाराले आकाश गुन्जयमान छ भने अर्कोतिर आज पनि कतिपय बृद्धाहरू आफ्नै बृद्ध पतिको दुर्व्यवहारबाट पीडित शोषित जीवन बिताउन बाध्य भएका छन् । आज कतिपय बृद्धाहरूले भौतिक सुख सुविधा भोग्न पाएता पनि मानसिक सुखबाट बञ्चित भएका छन् । बृद्धाहरूको तुलनामा बृद्धहरू आफ्नै व्यवहारले गर्दा आत्महत्या समेत गर्ने गरेको घटना यदाकदा देख्न सुन्न पाइन्छ । महिलाहरू स्वाबलम्बी हुने गरेकोले समयसँग सम्झौता गरेर आफूलाई संधै व्यस्त राख्न चाहन्छन् । पुरुषहरू परनिर्भरताका कारण आफूले गर्दा सक्ने काम पनि अरुको भर पर्ने बानीले उनीहरूको बुढेसकाल अत्यन्तै कष्टकर भएको छ ।

मान्छे भएर जन्म लिइसकेपछि मैले पनि यो समाजको लागि केही न केही गर्नु पर्छ भन्ने भावनाको विकास हुनसके आफ्नो जीवन सार्थक हुन्छ । अन्त्यमा आफू असल हुनसके जगत असल हुन्छ भन्ने कथनलाई आत्मसात गर्दै देश विकासको कार्यमा सहभागी बनौं र जीवन सार्थक बनाऔं आफ्नो अस्तित्वको रक्षा आफैं गर्दै आउँदो पीढीलाई एक्लो नेपाली संस्कारबाट जोगाउन एउटा सही मार्गदर्शकको भूमिका निर्वाह गर्दै आफ्नो बूढेसकाल सुखमय रमाइलो बनाऔं ।

❐

मिस फिगारो र महिला मानसिकता

"जो मान्छेलाई कमाएर खानुपर्ने चिन्ता हुँदैन, घरमा नै सबैथोक छ, उसले समाजसेवा जस्तो पवित्र कार्यमा किन अग्रसर नहुने ?" उपरोक्त भनाइ हो मिस फिगोरो अर्थात् प्रमदा शाहको । उहाँ श्री ५ वीरेन्द्रकी भान्जी बुहारी अर्थात् अधिराजकुमारी शारदा शाह र कुमार खड्ग विक्रमका छोरा आशिश शाहकी पत्नी हुनुहुन्छ । फ्रान्सबाट प्रकाशित हुने म्याडम फिगारो म्यागजिनले हरेक वर्ष विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने चार महिलालाई मिस फिगारो पुरस्कार प्रदान गर्छ । प्रमदा शाह यो सम्मान पाउने प्रथम नेपाली महिला हुनुभएको छ । उहाँले 'मिस फिगारो' पुरस्कार अन्तर्गत अवार्डस्वरूप पाएको रु.दश लाख सतहत्तर हजार धनराशिबाट असहाय महिलाहरूका निम्ति आश्रयस्थल बनाउने निर्णय गरेर एउटा सच्चा समाजसेवीमा हुनुपर्ने गुणको परिचय दिनुभएको छ । उहाँले प्राप्त गर्नुभएको यो सम्मानले नेपाली महिला जातिलाई गौरवान्वित तुल्याएको छ ।

हाम्रो पुरुष प्रधान समाजमा पनि यस्ता महिला व्यक्तित्वले आफ्नो छुट्टै पहिचान बनाउनु आफैंमा एउटा प्रशंसनीय कार्यको थालनी गर्नु हो । सम्पन्न परिवारका महिलाहरूले विपन्न महिलाहरूका लागि सहयोगी भावनाको विकास गर्नु सके महिला बिरुद्ध हुने हिंसामा कमी आउने कुरामा दुईमत न होला । एकातिर विपन्न र असहाय महिलाहरूले दुःख र अभावग्रस्त जीवन बिताइरहेका छन् भने प्रमदा शाह जस्ता महिला अस्तित्वले समाजमा विशेष स्थान ओगट्न नसक्नु सम्पूर्ण महिलाकै दुर्भाग्य हो ।

महिलाहरू धनले प्रमदा शाह हुनसके पनि मनले हुन नसकेको कारण उनीहरूको समस्या विकराल बन्दैछ । वर्षौंदेखि पुरुषले जुटाइदिएको सुख सुविधामा लिप्त भएर उनीहरू आफ्नो विवेकलाई बन्धकी राखी पराधीन जीवन बिताइरहेका छन् । यस्ता शिक्षित र सम्पन्न महिलाहरूको चाहना राम्रो लाउने र मीठो खानमै सीमित रहेको छ । यस्ता महिलाहरूको अकर्मण्यताले अनकौं समस्या जन्माएको छ ।

□

परिवार विखण्डनको परिणाम

"दिदी ! दिदी मलाई मेरा श्रीमान्का एकजना साथीले घाँटी न्याकेर झण्डै मार्‍यो, नपत्याए मेरी छोरीलाई सोध्नुस् ।" बेलुकीको करिब ५ बजे एउटी महिलाले भयभीत हुँदै आफ्नी ८ वर्षीया छोरीलाई देखाउँदै भनिन् । लेनदेनबारे सामान्य कुराकानी हुँदा यस्तो असामान्य परिस्थिति सिर्जना भएको उनले बताइन् । घटनाको प्रारम्भ सामान्य कुराकानीबाट भए पनि हातपात गर्ने व्यक्तिले मद्यपान गरेका कारण परिस्थिति त्यस्तो असामान्य बन्न पुगेको अनुमान लगाउन सकिन्छ । "घटना भएका बेला त्यहाँ कोही पनि थिएनन् त ?" मैले प्रश्न गरें । छिमेकी कोही रमिते बनी हेरिबसेका र कोही घरभित्र पसेका उनले जवाफमा भनिन् । म किंकर्तव्यविमूढ भएँ । हामी कस्तो समाजमा बाँचिरहेका छौं ? यहाँ छिमेकीहरू त थुप्रै छन् तर आपत पर्दा काम लाग्ने कोही छैनन् ।

घटनाको पाँचौ दिन लेनदेन मिलाई सामान्य कागज गराई प्रहरीले ती व्यक्तिले छोडिदियो । यस्ता घटना हिजोअस्ति गाउँघरमा अशिक्षा र गरिबीका कारण हुन्थे भने सहरमा दुर्व्यसन तथा मानवीय व्यवहारको कमीका कारण हुने गर्दछन् । पुरुषबाट सिर्जित यस्ता घटनाको शिकार असहाय, अशिक्षित महिलामात्र नभएर ठूलठूला घरका शिक्षित महिलाहरू समेत हुने गरेका छन् । शिक्षित परिवारमा हुने यस्ता घटना प्रकाशमा आउँदैनन्, त्यही या ढाकछोप गरिन्छन् । यस्तै एउटा अर्को घटना एकजना स्नातक गृहिणी आफू केही महिना मानसिक रोगी भएकै कारण प्राध्यापक श्रीमान्बाट तिरस्कृत हुन पुगिन् । श्रीमानका यस्ता व्यवहारका कारण आज उनी छोराछोरीबाट पनि टाढिएकी छिन् । यस्तो पीडादायी घटना उनले दुई/ तीन वर्षपछिमात्र अरुलाई सुनाउने आँट गरिन् । कतैबाट कसैबाट सहयोग पाइन्छ कि भन्ने आशमा उनले साहस त गरिन तर

व्यर्थ । कहीं केही सुनुवाइ भएन । यसरी आजको परिस्थितिमा महिला न त बाहिर सुरक्षित छन् न घरभित्र नै । हाम्रो समाज महिलाहरूका लागि दिनप्रतिदिन असुरक्षित बन्दै गएको छ ।

यसरी पीडित हुनेहरूमा विवाहितमात्र होइन अविवाहित महिला पनि पर्दछन् । विवाहित महिला श्रीमान्को अनुपस्थितिमा परपुरुषबाट पीडित हुन्छन् भने अविवाहित महिला प्रेमी र दुर्व्यसनीबाट । कतिपय अवस्थामा महिलाहरू असहय भएपछि प्रतिकार गर्नुको सट्टा आत्महत्या गरेर समस्याबाट मुक्ति पाउने चेष्टा गर्छन् । महिलाका यस्ता कायरतापूर्ण व्यवहारले पीडक श्रीमान् झन् हौसिन्छन् । श्रीमतीले आत्महत्या गरेको महिना दिन नबित्दै कान्छी भित्र्याउने श्रीमान् समाजमा थुप्रै भेटिन्छन् । समाजमा हुने यस्ता घटनाबाट पारिवारिक विखण्डनको सुरुवात हुन्छ । विखण्डित परिवारका अमानवीय व्यवहार अधिकांश यस्तै परिवारबाट मौलाउँछ जुन घरपरिवारमा महिला संधै त्रसित र भयभीत जीवन निर्वाह गर्न बाध्य पारिएका हुन्छन् । मानिसबाट हुने अमानवीय व्यवहार थुप्रै सामाजिक समस्याका मूल कारण बन्ने गरेका छन् । यो विडम्बना नै भन्नु पर्छ यस्ता अमानवीय व्यवहारका शिकार प्रायः महिलाहरू नै हुने गर्दछन् ।

जन्म दिएर भरणपोषण गर्ने नारी जातिमाथि यसरी अमानवीय तरिकाले आक्रमण गरिनु कुनै पनि सभ्य समाजका लागि अशोभनीय कुरा हो । जुन देशमा वा जुन समाजमा महिलाहरू बढी पीडित हुने गर्दछन् । त्यस देश वा समाजले विकासको गति लिन सक्दैन । मानवीय व्यवहारबाट सिर्जित यस्ता असामाजिक क्रियाकलापप्रति नागरिक समाजको पनि त्यति ध्यान जान सकेको छैन । कतिपय यस्ता घटनाका प्रत्यक्षदर्शी छिमेकीले समेत उद्धारकर्ताको सट्टा रमितेको भूमिका गर्ने गर्दछन् । छिमेकीहरूका यस्ता व्यवहारले पनि यस्ता क्रियाकलापहरूले प्रश्रय पाइरहेका छन् ।

छिमेकी र समाजका यस्ता गैरजिम्मेवारपूर्ण व्यवहारले पीडकहरूको आत्मबल बढेको छ । बर्षौंदेखि घरका महिलामाथि अन्याय र अत्याचार गर्दै आएका पुरुष परस्त्रीमाथि हातपात गर्न उत्साही भएका छन् । यस्ता पुरुष समाजका लागि कलंक बनेका छन् भने प्रशासन र कानुनका लागि चुनौती ।

कतिपय कारणमध्ये महिलाहरूका परनिर्भरता प्रवृत्ति पनि दोषी रहेको पाइन्छ । महिलाहरू आत्मनिर्भर हुनसके यस्ता घटना केही हदसम्म निर्मूल हुँदै जाने देखिन्छ । जबसम्म महिलाहरूले घरपरिवार तथा समाजमा सुरक्षित भई बाँच्ने अधिकार पाउँदैनन् । तबसम्म महिला विकासका लागि गरिने सशक्तीकरणका कार्यक्रम सफल हुन सक्दैन । यसका लागि नागरिक समाजका बुद्धिजीवीहरूले रमितेको हैन, उद्धारकर्ताको भूमिका निर्वाह गर्नुपर्दछ ।

❐

धर्मलाई रूपान्तरण गरौं

धर्मको अर्थ परोपकार हो तर आज यसको अर्थ सङ्कुचित हुँदै गएको छ । परापूर्वकालदेखि मानिसले आ-आफ्ना धर्मप्रति अगाध आस्था राख्दै आएका छन् । धर्मप्रति बढी आस्था राख्नेहरूमा पुरुषभन्दा महिलाको संख्या बढी देखिन्छ । त्यसो त पुरुषहरू पनि पूजापाठ नगर्ने होइनन् तर उनीहरू महिलाजस्तो मन्दिर जाने र तीर्थ व्रत गर्ने गर्दैनन् । जसरी नेपाली राजनीतिमा पुरुषहरूको वर्चस्व कायम रही आएको छ, त्यसरी नै नेपाली महिलाहरूले धार्मिक क्षेत्रमा आफ्नो वर्चस्व कायम राख्दै आएका छन् । यसरी हाम्रो धार्मिक संस्कार महिलाहरूले जोगाइराखेका छन् । तीर्थ-व्रत गर्नेदेखि लिएर ठूलठूला धार्मिक प्रवचन कार्यक्रममा महिलाहरूको राम्रो उपस्थिति देख्न सकिन्छ । त्यस्ता कार्यक्रममा उनीहरू भ्याई नभ्याई घण्टौं लगाएर प्रवचन सुन्ने गर्दछन् । यसरी धर्मप्रति अत्यधिक आस्था राख्ने महिलाहरू सामाजिक भेलामा भने त्यति चासो राख्दैनन् । यस्ता महिलाहरू सामाजिक कार्यमा समय र अर्थ खर्चिनुभन्दा आफूलाई धार्मिक कहलाउन बढी रुचाउँछन् । धर्मका नाउँमा हजारौं रूपैयाँ र समय खर्च गर्ने महिलाहरूको सामाजिक क्रियाशीलता प्रायः शून्य हुन्छ । यस्ता महिलाहरूले गर्दा आज क्रियाशील महिलाहरूको अस्तित्वसमेत ओझेलमा परेको छ । मानव र समाजको सेवा गर्नु धर्मको मूल सिद्धान्त हो, जसलाई हाम्रा धर्मगुरुहरूले समेत भक्तजनहरूलाई बुझाउन सकेका छैनन् । मानव र समाजको सेवा गर्न न त कुनै आडम्बर चाहिन्छ, न जजमानहरूलाई खुसी पार्न दान दक्षिणा नै । आजको धर्म मानिसको सामाजिक प्रतिष्ठासँग जोडिएको छ ।

हुने खानेले गर्ने पूजापाठ तीर्थ-व्रत र गरिब दुःखीले गर्ने पूजापाठमा आकाश पातालको फरक पाइन्छ । हुने-खानेहरूको सामान्य पूजापाठ र व्रत पनि आडम्बरयुक्त देखिन्छ जुन तीजको व्रतमा प्रायः देखिन्छ । श्रीमान्को दीर्घायुका लागि राखिने तीजको

व्रत आज हुनेखाने महिलाहरूको सामाजिक शान देखाउने दिवस बनेको छ । वर्षौंदेखि पूजापाठ र प्रवचनमा आफ्नो उत्पादनशील उमेर र अर्थ खर्चेका महिलाहरू आज धर्मका नाममा ठगिएका छन् । धर्ममा निर्लिप्त भई कार्य गर्न बिर्सेका यस्ता महिलाहरू हिजो परजीवी जीवन बिताउन बाध्य थिए, आज पनि परजीवी छन् । असहायलाई देख्दा नाक खुम्च्याउने प्रवृत्तिका सम्पन्न महिलाहरूको धार्मिक आस्था देखावटी बन्दै गएको छ । धर्मकै नाममा महिलाले जति उमेर र अर्थ खर्च गरे त्यसको केही अंश मानव र समाजका लागि खर्चेको भए आज महिलाहरूको सामाजिक पहिचान बेग्लै हुन्थ्यो । यसको अनुभूति उनीहरूले आज पनि गर्न सकेका छैनन् । परिवार र धर्मका लागि आफ्नो उमेर खर्चेका महिलाहरू कोही आफ्नै परिवारमा अपहेलित जीवन बिताउन बाध्यछन्, कोही बृद्धाश्रमको शरण लिन पुगेका छन् । यस्ता महिलाहरूका सन्तानलाई न समाज चाहिएको छ न बृद्ध आमाबाबु नै । यस्ताका सन्तानहरू आज असामाजिक बन्दैछन् । आत्मसन्तुष्टिका लागिमात्र धर्म गर्ने महिलाहरू आज सामाजिक क्रियाकलापबाट समेत अलग्गिएका छन् ।

यो हाम्रो लागि दुर्भाग्यको कुरा हो, हाम्रो धार्मिक संस्कारले हामीलाई सामाजिक हुन सिकाएन । धार्मिक आस्थाले हामीमा सामाजिक चेतनाको विकास गराउन सके आफूले गरेको धर्म सार्थक हुन्छ । धर्मले हिजो अशिक्षित महिलाहरूलाई कर्म गर्नबाट बञ्चित गरायो भने आज शिक्षित महिलाहरूसमेत कर्म गर्न बिर्सदैछन् । हिजो आफूलाई सामाजिक कार्यबाट अलग्याउने महिलाहरूका छोरीबुहारी पनि आज बाँचुञ्जेल सुख-सयलमा जीवन बिताउन पाउँ भनी भगवान्सँग कामना गर्दैछन् । यस्ता महिलाहरूले मानव जीवनको अनुभूतिसम्म गर्न सकेका छैनन् । धर्ममा बढी आस्था राख्ने निस्क्रिय महिलाहरूको दिनचर्या आज थुप्रै सामाजिक समस्याको कारण बन्दैछ । हिजो श्रीमान्का पालामा सुख-सयलको कामना गर्दै धर्म गर्ने महिलाहरू आज छोराले दुःख देला कि भनेर पूजापाठ गर्दैछन् ।

धर्मलाई पूजापाठ र तीर्थ-व्रतमा मात्रै सीमित राखिनुहुँदैन । बहुजनहितायका लागि गरिने धर्मले मानवको मात्र हैन, सामाजिक उत्थानमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्तछ हिजो अशिक्षाले गर्दा महिला भक्तजनहरूलाई मानव कल्याणकारी कार्य गर्नबाट विमुख गरायो । आज सम्पन्न महिलाहरू शिक्षित भएर पनि व्यक्तिगत सुख-सयलका लागिमात्र धर्म गर्दैछन् । बदलिंदो परिवेशमा धर्मको सङ्कुचित अर्थलाई फराकिलो बनाउने बेला आएको छ । वर्षौंदेखि धर्मका निम्ति आफूलाई समर्पित गर्दै आएका जजमान र भक्तजनहरूले धर्मलाई बहुजनहितायका लागि रूपान्तरण गर्न सके बृद्धावस्थामा कसैले पनि पीडित-शोषित भएर बृद्धाश्रमको ढोका ढकढक्याउनु पर्दैन । यसरी धर्मलाई मानव-हितका कार्यमा रूपान्तरण गर्न सके भक्तजनले गरेको पूजापाठले सामाजिक कार्यमा समेत टेवा पुग्ने थियो ।

❐

बलात्कृत महिलाका व्यथा

सविता (नाम परिवर्तन गरिएको) गत दुई महिनादेखि मुत्राशयसम्बन्धी रोगबाट पीडित छन् । यसरी दुई महिना बितिसक्दा पनि श्रीमान्ले वास्ता नगरेपछि आमाले नै उनको उपचार गरिदिइन् । चिकित्सकहरूले उनको औषधोपचार गरिदिएनन् । उनीहरूले औषधोपचार गरुन्जेल श्रीमान्सँग उठबस गर्न परहेज गराए । यसले गर्दा सविताका श्रीमान् अचेल स-साना कुरामा रिसाउँछन् । त्यतिमात्र हैन, स-साना निहुँमा श्रीमान्ले उनलाई मरणासन्न हुने गरी कुट्नेसमेत गर्दछन् । 'जो चोर उसैको ठूलो स्वर' भनेजस्तै सविताका श्रीमान्ले उनलाई छोडपत्र गर्छु भन्दै धम्क्याउन पनि थालेका छन् । उनी भने आफू श्रीमान्बाट बारम्बार बलात्कृत भएकै कारण मुत्राशयसम्बन्धी रोग लागेको कुरा बताउँछिन् । त्यतिमात्र हैन, आफ्नो ८ वर्षीय छोरालाई समेत आफूबिरुद्ध श्रीमान्ले उक्साउन थालेको कुरा उनी गर्छिन । श्रीमान्को यस्ता अमानवीय व्यवहारबाट पीडित हुँदा पनि उनी छोड्पत्र भने गर्न चाहँदिनन् ।

आज श्रीमान्बाट यसरी बलात्कृत भई रोगग्रस्त हुनेहरूमा सवितामात्र हैनन्, उनीजस्ता थुप्रै महिला छन्, जसले वर्षौंदेखि श्रीमान्का यस्ता अमानवीय व्यवहारहरू सहँदै आएका छन् । यस्ता घटना संचारमाध्यमहरूमा त्यति नआए पनि श्रीमतीलाई पशुवत् व्यवहार गर्ने श्रीमानहरू हाम्रो समाजमा थुप्रै भेटिन्छन्, जसलाई न समाजले सजाय दिन सकेको छ, न कानुनले । यस्ता पीडा निम्नवर्गीय निरक्षर गृहणीले मात्र हैन, सहरका साक्षर महिलाहरूले समेत भोग्दै आएका छन् । एकातिर गाँस, बाँस, कपास र छोराछोरीका मायाबाट बञ्चित हुने भयले सविताजस्ता साक्षर गृहिणीहरू श्रीमानसँग छोडपत्र गर्न चाहँदैनन् । अर्कोतिर यस्ता बलात्कृत महिलाहरूको सुनुवाइ हुने ठाउँ पनि छैन । यसले

गर्दा पीडित महिलाहरूका समस्याले आज थुप्रै सामाजिक समस्या निम्त्याउँदैछ ।

विकसित मुलुकहरूमा श्रीमतीको मन्जुरीबिना लोग्नेले गरेको यौन सम्पर्कलाई बलात्कार मानिन्छ, तर हाम्रो देशमा यस्ता विषयमा कानुनी प्रक्रियाहरू निष्क्रिय छन् । महिलाविरुद्ध हुने हिंसामध्ये श्रीमान्बाट हुने बलात्कार एउटा घरेलु हिंसाभित्र पर्ने यातना हो, तर कानुन र समाजले यसलाई हिंसा मानेका छैनन् । कानुन र समाजले यसलाई गम्भीरताका साथ नलिएका कारण अमानवीय व्यवहार गर्ने पुरुषहरूको संख्या बढ्दो छ । कतिपय अवस्थामा पतिको यौन दुर्व्यवहारबाट पत्नीहरू आत्महत्या गर्न विवश भएका घटना पनि भएका छन् ।

यस्तै घटना ४ वर्षअघि विराटनगरमा भएको थियो । तीन छोराछोरीकी आमाले आफ्ना जड्याहा श्रीमान्को यौन दुर्व्यवहारबाट मुक्ति पाउन आत्महत्या गरिन् श्रीमान्कै कारण महिलाहरूले यसरी आत्महत्या गरे पनि सबुत प्रमाणको अभावमा श्रीमान्हरू सजिलै छुट्ने गर्छन् ।

श्रीमान्बाट प्रताडित भई आत्महत्या गर्ने महिलाहरू निजी कुरा सबैलाई भन्दैनन् । जसले गर्दा यस्ता श्रीमान्लाई प्रहरीले कारबाही गर्ने आधार पनि रहँदैन । विवाहलाई यौन सुख प्राप्त गर्ने माध्यममात्र सम्झने पुरुषका अमानवीय व्यवहार महिलाका लागि असह्य बन्दैछ । पुरुषका यस्ता अमानवीय व्यवहारले महिलावर्गको आत्मसम्मानमा ठूलो चोट पुऱ्याएको छ । श्रीमान्का यस्ता यौन दुर्व्यवहारको प्रतिकार गर्दा महिलाले सहनुपरेका शारीरिक र मानसिक यातनालाई हाम्रा पुरुष कानुनविद्हरूले समेत महसुस गर्न सकेका छैनन् । यस्ता विषयहरू संवेदनशील नभएका कारण पनि वर्तमान कानुनले महिलालाई ठगेको छ । वर्तमान कानुनी व्यवस्थाले श्रीमान्लाई माथिल्लो र श्रीमतीलाई दोस्रो दर्जाको देखाउन खोजेको छ । यस्ता भेदभावपूर्ण कानुनी व्यवस्थाले गर्दा नै महिलाहरू अन्यायमा परेका हुन् ।

विगत केही वर्षदेखि बलात्कृत बालिका तथा अविवाहित महिलाका बारेमा संचारमाध्यमहरूले दिनहुँजस्तो समाचार सम्प्रेषण गर्दै आएका छन्, तर विवाहित बलात्कृत महिलाका बारेमा कानुनजस्तै संचार पनि मौन छ । यसो हुनुमा पनि हाम्रो सामाजिक संस्कार र कानुन नै बाधक बनेका छन्, जहाँ महिलाहरू आफू समाजबाट तिरस्कृत हुने र कानुनले पनि सहयोग नगर्ने हुनाले आफ्नो कर्मलाई दोष दिँदै अन्याय सहन बाध्य छन् । हाल केही पत्रपत्रिकाले यसबारे समाचार, लेखहरू छाप्न थालेका छन्, जस्तै- 'लोग्नेद्वारा जबर्जस्ती यौन सम्पर्क बलात्कृत हो कि होइन ?' भन्ने शीर्षकको समाचार कान्तिपुर दैनिकले माघ १६ गते छापेको थियो । सो समाचारअनुसार अधिवक्ता मीरा ढुंगानाले गत साउन १६ गते 'के श्रीमतीको मन्जुरीबिना लोग्नेले गरेको यौन सम्पर्कलाई बलात्कार मानिन्छ ? मान्नुपर्छ' भन्ने रिट सर्वोच्चमा दायर गरेकी छन् । यसबारे सर्वोच्चले फागुन ६ गते निर्णय दिने भएको छ । यो अहिलेको समसामयिक विषय हो । अब हेर्नु छ समाधान कसरी होला ?

❐

बालिकाको लागि लगानी आवश्यक

पूर्वाधारबिनाका विकास कार्य दीर्घकालीन हुँदैनन्, चाहे त्यो भौतिक विकास होस् चाहे सामाजिक । हाम्रो देशको विकासक्रमलाई हेर्ने हो भने पूर्वाधारबिना थालिएका कार्यक्रमहरू प्रशस्तै भेटिन्छन् जसले निरन्तरता पाउन सकेनन् । महिला विकास कार्यक्रमले पनि यही नियति भोगिरहेको छ । प्रजातन्त्रको १२ वर्षलाई महिलाको वर्तमान अवस्थाले पनि प्रतिविम्बित गर्दछ । जहाँ कागजी कारबाही त धेरै भए तर कार्यान्वयन केही पनि भएनन् । सामाजिक विकास अन्तर्गत पर्ने महिला विकासका यस्ता थुप्रै कार्यक्रमहरू तुहिए । भएका कार्यक्रम पनि लक्षित वर्गसम्म पुग्न सकेनन् । यद्यपि महिला विकास र महिला सशक्तीकरणको नाउँमा आज पनि ठूलाठूला कार्यक्रम भइरहेका छन् । दीर्घकालीनरूपले सोच्ने हो भने महिलाहरूको विकास कार्यक्रम सुरु गर्दा बालिकालाई बिर्सन नमिल्ने हो । आजका बालिका नै भोलिका महिला हुने हुँदा राज्यले बालिकालाई सशक्त बनाउन विशेष कार्यक्रम ल्याउनु पर्ने देखिन्छ ।

सन् ७० को दशकमा भारतका तत्कालीन प्रधानमन्त्री श्रीमती इन्दिरा गान्धीले बालिकालाई सशक्त बनाउन विशेष कार्यक्रम संचालन गरेकी थिइन् । जस अन्तर्गत प्राथमिक तहका बालिकालाई निःशुल्क शिक्षा, कपडा र छात्रवृत्ति प्रदान गर्ने र सबैका लागि खाजा राज्यको तर्फबाट वितरण गरिन्थ्यो । आफ्नो शासनकालमा श्रीमती गान्धीले धेरै वर्ष यस्ता कार्यक्रमहरू संचालन गरिन्, जसले गर्दा आज दक्षिण एशियामा भारतीय महिलाहरूको अवस्था तुलनात्मकरूपमा राम्रो छ । यसरी महिला विकासको पूर्वाधार तयार गर्दा बालिका शिक्षामा राज्य स्वयं संवेदनशील हुनुपर्छ । बालिकाहरू शिक्षित हुन सके त्यहाँ सामाजिक चेतनाको विकास हुन्छ । सामाजिक चेतनाको विकास हुनु भनेको दक्ष जनशक्ति उत्पादन हुनु हो । बालिका शिक्षामा राज्यले गरेको लगानीले सामाजिक

विकासकार्यमा दीर्घकालीन फाइदा पुऱ्याउँछ, जुन पुस्तौंसम्म रहन्छ । शिक्षित महिलाको परिवार सानो हुने हुँदा यसले बालमृत्युदर, मातृमृत्युदर निश्चय नै घटाउँछ ।

विकसित राष्ट्रहरूले बालमृत्युदर र मातृमृत्युदरलाई गरिबी हटाउने मापदण्डको रूपमा लिएका हुन्छन् । हाम्रोजस्तो मुलुकमा एक लाख जीवित बच्चा जन्माउँदा पाँच सय ३९ महिलाको मृत्यु हुने गर्दछ । साथै त्यसको करिब १५ गुणाभन्दा बढी महिलाहरूमा गर्भकै समस्याले विभिन्न अशक्तताहरू देखा पर्ने गर्दछन् ।

अशिक्षा र गरिबीका कारणले गर्दा पनि हाम्रो देशमा मातृमृत्युदरमा कमी आउन सकेको छैन । यसले महिला विकासका कार्यक्रमलाई प्रत्येक्ष असर पुऱ्याएको छ । यिनै कारणहरूले गर्दा महिला विकासका कार्यक्रमले उपलब्धि हासिल गर्न सकेको छैन । यसमा हाम्रो पुरातन मानसिकता र सामाजिक संस्कारहरू पनि उत्तिकै दोषी छन्, जसलाई हामी प्रत्यक्ष वा परोक्षरूपमा सघाउ पुऱ्याइरहेका छौं ।

कतिपय अवस्थामा छोरा जन्माउने आशमा पनि यहाँ थुप्रै छोरी जन्माइन्छन् । यसबीच जन्मिने छोरीहरू आज पनि भेद्भावपूर्ण वातावरणमा हुर्किरहेका छन् । यस्तो वातावरणमा हुर्केका छोरीहरूले आफूलाई सशक्त बनाउने काम स्वाभाविकरूपले जटिल बन्दछ ।

थुप्रै छोरी जन्माउने अभिभावकहरूमध्ये केही नीतिनिर्माणका तहमा पनि पुगेका छन् । तर, हिजोको आफ्नो गल्तीलाई महसुस गरी बालिका शिक्षाका लागि आज विशेष कार्यक्रम ल्याउनु पर्ने सोचसमेत बनाउन सकेका छैनन् । उनीहरूका यस्ता गैरजिम्मेवारीपूर्ण व्यवहारले संचालनमा रहेका कार्यक्रमसमेत सफल हुन सकेका छैनन् ।

विगत केही वर्षदेखि युनिसेफले महिला सशक्तीकरण कार्यक्रमको पूर्वाधार तयार गर्न १७ वटा विकासशील देशहरूमा महिला शिक्षा कार्यक्रम लागू गर्दै आएको छ, जसअन्तर्गत युनिसेफको सहयोगमा क्यानेडियन र नर्वेजियन सरकारहरूको आर्थिक सहयोगमा अफ्रिकामा बालिका शिक्षा कार्यक्रम संचालन भएका छन् ।

यसलाई अझ प्रभावकारी बनाउन त्यहाँका महिला शिक्षाविद्हरू लागिपरेका छन् । उनीहरूले बालिका शिक्षालाई सफल पार्न शैक्षिक आन्दोलनका रूपमा अघि बढाएका छन् । यसका लागि उनीहरूले फोरम फर अफ्रिकन ओमन एजुकेसनिस्ट (महिला शिक्षाविद्हरूको मञ्च) को स्थापना गरेका छन् ।

बालिकाहरूलाई शिक्षा मात्र दिएर पुग्दैनन् । उनीहरूलाई हरेक क्षेत्रमा राज्यले अवसर दिँदै जानुपर्दछ भन्ने शिक्षाविद्हरूको धारणा रहेको छ । अफ्रिकामा जस्तै नेपालमा पनि राज्यसँगसँगै शिक्षाविद्हरू संवेदनशील हुन सके महिला विकासका थुप्रै पूर्वाधार तयार हुन सक्ने सम्भावना देखिन्छ । युनिसेफले विगत चार दशकदेखि नेपालको सामाजिक विकासमा महत्वपूर्ण योगदान दिँदै आएको छ ।

अफ्रिकामा जस्तै शिक्षाको क्षेत्रमा युनिसेफले थप योगदान पुऱ्याई नेपाली शिक्षाविद्हरूलाई महिला शिक्षाको महत्व बुझाउन सके महिला विकासका पूर्वाधार तयार हुन नेपालले पनि धेरै वर्ष कुर्नु पर्दैन ।

❐

बलात्कारी श्रीमान् र हाम्रो समाज

श्रीमती महतोलाई रात पर्दै गएपछि डर लाग्ने गर्छ । श्रीमान्को कुबेला जाग्ने यौन इच्छालाई पूरा गर्न उनी संधै तयार बस्नुपर्छ । कहिलेकाही अनिच्छा प्रकट गर्दा उनले कुटाइसमेत खानुपर्छ । श्रीमती महतो पढेलेखेकी गृहिणी भएपनि अपाङ छोरीका कारण विगत ७-८ वर्षदेखि उनले श्रीमान्का यस्ता अमानवीय व्यवहार सहँदै आएकी छन् । त्यसैगरी श्रीमती घिमिरे विगत केही वर्षदेखि मूत्राशयसम्बन्धी रोगबाट ग्रसित छिन् । श्रीमान्को यौनप्रतिको अति चाहनालाई पूरा गर्दागर्दै उनी आफू यसरी रोगग्रस्त हुनुपरेको कुरा बताउँछिन् । चिकित्सकले उनलाई औषधि सेवन गरुन्जेल यौन सम्बन्ध नराख्न सल्लाह दिएका थिए । यस बीच श्रीमान्को यौन चाहना पूरा गर्न नसकेका कारण उनले मानसिकमात्र होइन, शारीरिक यातनासमेत भोग्नुपऱ्यो । लाचार भई केही महिना माइत गएर बसेपछि आज उनको रोग केही कम भएको छ ।

यस्तै एकजना नाम बताउन नचाहने शिक्षिका आफूले पूर्व श्रीमान्को यौन दुर्व्यव्यवहार असह्य भएपछि माइतको शरण लिनुपरेको बताउँछिन् । यौन दुराचारी श्रीमान्को अत्याचारबाट तीन वर्षीया छोरी र आफूले मुक्ति पाउन उनले ठूलो संघर्ष गर्नुपऱ्यो ।

यी घटनाचक्र कुनै काल्पनिक कथाको नभई पुरुषप्रधान समाजमा महिलाहरूले वर्षौंदेखि भोग्दै आएको वास्तविक जीवनको यथार्थ हो । जहाँ महिलाहरू विवाहको पवित्र बन्धनलाई जोगाइराख्न पुरुषका हरेक अत्याचार सहँदै आएका छन् । हिन्दू धर्मले विवाहलाई पवित्र बन्धन मानेको छ । तर यसको मूल्य र मान्यता बलात्कारी श्रीमान्हरूले बिर्सदै गएका छन् । परिणामस्वरूप बन्द कोठाका तिक्ततापूर्ण व्यवहारबाट सिर्जित घटना

आज सार्वजनिक चासोका विषय बन्दैछन् । श्रीमतीलाई भोगविलासको साधनमात्र मान्ने श्रीमान्का अमानवीय व्यवहारहरू परिवार विखण्डनका कारणसमेत बन्दैछन् । आफ्नो निजी स्वार्थ पूरा गर्न श्रीमतीलाई जवर्जस्ती करणी गर्ने श्रीमान्हरूलाई हालै सर्वोच्चले कानुनी सजायको भागिदार बनाएको छ । यसले पीडित महिलाहरूलाई थोरै भए पनि राहत दिलाएको छ । यद्यपि कतिपय पुरुष कानुनविद्हरूले सर्वोच्चको फैसला नेपाली समाज सुहाउँदो नभएको भनी टिप्पणी गर्दै आएका छन् । जुन समयसापेक्ष देखिँदैन । वैवाहिक बलात्कारसम्बन्धी नेपाली समाज सुहाउँदो कस्तो कानुन हुनुपर्ने हो ? त्यसबारे टिप्पणीकर्ताहरूले प्रष्ट्याएको पाइँदैन् । आफूलाई आधुनिक भन्न रुचाउने तर पुरातन मानसिकताले ग्रसित टिप्पणीकर्ताहरूले आजसम्म बलात्कृत महिलाको पीडालाई आत्मासात गर्न सकेका छैनन् । उक्त फैसलाले यस्ता वर्गमा थोरै भए पनि हलचल मच्चाएको छ । उनीहरूका यस्ता अभिव्यक्तिले बलात्कारी श्रीमान्हरूलाई संरक्षण दिरहेको भान हुन्छ । बलात्कृत श्रीमतीहरूले न्याय पाउँदा सामाजिक संरचना बिग्रन सक्छ भन्ने पूर्वाग्रहसहितका यस्ता अभिव्यक्तिले नेपाली समाजलाई अलमल्याउन खोजेको देखिन्छ । यस्ता विरोधाभाषयुक्त विचार व्यक्त गर्नेहरूभन्दा वरिष्ठ लेखक तथा स्तम्भकारहरूले सर्वोच्चको फैसलालाई स्वागत गरेका छन् ।

उनीहरूका यस्ता विरोधाभाषपूर्ण अभिव्यक्तिले एकातिर बलात्कारी श्रीमान्हरूको मनोबल बढाउँछ भने अर्कातिर बलात्कृत श्रीमतीहरूका पीडालाई समाजले कहिल्यै पनि महसुस गर्न सक्दैन । कतिपय अवस्थामा महिलाहरू यस्ता श्रीमान्का दुर्व्यवहारबाट मुक्ति पाउन आत्महत्या गर्नसमेत पछि पर्दैनन् । कहिलेकाहीं स्थिति सम्बन्ध विच्छेदसम्म पुग्छ । दुई वर्षअघि हिमाल पाक्षिकले सम्बन्ध विच्छेद सम्बन्धी गरेको एउटा सर्वेक्षणअनुसार अदालत र समाजमा प्रष्ट नभनिए पनि यौन सम्बन्धी कारणहरू सम्बन्ध विच्छेदको निकै दह्रो कारण बन्ने गरेको अनुभव सम्बद्ध वकिलहले गरेका छन् । त्यसैगरी 'जेन्डर एन्ड जजेज' (सन् १९९९) नामक एउटा अनुसन्धान प्रतिवेदनले बलात्कृत महिलाका सम्बन्धमा हाम्रा न्यायमूर्तिहरूका धारणालाई प्रष्ट पार्ने प्रयत्न गरको छ । यस अनुसन्धान प्रतिवेदनमा ३ प्रतिशत न्यायाधीशले लोग्नेले स्वास्नीलाई बलात्कार गर्न सक्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

महिला र महिलाको यौनिकता सम्बन्धी विषयलाई महत्व नदिने नेपाली समाजलाई सर्वोच्चको फैसलाले सोच्न बाध्य तुल्याएको छ । महिलाको यौनिकतासंग उसको आत्मसम्मान र वैयक्तिक स्वतन्त्रता जोडिएको हुन्छ भन्ने सवेदनशील पक्षलाई नेपाली समाजले सतही रूपमा हेरेको पाइन्छ । त्यसैले पीडित महिलाहरूले वैवाहिक बलात्कार जस्तो पीडालाई वर्षौंदेखि कर्मलाई दोष दिई सहँदै आएका छन् । यद्यपि महिला बिरुद्ध हुने अनेक प्रकारका हिंसामध्ये बलात्कार अत्यन्त संवेदनशील हिंसा हो । महिलाबिरुद्ध हिंसा उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र सन् १९९३ ले समेत यसलाई महिलाबिरुद्ध हुने हिंसा मानेको छ । महिलाको यौन शुद्धता र सतित्वलाई अत्यन्त महत्व

दिने हाम्रोजस्तो समाजमा वैवाहिक बलात्कारसम्बन्धी चर्चा परिचर्चा गर्नु वाहियात ठानिन्छ । यसले गर्दा समाजले बलात्कारसम्बन्धी अपराधलाई अनुचित यौन कार्यका रूपमा लिए पनि सामाजिक अपराधको रूपमा सहँजै लिएको देखिदैन ।

एउटा पुरुषले खान लाउन र संरक्षण दिएकै भरमा श्रीमतीहरूलाई आफ्नो इच्छापूर्तिको साधन बनाउने कुरालाई नेपाली समाजले कहिलेसम्म स्वीकार गरिरहने ? यस्ता पुरुषका अमानवीय व्यवहार परिवार र समाजका लागि मात्र होइन, राष्ट्रकै लागि अशोभनीय हुने कुरा सबैले बुझ्नु जरुरी छ । जुन घरपरिवर र समाजमा महिलाको आत्मसम्मानको रक्षा हुँदैन, त्यहाँ सुख र शान्तिले बास गर्न सक्दैन । यस्तै घरपरिवारमा बलात्कारी छोराहरूको जन्म हुन्छ । यस्ता छोराहरू आफ्नो बाबुका अमानवीय व्यवहारका संवाहक बन्ने गर्छन् । त्यतिमात्र होइन, यस्ता घरपरिवार थुप्रै सामाजिक समस्याका कारणसमेत बन्छन् भने यस्ता परिवार महिला र बालबालिकाका लागि असुरक्षित बन्दै जान्छन् ।

मानवीय कारणबाट सिर्जित थुप्रै सामाजिक समस्यामध्ये वैवाहिक बलात्कार पनि एक हो । यससम्बन्धी सर्वोच्चले गरेको फैसलालाई कार्यान्वयन गर्न सरकारलाई सहयोग पुऱ्याउनको साटो स्वयं कानुनविद्हरूमा मतमतान्तर देखिनु सम्पूर्ण नेपाली महिलाको दुर्भाग्य हो । टिप्पणीकर्ताहरूले विगतमा महिलाले भोगेका र वर्तमानमा भोग्दै आएका बलात्कारका पीडालाई आत्मासात गर्न नसके पनि भविष्यमा छोरी-बुहारी बलात्कृत हुनसक्ने छन् नेपाली समाज सुहाउदो कानुन बनाउन सरकारलाई थप सहयोग पुऱ्याउन सके नेपाली महिला पनि बलात्कारको पीडाबाट चाडै मुक्ति हुनसक्छ । यसका लागि नागरिक समाजका बुद्धिजीवी र कानुन व्यवसायीहरूले बलात्कृत महिलाको पीडालाई आत्मासात गर्नु जरुरी छ ।

❐

सञ्चार क्षेत्रमा महिला सहभागिता न्यून

"दिदी ! पत्रपत्रिका पढ्ने गर्नु भा'छ ?"
"अहँ पढ्दिन, श्रीमान् र छोराले पढिहाल्छन् नि !"
"उनीहरूले मात्र पढेर हुन्छ र !"
"हामी आइमाईले पढेर के गर्ने ।"

यो संवाद एकजना पढेलेखेकी महिला जनप्रतिनिधि र यस पंक्तिकारबीच भएको हो, जुन संवादले सूचना र संचारमाथि महिला जनसमुदायको पहुँच कतिको रहेछ भन्ने यथार्थलाई प्रस्ट्याउँछ । एउटा जनप्रतिनिधि भइसकेकी महिलाले पत्रपत्रिका पढ्दिन भने आम महिलाको के कुरा गर्ने ? यसरी पढेलेखेका जनप्रतिनिधि महिलाको मात्र होइन कामकाजी महिलाहरूको रूचिभित्र पनि पत्रपत्रिका पर्दैन । उनीहरू फूर्सदको बेला पत्रपत्रिका पढ्नुभन्दा अनुत्पादक काममा बढी व्यस्त हुने गर्दछन् । यस्तै महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसकी सहायक प्राध्यापक अन्जना पोखेल पनि कान्तिपुर दैनिकबाहेक अन्य कुनै पनि पत्रपत्रिका पढ्न रूचाउनुहुन्न । त्यसमाथि सामाजिकभन्दा राजनीतिक समाचारहरू नै बढी छापिने गरेकाले पनि अन्य पत्रपत्रिका पढ्न दिक्क लाग्ने कुरा श्रीमती पोखेल थप्नुहुन्छ । यसरी पत्रपत्रिका पढ्ने विषयमा मात्र नभई सूचना र संचारसँग जोडिएका थुप्रै महत्वपूर्ण कुरामा पनि महिलाहरू अनभिज्ञ छन् । लामो समयसम्म शिक्षण पेसामा जीवन बिताएकी एक पूर्व शिक्षिका आफूलाई पत्रिकामा लेख्दा पारिश्रमिक पाउने बारेसम्म थाहा नभएको बताउनुहुन्छ । त्यस्तै एस.एल.सी. सम्म अध्ययन गरेकी गृहिणी अञ्जु चौरसिया पनि पारिश्रमिकबारे थाहा नभएको कुरा बताउँछिन् । हाम्रा समाजमा यस्ता महिलाहरू थुप्रै भेटिन्छन्, जसलाई पत्रकारिता गरेर पनि जीविकोपार्जन गर्न

सकिन्छ भन्ने थाहा छैन । अरु पेसाजस्तै पत्रकारिता पनि एउटा पेसा हो भन्ने जानकारीबाट एक्काइसौं शताब्दीका अधिकांश नेपाली महिलाहरू आज पनि अनभिज्ञ रहनु एउटा दुःखलाग्दो कुरा हो ।

यसमा महिलालाई मात्र दोष दिन मिल्दैन । हाम्रो सामाजिक परिवेश र परम्परागत सोच पनि उत्तिकै दोषी छन् । जसले गर्दा वर्षौंदेखि महिलाको रूचि र छविमा परिवर्तन आउन सकेको छैन । यसले गर्दा सञ्चार जगतमा महिलाको सहभागिता कम देखिन्छ । सञ्चारमाध्यमहरूले अझै पनि महिलालाई पुरातन शैलीमा प्रस्तुत गर्ने गरेको र बिरलैरूपमा निर्णयकर्ता, व्यवसायी, विशेषज्ञ, अधिकारी, महिला पुरूष समान साझेदार हुन् र उनीहरू घर तथा परिवारको मामिलामा बराबर हिस्सेदार हुन् भन्ने कुरा स्वीकार गरेको देखिन्छ ।

प्रजातन्त्रपश्चात् हाम्रो देशमा अरु क्षेत्रमाभन्दा सूचना र सञ्चारको क्षेत्रमा क्रान्तिकारी परिवर्तन आएको छ । तर, महिलाहरूमा यसको समानुपातिक वितरण भएको पाइँदैन । सूचना र सञ्चारले पनि मानिसलाई सशक्त बनाउँछ भन्ने कुरा महिलाको हकमा व्यवहारिक देखिँदैन । महिलाको सामाजिक र आर्थिक स्तर उकास्न सञ्चारले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ भन्ने कुराबाट महिलाहरू स्वयं अनभिज्ञ छन् ।

विकसित मुलुकहरूको कुरा गर्ने हो भने त्यहाँ सूचना र सञ्चारमाथि सबै वर्ग र जातको समान पहुँच छ । त्यहाँ सूचना र सञ्चार पनि मानिसको आधारभूत आवश्यकताभित्र पर्दछ । तर, हाम्रोजस्तो विकासोन्मुख देशमा सूचना र सञ्चारमाथि सीमित वर्ग र जातकोमात्र पहुँच छ । जुन वर्ग र जातले अन्य वर्गलाई आफूले पाएको सूचना र सञ्चार प्रवाह गर्ने गरेको पाइँदैन् । नेपाली प्रेस जगत्मा अझै पनि लैङ्गिक संवेदनशीलताको अभाव छ । जसले गर्दा महिलालाई सञ्चार साधनमा नकारात्मक रूपमा प्रस्तुत गर्ने र स्तर घटाउने कार्य जारी छ । यसका साथसाथै सञ्चार माध्यमहरूले पनि महिलासम्बन्धी सकारात्मक समाचारलाई प्राथमिकता नदिने गरेको र महत्वपूर्ण नठान्ने प्रवृत्ति अझै हाबी छ । यसले गर्दा पनि महिला लेखक, पत्रकार र पाठकको संख्यामा बृद्धि हुनसकेको छैन । सञ्चार क्षेत्रमा काम गर्ने महिला (सरकारी तथा नीजि क्षेत्रमा) हरूको संख्या करिब १२ प्रतिशतमात्र रहेको छ । (स्रोतः राष्ट्रिय कार्ययोजना २०५४) अझ भन्ने हो भने सञ्चार क्षेत्रमा काम गर्ने महिलामध्ये अधिकांशले तल्लो दर्जाको सानोतिनो काममात्र पाएका छन् र संचारको मूल प्रवाहको काम पाएका छैनन् । यसो हुनुमा संचारसँग सम्बन्धित थैरै संगठनहरूमा महिला पत्रकारलाई राख्ने स्पष्ट नीति नहुनु पनि एक कारण हो । बेइजिङ सम्मेलनपश्चात् महिलालाई संचारको क्षेत्रमा स्थान दिने अभियानको थालनी भएको छ । सकारात्मक तथा खोजमूलक प्रतिवेदनहरू देखा पर्न थालेका छन् । यद्यपि यिनको संख्या अत्यन्त कम छ । संचार माध्यमहरूमा महिला छवि बिगार्न नहुने आचारसंहिता लागू भएता पनि वास्तविकतामा त्यसको विपरीत भएको

छ । महिलाका विषयमा संचार माध्यमहरूले स्थान दिने कुरामा बृद्धि गरे तापनि महिलाको वास्तविक समस्या उजागर गर्न अनुसन्धानात्मक कार्य हुनसकेको छैन । महिलासम्बन्धी सकारात्मकभन्दा अतिरञ्जित समाचारहरूले बढी ठाउँ ओगट्ने गरेको देखिन्छ ।

बेइजिङ प्रतिबद्धतालाई कार्यान्वयन गर्न सरकारले केही संचारकर्मीहरूलाई लैङ्गिक संवेदनशीलतासम्बन्धी प्रशिक्षण दिए तापनि स्पष्ट नीतिको अभावमा सोचेअनुरूप सुधार भएको देखिदैन् । संचार नीतिको समीक्षा गरी सूचनाको हकसम्बन्धी विधेयक बनाउँदा लैङ्गिक दृष्टिकोण अपनाउने भनी सरकारले प्रतिबद्धता जाहेर गरे पनि कार्यान्वयन भने हुनसकेको छैन । समाचार प्रतिवेदन र लेखमामात्र सीमित रहेको महिलासम्बन्धी सवालहरू हाल सामाजिक तथा घरेलु हिंसा, महिला तथा चेलीबेटी बेचबिखन, यौनशोषण विषयहरू संचारका साधनद्वारा प्रकाशमा ल्याउन थालिएको छ ।

यति हुँदा-हुँदै पनि अनुकूल वातावरणको अभावमा दिगो रूपमा संचार क्षेत्रमा महिला सहभागितामा बृद्धि हुनसकेको छैन, जसले गर्दा लैङ्गिक जागरणमा अपेक्षित विकास भएको छैन । पितृसत्तात्मक सामाजिक मूल्य र मान्यतामा हुर्किएका पत्रकारहरूले परिवर्तित अवधारणा अनुरूप महिलाको हकमा संचार पुऱ्याउने कार्य आफैमा चुनौतीपूर्ण भएको छ । यसरी सूचना र संचारको क्षेत्रमा नेपालले जतिसुकै विकास गरे पनि ती विकासमूलक कार्यले महिला समुदायलाई समेट्न अझै वर्षौं लाग्ने देखिन्छ ।

❐

श्रीमान् पाल्ने श्रीमतीहरूको व्यथा

विराटनगर १५ बस्ने सुकुमारी सहनी विहे हुनुअघिदेखि माछा व्यवसायमा लागेकी हुन् । विहेपछि केही वर्षसम्म श्रीमान्ले उनलाई सघाए पनि तर विगत तीन/चार वर्षदेखि श्रीमान्ले उनलाई सघाउन छाडेका छन् । बेरोजगार श्रीमान्को शंकालु व्यवहारले आज उनको परिवार विखण्डनको अवस्थामा पुगेको छ । बुहारीसमेत भित्र्याइसकेकी श्रीमती सहनी आज परिवारकी एकमात्र कमाउने सदस्य हुन् । त्यही पनि उनले दिनहुँजसो जँड्याहा श्रीमान्को कुटाइ र तन्नेरी छोराको खप्की सुन्नुपरेको छ । त्यसैगरी छिमेकी सकुन्तीदेवी सहनी पनि विगत बीस वर्षदेखि तरकारी पसल चलाएर रिक्साचालक श्रीमान् र छोराछोरी पाल्दै आएकी छन् । रिक्साचालक श्रीमान्को मदिरापान गर्ने बानीले गर्दा आफूले तरकारी पसल चलाएर घर परिवार धान्न सुरू गरेको कुरा श्रीमती सहनी बताउँछिन् ।

यसरी काम गरे पनि घरमा खर्च नदिने र बेरोजगार श्रीमान् पाल्नेहरूमा तराईबासी मधेशी महिलामात्र होइन पहाडी महिलाहरू पनि पर्दछन् । विराटनगर-७ बस्ने श्रीमती दुर्गा दाहाल दैनिक ज्यालादारीमा जे काम भेट्टाउँछिन् त्यही काम गर्ने गर्छिन् । गाडीचालक श्रीमान्को काम छुटेपछि विगत केही वर्षदेखि उनले कहिले चिया पोको पार्ने, कहिले गार्मेन्टको काम गर्ने गर्छिन् । त्यति गर्दा पनि दिनभर ड्युलर बस्ने श्रीमान्बाट उनले जस होइन अपजस नै बढी पाउने गरेको कुरा बताउँछिन् ।

निम्नवर्गीय निरक्षर र साक्षर मात्र होइन पढेलेखेका कामकाजी महिलाहरू पनि बेरोजगार श्रीमान् पाल्न बाध्य छन् । सामाजिक प्रतिष्ठाका लागि कतिपय पढेलेखेका कामकाजी महिलाहरू श्रीमान् बेरोजगार भई आफूले पाल्ने गरेको कुरा बाहिर ल्याउन चाहँदैनन् ।

पुरूषप्रधान समाजमा श्रीमान्ले घरपरिवार चलाउने कुरा सामान्य र सहज देखिए पनि श्रीमतीले घरपरिवार चलाउने कुरा असामान्य र असहज देखिन्छ । किनभने श्रीमान्ले घरपरिवार चलाउँदा श्रीमतीहरू कृतज्ञ भई समझदारीपूर्वक श्रीमान्लाई सहयोग गर्ने गर्छन् भने श्रीमतीले घरपरिवार चलाउँदा अधिकांश श्रीमानहरूमा त्यस्तो समझदारी देखिदैन् । घरपरिवार चलाउनेदेखि छोराछोरीलाई मार्गनिर्देशन गर्ने सम्पूर्ण अभिभारा कमाउने श्रीमतीले लिनुपर्दा थुप्रै समस्या थुपिने कुरा श्रीमती दाहाल बताउनुहुन्छ । यसरी घरपरिवार चलाउने पढेलेखेका श्रीमतीहरूका अनुसार कहिलेकाहीं श्रीमान् बेरोजगार भएकै कारण पारिवारिक मात्र होइन सामाजिक समस्या पनि आइपर्ने गर्दछ । श्रीमान् बेरोजगार भएपछि छोराछोरीको मानसिकतामा पनि नराम्रो असर पर्ने कुरा एक जना नाम बताउन नचाहने कामकाजी महिला बताउनुहुन्छ । उहाँका, अनुसार बेरोजगार श्रीमान्को निष्क्रियताले श्रीमतीको क्रियाशीलतासमेत ओझेलमा पर्न जान्छ । अझ कतिपय अवस्थामा बेरोजगार श्रीमान्कै कारण छोराछोरीलाई मार्गनिर्देशन गर्ने जस्ता काममा समेत बाधा पर्ने कुरा उहाँ थप्नुहुन्छ । पढेलेखेका कामकाजी महिलाले एकैसाथ थुप्रै भूमिका निर्वाह गर्नुपरेकाले उनीहरू मानसिकरूपले कुण्ठाग्रस्त जीवन बिताउनुपरेको कुरा भुक्तभोगी महिलाहरू बताउँछन् ।

श्रीमान्ले परिवारप्रतिको जिम्मेवारीबोध नगरिदिनाले विशेषगरी छोराहरूले समेत आमालाई दुःख दिने गर्दछन् । बेरोजगार श्रीमान्को गैरजिम्मेवारीपूर्ण व्यवहारले कहिलेकाहीं परिवार विखण्डनको अवस्थामा पुग्दछ । कतिपय अवस्थामा श्रीमान् बेरोजगार हुनुमा श्रीमान्कै व्यक्तिगत व्यवहार नै बढी जिम्मेवार रहेको कुरा श्रीमतीहरू बताउँछन् । यद्यपि यसमा श्रीमान्को भन्दा पनि श्रीमान्लाई हुर्काउने सासू-ससुरा र घरपरिवार नै बढी जिम्मेवार देखिन्छन् । जसले बेलैमा छोरालाई स्वावलम्बनका कुराहरू सिकाउन बिर्सेर परजीवी बन्न सिकाउँछन् । यस्ता छोराहरू हिजो आमाबाबुको लागि समस्या थिए भने आज श्रीमती र छोराछोरीका लागि समस्या बन्दैछन् ।

आफ्नो व्यवहार र परिस्थितिले आफूलाई बेरोजगार र अकर्मण्य बनाए पनि यिनीहरूले आफ्नो पुरातन मानसिकतामा भने अझै परिवर्तन ल्याउन सकेका छैनन् । अर्थोपार्जन गर्नेदेखि लिएर घरव्यवहारसम्बन्धी सम्पूर्ण अभिभारा श्रीमतीले लिए पनि बेरोजगार र अकर्मण्य श्रीमान्कै हैकममा बस्नुपरेकाले महिलाहरूको अस्तित्व नै ओझेलमा परेको छ । परिवारप्रति जिम्मेवारीबोध नगर्ने श्रीमान्लाई न समाजको चिन्ता छ न छोराछोरीको । श्रीमान्को पहिचानले श्रीमतीहरू चिनिने समाजमा श्रीमान् पाल्ने श्रीमतीहरूको क्रियाशीलतालाई न श्रीमान्ले कदर गर्छ न समाजले नै ।

दाम्पत्य जीवनलाई सुखमय बनाउन श्रीमान्-श्रीमती दुवैको समान सहभागिता चाहिन्छ । श्रीमान्-श्रीमती भनेका दाम्पत्य जीवनरूपी रथका दुई पाङ्ग्रा हुन् । दुई पाङ्ग्रामध्ये एउटा काम नलाग्ने भइदियो भने निश्चय नै गन्तव्य भेटिदैन । अर्थात् दाम्पत्य

जीवन कहिल्यै सुखमय बन्दैन । यस्ता महत्वपूर्ण कुराहरू बेरोजगार श्रीमान्हरूले आजसम्म महसुस गर्न सकेका छैनन् । आफूले निर्वाह गर्नुपर्ने कर्तव्यसमेत श्रीमतीको जिम्मा लगाई बेरोजगार श्रीमान्हरू आज घरपरिवारप्रतिको जिम्मेवारीबाट बिमुख हुँदैछन् । उनीहरूको संकीर्ण मानसिकता र व्यवहारले छोराछोरीमा समेत नकारात्मक असर पार्दछ । छोराछोरीलाई स्वाबलम्बनका कुराहरू सिकाउन आमाबाबु स्वयं स्वावलम्बी हुनुपर्दछ । बाबुको परजीवी व्यवहारले छोराछोरीलाई पनि परजीवी हुन प्रेरित गर्छ भन्ने कुराबाट बेरोजगार बाबुहरू अनभिज्ञ छन् ।

हिजो छोरा पाउँदा खसी काटेर खुसी मनाउने आमाबाबुहरूका लागि आज बेरोजगार छोराहरू बुढेसकालका सहारा होइन दुःखका एक मात्र कारण बन्दैछन् । बृद्ध आमाबाबुलाई दुःखी तुल्याउने बेरोजगार छोराहरूले श्रीमतीको पीडालाई कहिल्यै पनि आत्मानुभूति गर्न सक्तैनन् । आफ्नो बेरोजगारीपनाले निम्त्याउन सक्ने दूरगामी असरलाई बेरोजगार श्रीमान्हरूले बेलैमा महसुस गर्न सके आफ्ना छोरीबुहारीले श्रीमान् पाल्नुपर्ने असहज जिम्मेवारीबाट मुक्ति पाउने देखिन्छ ।

❐

विराटनगरका उद्यमी महिलाहरू

बरगाछी विराटनगरकी गीता सापकोटाले विगत दुई वर्षदेखि महिलाहरूले उत्पादन गरेका हस्तकला तथा खाद्य सामग्री बिक्री-वितरण गर्दै आएकी छन् । उद्यमी महिलाहरूलाई सहयोग गर्न १५ महिनासम्म निःशुल्क कोठा उपलब्ध गराउँदै आएको नगरपालिकाले केही दिनअघि कोठा खाली गर्ने निर्देशन दिएको छ । प्रमाणपत्र तहसम्म अध्ययन गरेकी श्रीमती सापकोटा बजार व्यवस्थापन र पायक पर्ने ठाउँको कमीले गर्दा लगानीअनुरूपको नाफा आर्जन गर्न नसकेको बताउँछिन् । त्यसो त उनले गाउँ नगर साझेदारी कार्यक्रममार्फत उद्यम व्यवस्थापनसम्बन्धी तालिमसमेत लिएकी छन् । त्यस्तै विराटनगर- १५ बस्ने भक्तमाया राई र कविता राईले गत महिनादेखि संयुक्त रूपमा घरैमा च्याउ खेती गर्न थालेका छन् । च्याउ खेतीसम्बन्धी कुनै पनि औपचारिक तालिम नलिई छोराले सिकाइदिएकै भरमा उनीहरूले च्याउ खेती गर्न थालेका छन् । मौसमी तरकारीका रूपमा जाडो महिनामा गरिने च्याउ खेतीसम्बन्धी पर्याप्त ज्ञान नभएका कारण उनीहरू एकपल्ट च्याउको बीउ राखिसकेपछि तीन सातासम्म पर्खने गर्दछन् । च्याउको माग बढी भए पनि उनीहरूले मागअनुसारको च्याउ उत्पादन गर्न भने सकिरहेका छैनन् ।

विगत चार वर्षदेखि विराटनगर उपमहानगरपालिका २२ वडाहरूमा नगर पालिकाले गाउँ नगर साझेदारी कार्यक्रमअन्तर्गत नगरका ३ सय २१ टोल संगठनमार्फत इच्छुक महिलाहरूलाई उद्यमी उत्प्रेरणा तथा उद्यमशीलता विकाससम्बन्धी तालिम दिँदै आएको छ । नगरपालिकाले मौसमी उद्यममात्र होइन, विभिन्न हस्तकला, पेय तथा खाद्य सामग्रीहरू उत्पादन गर्न महिलाहरूलाई तालिम दिँदै आएको छ । तालिम लिइसकेपछि नगरपालिकाले तालिमप्राप्त महिलाहरूलाई स-साना पूँजीका उद्यमहरू संचालन गर्न

प्रोत्साहित गर्दै आएको छ । यसरी नगर क्षेत्रमा उद्यम संचालन गर्नेहरूमा ५५ प्रतिशत महिला छन् । गाउँ नगर साझेदारी कार्यक्रमअन्तर्गत संचालन हुने यस्ता उद्यमहरूमा उद्यमी स्वयंले पनि लगानी गर्नुपर्ने कार्यक्रमका प्रबन्धक कुलप्रसाद निरौला बताउनुहुन्छ । उहाँका अनुसार यस्ता उद्यमहरू नगर क्षेत्रलगायत कटहरी, जाँते र रंगेली गाविसमा पनि संचालित छन् । गाउँमा उत्पादन हुने कृषिजन्य सामग्रीलाई प्रबर्द्धन गर्ने उद्देश्यले नगर पालिकाले नगर क्षेत्रका उद्यमी महिलाहरूलाई विभिन्न प्रकारका सहयोग गर्दै आएको छ । प्रबन्धक निरौलाका अनुसार यस्ता उद्यमहरू संचालन गर्न नगरपालिकाले हालसम्म ७० हजार ६ सय ३४ रूपैयाँ ६२ पैसा ऋण लगानी गरेको छ । यसमध्ये २३ लाख ५१ हजार ४ सय रूपैयाँ ४६ पैसा उद्यमीहरू स्वयंले लगानी गरेका छन् । उद्यमी महिलाहरूले संचालन गर्दै आएका स-साना पूँजीका उद्यमहरूप्रति विशेष गरी गृहिणीहरू बढी आकर्षित हुने गरेका छन् । नगर क्षेत्रका उद्यमी महिलाहरूले उत्पादन गर्दै आएका बांसका सजाउने तथा खाद्य वस्तुहरू आकर्षक र स्वास्थ्यप्रद भए पनि बजार पाउन गाह्रो भएको उद्यमीहरू बताउँछन् । महिलाहरूले उत्पादन गरेका सामग्रीहरूको बजार खोज्न इ-मार्केटिङ सुरु गर्ने गृहकार्य भइरहेको गाउँ नगर साझेदारी कार्यक्रमका प्रबन्धक निरौला बताउनुहुन्छ ।

उद्यमसम्बन्धी आधारभूत तथा विशेष तालिम लिएका महिलाहरूले एकल वा संयुक्त रूपमा उद्यमहरू संचालन गर्दै आए पनि बजार व्यवस्थापनसम्बन्धी ज्ञानको कमीले गर्दा उनीहरूले अपेक्षित रूपमा सफलता भने हासिल गर्न सकेका छैनन् । त्यसो त विगतमा व्यक्तिगत रूपमा तालिम लिई उद्यम संचालन गर्ने महिलाहरूमध्ये केही सफल पनि भएका छन् । यस्ता सफल उद्यमी महिलाहरूमध्ये तयारी कपडा उत्पादन गर्ने निक्की गार्मेन्टकी सरिता श्रेष्ठ अग्रपंक्तिमा पर्छिन् । विगत १५ वर्षदेखि तयारी कपडा उत्पादन गर्दै आएकी श्रीमती श्रेष्ठ तयारी कपडा उत्पादन व्यवसायमा कडा प्रतिस्पर्धा भएको बताउँछिन् । सफल उद्यमी बन्न चाहने जोकोहीले आफूलाई धैर्यवान् र प्रतिस्पर्धी बनाउन सक्नुपर्छ भन्ने धारण श्रीमती श्रेष्ठको छ । स्थानीय स्तरमा उद्यम संचालन गर्ने महिलाहरूको यकिन तथ्याङ्क नभए पनि विराटनगरमा उद्यमी महिलाहरूको संख्या बढ्दो छ । उनीहरूलाई व्यवसायिक तथा प्रतिस्पर्धी बनाउनेतर्फ सम्बन्धित निकायहरूले पनि त्यति चासो देखाउन भने सकिरहेका छैनन् । घरेलु तथा साना उद्योग कार्यालय मोरङका प्रमुख रामाधीन यादवका अनुसार कार्यालय स्थापना भएयता २०५८ फागुन मसान्तसम्म मोरङ जिल्लामा ४ हजार ७ सय उद्यमहरू दर्ता भएका छन् । गत आर्थिक वर्ष २०५८-५९ मा घरेलुबाट ३ सय ८ जनालाई विभिन्न किसिमका तालिम दिइएको थियो जसमध्ये १ सय ६० जना महिलाहरू थिए । नगर क्षेत्रमा भन्दा गाउँमा कार्यालयले प्रशिक्षार्थीहरूलाई उद्यम संचालन गर्न गाउँ विकास समितिमार्फत तालिम तथा ऋण उपलब्ध गराउँदै आएको छ । उद्यम संचालन गर्नेहरूलाई कार्यालयले विनाधितो ५ हजार रूपैयाँदेखि ४० हजार

सम्म ऋण उपलब्ध गराउँदै आएको कार्यालय प्रमुख यादव बताउँछन् । उद्यमसम्बन्धी नगर पालिकाको आफ्नो छुट्टै कार्यक्रम भएकाले नगर क्षेत्रमा घरेलुले कार्यक्रम गर्न नसकेको कार्यालय प्रमुख यादव बताउँछन् । यस्ता कतिपय कारणहरूमध्ये सूचना र संचारको कमीले गर्दा पनि आत्मनिर्भर बन्न चाहने बहुसंख्यक सहरी महिलाहरू बेरोजगार बन्नुपरेको देखिन्छ । विराटनगर एउटा औद्योगिक नगरीका रूपमा चिनिँदै आए पनि यहाँ सफल उद्यमी महिलाहरूको संख्या भने ज्यादै न्यून छ । पारिवारिक दायित्व निर्वाह गर्दै उद्यम संचालन गर्ने महिलाहरूले थुप्रै चुनौतीको सामना गर्नुपर्दछ । विभिन्न संघसंस्थाले उद्यमसम्बन्धी तालिमहरू संचालन गर्दै आए पनि विशेष तालिम, अनुगमन र मूल्याङ्कन गर्ने संघसंस्थाहरूको सधैं कमी रहँदै आएको छ ।

उद्यमीको भूमिकामा महिलाहरूलाई स्थापित गर्नका लागि लगानी गर्ने संयन्त्रको विकास भइरहेको घोषणा सरकारले बारम्बार गर्दै आए पनि ती संयन्त्रहरू लक्षित वर्गसम्म पुग्न भने सकिरहेका छैनन् । त्यसै गरी पारिवारिक दायित्व र रोजगारीसम्बन्धी दोहोरो भूमिकालाई कसरी सँगसँगै अगाडि बढाउने भन्ने सम्बन्धमा जनचेतनाको अभावले पनि तालिमप्राप्त उद्यमी महिलाहरू उद्यम संचालन गर्दा आइपर्ने बाधा र चुनौतीहरूका कारण बीचैमा छाड्ने गर्दछन् । कतिपय अवस्थामा उद्यमसम्बन्धी पर्याप्त ज्ञान, सूचना र बजार व्यवस्थापनको कमीले पनि उद्यमी महिलाहरू केही वर्ष उद्यम संचालन गरेपछि हतोत्साहित हुने गर्दछन् । यस्ता कतिपय कारणले गर्दा महिलालाई आर्थिक सशक्तीकरण गरी विकासको मूल प्रवाहमा ल्याउने सरकारको नीति र कार्यक्रमले बहुसंख्यक बेरोजगार महिलाहरूलाई समेट्न सकेको छैन् ।

यद्यपि आफ्नै लगानी, परिश्रम तथा लगनशीलताले सफल बनेका उद्यमी महिलाका सफलताका कथाहरू पनि प्रकाशमा त्यति आउन सकेका छैनन् । उद्यमी महिलाहरूका सफलताका कथाले अन्य उद्यमी महिला तथा उद्यमी बन्न चाहनेहरूलाई प्रोत्साहित गर्न सम्बन्धित निकायहरूले स्थानीय स्तरमा प्रदर्शनीहरूको आयोजना गर्न सके महिलाहरू व्यवसायिक मात्रै होइन, प्रतिस्पर्धी पनि बन्दै जाने देखिन्छ । यस्तै उद्यमी महिला र उद्योग क्षेत्रमा कार्यरत महिलालाई लघुकर्जा प्रदान गर्ने संस्थाहरूबीच समन्वय हुन सके सहरका शिक्षित बेरोजगार तथा गाउँका गरिब महिलाका लागि थप आयआर्जनका अवसरहरू सिर्जना हुँदै जाने देखिन्छ ।

❐

घरेलु कामदार किशोरीहरूप्रति हाम्रो व्यवहार

"कुमारी दिदी, मलाई अलिकति खाजा पकाइ दिनुस् न ।" विराटनगर १५ पिचरा चोक बस्ने बाह्र वर्षीया भृकुटी राईले उनलाई सधैं आफ्नै दिदी सरह यसरी सम्बोधन गर्ने गर्छिन् । कुमारी दिदी अर्थात् १८ वर्षीया कुमारी भुजेलले आज भन्दा तीनवर्ष अघिमात्र त्यस घरमा एउटी बिरामी बालिकाको रूपमा प्रवेश पाएकी हुन् । औषधि उपचारपछि आज उनले नयाँ जीवन पाएकी छिन् । उनी बस्ने घरमा सबै सदस्य मिलीजुली काम गर्ने गर्छन् । उनी घरैमा स्कूल भएकोले दिउँसो कहिलेकाही पियनको रूपमा काम समेत गर्छिन । उनी महिला सहकारी संस्थाकी सदस्य पनि हुन् । उनले विगत दुई वर्षदेखि मासिक बचत पनि गर्दै आएकी छिन् । उनको आफ्नो घर भारतको जलपाईगुडी जल्लामा पर्दछ । उनको घरमा जड्याहा बाबु र सौतेनी दिदीहरू मात्र छन् । उनीहरूको यातना सहन नसकी उनी कसैलाई थाहै नदिई घरबाट निस्केकी हुन् । तीन वर्षपछि आफन्तलाई भेट्न जाँदा आफूलाई आजसम्म कसैले खोज खबर समेत नगरेको कुरा थाहा पाइन् । उनलाई आफ्नै बाबुले समेत राख्न चाहेनन् । बरु उल्टै आफ्नो बाबुलाई केही खर्च भने दिई राखिन् । अब उनले त्यस घरमा कहिले पनि फर्केर नजाने निर्णय गरेकी छिन् । सोही वडा अर्थात् छिमेकी गोपी राईको कथा भने अलि फरक छ । आज भन्दा ७/सात वर्ष अघि १०/११ वर्षको हुँदा उनी गाउँका बाजे बज्यैसित नेपाल आएकी हुन् । एक्लो सन्तान भएपनि बहुविवाह गर्ने आफ्नै बाबुले घरमा काम सघाइ दिन्छे ।" भनी आफूलाई उनीहरूको जिम्मा लगाएको कुरा उनी बताउँछिन् । यहाँ आएको पाँच/छ वर्षभित्रै बाबु आमा दुवै स्वर्गे भएकोले हाल स्थायी रूपले बाजे बज्यैसित बस्दै

आएकी छिन् । उमेरले भन्दा पनि कामले उनलाई परिपक्व बनाइसकेको छ । उनलाई आफूभन्दा ठूलाले 'तँ' भनेपनि सानाले 'तँ' भनेको मन पर्दैन । उनीहरू दुवैका साहूनीले उनीहरूलाई दिउँसो एक घण्टा ट्यूशन पढ्न भनि एउटा पनि ट्यूटर राखि दिएका छन् । घरको काम धन्धा सकिएपछि उनीहरू सधैं पढ्ने गर्छन् । फुर्सद भएको बेला गोपीलाई बालपत्रिका समेत पढ्न मन लाग्छ । पत्रिका मार्फत उनी साथीहरूलाई पत्राचारसमेत गर्छिन् । यस बाहेक उनीहरू आफूले लगाउने फाटेका लुगाहरू खुट्टे मशिनमा सिलाउने गर्छन् । उनीहरूको बर्तमान यसरी बिते पनि भविष्यमा आत्मनिर्भर बन्न सकुन भन्ने धारणा गोपीकी साहूनी रञ्जना राईको छ । विहेभन्दा जरुरी आधारभूत सीपहरू सिकाउन सके उनीहरूको भविष्य सुरक्षित हुने धारणा कुमारीका साहू हरिकुमार राईको छ । विवाह योग्य भएपछि उनीहरू दुवैको साहूले आफ्नै छोरी सरह विवाह गरिदिने कुरा बताउँछन् ।

सोही वडा बस्ने सुशिला राई पनि यसरी काम गर्नेहरूप्रति सकरात्मक सोचाइ राख्नु हुन्छ । आधारभूत सीप सिकाउने तर्फ भने उनको विचार अलि फरक छ । "यस्ता आधारभूत सीपहरू सिक्न त उनीहरू स्वयं अग्रसार हुनु पर्दछ ।" भन्दै आफ्नो धारणा स्पष्ट पार्नु हुन्छ । उनलाई साहू साहूनी भन्दा साइनो लगाएर बोलेको मनपर्छ ।

किशोरी भएसम्म अर्काको घरमा काम गर्नुपर्ने बाध्यताकापछि थुप्रै कारणहरू छन् । गरीबी र अशिक्षाले गर्दा यस्ता किशोरीहरू आफ्नो घरमा भन्दा अरुकै घरमा रमाउन मन पराउँछन् । यस्ताका अभिभावकहरूलाई यिनीहरूका बारेमा सोधिहाल्यो भने- 'गर्छे, खान्छे पछि एकजनासित घरजाम गर्छे' भन्ने बाहेक अरुकेही सोचाइ राख्दैनन् ।

अझ कतिपयले छोरा-छोरीहरू उमेरै नपुगी गाउँघरमा अलि हुनेखानेका घरमा राखिदिन पाए दुई-पैसा आउँछ कि भन्ने आशा राख्छन् । यसरी उनीहरू आफ्ना नाबालक बालबालिकालाई कमाइ खाने भाडोको रूपमा प्रयोग गर्ने गर्छन् । असुरक्षित वर्तमान सँगसँगै यस्ता किशोरीहरूको भविष्य आफ्नै जन्मदाता र काम खानेहरूको व्यवहारमा निर्भर हुने गर्दछ । कतिपय साहू साहूनीले उनीहरूलाई निरोगी भइन्जेल मात्र काममा लगाउने गर्दछन् । त्यस्ताहरूलाई उनीहरूको भविष्यसित कुनै मतलब हुँदैन । यस्ता साहू- साहूनीका छोरा-छोरीहरूले समेत उनीहरूलाई दुर्व्यवहार गर्ने गर्छन् जुन व्यवहार उनीहरूका लागि सामान्य हुन्छ । यसरी साहू-साहूनीले आफ्ना नाबालक छोरा-छोरीलाई यिनीहरूप्रति दुर्व्यवहार गर्न आफ्नै व्यवहारले सिकाइ रहेका हुन्छन् ।

काम गर्नेहरूलाई पनि पढाउनु पर्छ वा आधारभूत सीपहरू सिकाउनु पर्छ भन्ने जस्ता कुरामा न अभिभावकले चासो राख्छन् न काम खानेले । यसरी आज ठूलावडा भनाउँदाहरूको नकरात्मक मानसिकताको शिकार यस्ता किशोरीहरू हुन पुगेका छन् । उनीहरू स्वयं पनि भविष्यमा के गरी जीवन निर्वाह गर्ने भन्ने बारे अनभिज्ञ हुन्छन् । यसले गर्दा सुविधा सम्पन्न घरमा बस्ने किशोरीहरूमा एउटा नराम्रो मानसिकताले प्रश्रय पाउने गर्दछ । आधुनिक पहिरन लगाउन तथा मीठो खान पाउँदैमा उनीहरू आफैलाई

साहू-साहूनीका छोरीहरू सम्झन थाल्दछन् । यसले भविष्यमा अर्को जटिल समस्यालाई निम्त्याउन सक्छ भन्ने तर्फ सोच्नु अति आवश्यक छ ।

खास गरी किशोरीहरू काम गर्ने घरमा तिनको श्रमको मात्र हैन, शरीरको समेत शोषण हुने गर्दछ । जुन अभिभावक आफ्ना नाबालक छोरा- छोरीलाई अर्काको घरमा राख्न स्वयं अग्रसर हुन्छन् त्यस्ता अभिभावकलाई कसले शिक्षा दिने ? यस्ता अभिभावकले यिनीहरू प्रति गरिने दुर्व्यवहारलाई गम्भीरतापूर्वक लिएका हुदैनन् । प्रतिरोधका दुई शब्द निकाल्न अघि यिनीहरूले धेरै सोच्नु पर्छ । एकातिर गृहिणीदेखि लिएर कामकाजी महिलाहरूका दाहिने हात भएर काम गर्ने किशोरीहरू आफ्नै अभिभावकबाट शोषित पीडित छन् भने अर्कोतिर साहू-साहूनीको दुर्व्यवहारले यिनीहरूको वर्तमान सँगसँगै भविष्य पनि अन्धकार बन्दै गइरहको छ । हिजो अशिक्षा र अज्ञानताले जन्माएका असामान्य व्यवहारहरूलाई आजका आधुनिक सभ्य र सुशिक्षित वर्गले निर्मूल पार्नुका साटो आउँदो पीढीलाई समेत यस्ता काम गर्ने किशोरीहरूप्रति यस्तै दुर्व्यवहार गर्नु पर्छ भनेर सिकाइर हेका छन् भन्दा फरक नपर्ला ।

❐

महिला विकासमा संचारको भूमिका

आजको युग संचारको युग हो । जहाँ संचार पुग्छ त्यहाँ विकासका लक्षणहरू देखा पर्छन्, जहाँ पुग्दैन त्यहाँ विकास सम्भव छैन र यस अर्थमा महिलाहरूको समुचित विकास नहुनुमा राज्य मात्रै हैन संचार पनि दोषमुक्त भने छैन । प्रजातन्त्रपछि नेपालमा संचारको क्षेत्रमा क्रान्तिकारी परिवर्तन आएतापनि महिला विकासमा संचारले सकारात्मक भूमिका निर्वाह गर्न सकेको छैन ।राष्ट्रिय दैनिकदेखि मोफसलका पत्रपत्रिकामा महिलासित जोडिएका अतिरञ्जित समाचारहरूले मात्र विशेष ठाउँ ओगटेको पाइन्छ । यस्ता अतिरञ्जित समाचारहरूमा बलात्कार, हत्या, आत्महत्या, घरेलु हिंसा, बोक्सी काण्ड तथा यौनजन्य सामग्रीहरू बढी छापिने गर्दछन् । यस्ता अतिरञ्जित समाचारहरू पनि महिला पाठकले भन्दा पुरुष पाठकले नै बढी पढ्ने गर्दछन् । यस्ता समाचारहरूले समाजमा महिलाको छविमा नकारात्मक असर पार्दछ । वितेका केही वर्षयता संचारमा विज्ञापनको बाढी आएपछि महिलाको छविलाई झन्-झन् धमिल्याउने प्रयास गरिदैंछ । यस्ता विज्ञापनहरूमा महिलाहरूको परम्परागत भूमिका जस्तै घरायसी काम गरिरहेका तथा फेशन र गहनाकै वरिपरि महिला मोडेलहरू बढी देखाइन्छन् ।

एकातिर समाजमा महिलाहरूले निर्वाह गरेका विविध सकारात्मक भूमिकालाई संचारमाध्यमहरूले प्रवर्द्धन गर्न सकेका छैनन् भने अर्कातिर पढेलेखेका महिलाहरू स्वयम् विज्ञापन मार्फत सस्तो लोकप्रियता कमाउन तँछाड मछाड गरिरहेका छन् । धुम्रपानदेखि लिएर मद्यपान जस्ता वस्तुहरूको विज्ञापनले गर्दा महिलाहरूको बौद्धिक क्षमतामा नै प्रश्न खडा भएको छ । यसरी आज वस्तु उत्पादकहरू र संचार माध्यमहरूले प्रविधिको विकास सँगसँगै महिलाहरूको शारीरिक तथा बौद्धिक शोषण गरिरहेका छन् भन्दा फरक

नपर्ला । यसरी वर्षौंदेखि महिलाको छविलाई सुधार्ने प्रयास न त छापा माध्यमहरूले गर्न सकेका छन् न विद्युतीय माध्यमहरूले । जसरी महिलाहरूको अतीतले महिलाको वर्तमान गतिविधिलाई दोह्राइरहेको छ, त्यसरी नै वर्तमानको गतिविधिले महिलाको भावी जीवनको रूपरेखा कोरिन्छ । यस अर्थमा हिजो संचारको त्यति विकास नहुँदा महिलाहरूको अवस्था जस्तो थियो आज पनि खासै परिवर्तन आएको देखिदैन । यद्यपि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा महिला विकासको नाममा धुप्रै कार्यक्रमहरू संचालन भइरहेका छन् । ती कार्यक्रमहरूलाई लक्षित वर्गसम्म पुऱ्याउने अभिभारा राज्यको मात्रै हैन संचारको पनि हो । यस्ता कार्यक्रमहरू लक्षित बर्गसम्म नपुग्नु अर्को मुख्य कारण पत्रकारिता जगतमा महिला संचारकर्मीहरूको न्यून उपस्थिति हो । साथै पढेलेखेका महिलाहरूमा पत्रपत्रिका पढ्ने बानीको विकास नहुनु हो । पत्रपत्रिका पढेर पनि महिलाहरूले आफ्नो बौद्धिक तथा व्यक्तित्व विकास गर्न सक्छन् भन्ने सन्देश पुऱ्याउन संचारले कञ्जुस्याई गर्दै आएको छ । यसको जल्दो बल्दो उदाहरण महिलाहरूका लागि छुट्टै पत्रिका नहुनु हो । केही विद्युतीय माध्यमहरूले महिलाका लागि छुट्टै कार्यक्रम बनाएता पनि छापा माध्यमहरूले आजसम्म महिलाका लागि भनेर छुट्टै पत्रिका निकाल्ने प्रयास गरेका छैनन् ।

विगत केही वर्षदेखि राष्ट्रिय मासिक *'अस्मिता'* प्रकाशित हुँदै आएता पनि लक्षित वर्गसम्म पुग्न सकेको छैन । त्यसैगरी विगत केही महिनादेखि महिला पत्रिका *'सुखी संसार'* मासिक प्रकाशित हुन थाले पनि बजार व्यवस्थापनको कमीले महिला पाठकसम्म पुग्न सकेको छैन । यसरी केही महिला संचारकर्मीहरूले महिलाहरूको समुचित विकास हुन नसकेको ठानी महिलाका लागि छुट्टै पत्रिका प्रकाशन गर्नु महिला विकास कार्यमा थप टेवा पुऱ्याउनु हो । अनेकौं कठिनाइ पार गरी प्रकाशित गरिएका यस्ता पत्रपत्रिकाहरू महिला विकासका लागि सहयोगी हुँदा-हुँदै पनि मूल्य र पढ्ने बानीको अभावले गर्दा महिला पाठकबाट टाढिएका छन् । ठूला प्रकाशनहरूले पनि महिला पाठकको रुचिअनुसार रचना सामग्री प्रकाशित गर्न खासै चासो देखाएको पाइदैन । यसले गर्दा आज बुद्धिजीवी महिलाहरू पनि पत्रपत्रिकाहरू पढ्न त्यति रुचाउँदैनन् । कतिपय पढेलेखेका महिलाहरू पनि यस्ता पत्रपत्रिकामा राजनीति सम्बन्धी समाचारले मात्र विशेष ठाउँ पाउने गरेकोले पनि पढ्ने रुचि हराएको बताउँछन् । यसले के देखाउँछ भने राजनीतिमा महिलाहरूको सहभागिता नभएको र परम्परागत सोचले महिलालाई पत्रपत्रिकाले झन् वितृष्णा जगाएको छ । गृहिणी मात्र हैन, कामकाकाजी महिलाहरू पनि पत्रपत्रिका पढेर भन्दा टेलिभिजन हेरेर समय बिताउने गर्दछन् । यस्ता टेलिभिजन कार्यक्रमले पनि महिलाहरूलाई साहसिक काम गरेको भन्दा पुरातन मानसिकताले ग्रसित त्याग र सहनशील छोरी बुहारी र आमाकै रूपमा सीमित राखेको पाइन्छ ।

महिलाहरू पनि परिवर्तनका संवाहक हुन् भन्ने सोच राखेर कार्यक्रम उत्पादन गरेको विरलै पाइन्छ । पुरुष प्रधान समाजमा महिलाहरूको हिजोको छविलाई परिवर्तन

गरिनुपर्छ भन्ने तर्फ स्वयं महिला संचारकर्मीहरूले पनि त्यति प्रयास गरेको पाइदैन । कतिपय महिला संचारकर्मीहरू पनि महिला प्रतिको पुरातन मानसिकतालाई परिवर्तन गर्ने तर्फ कलम चलाए पनि व्यवहारमा त्यति फरक देखिदैन । लेखेर व्यवहारिक हुन सके महिलाहरूको पुरातन मानसिकतामा परिवर्तन ल्याउन सकिन्छ भन्ने सोच राख्ने महिला संचारकर्मीको संख्या न्यून छ । यस्ता सोच राख्ने महिला संचारकर्मीहरूले लेखेर मात्र हुँदैन सम्बन्धित निकायलाई महिला विकासका लागि उत्प्रेरित गर्न सक्नु पर्दछ । जस्तो महिला संचारकर्मीहरूको संस्था संचारिक समूहले विगत केही वर्षदेखि महिला विकासका लागि थुप्रै कार्यक्रम अघि सारेको छ । जस अन्तर्गत संस्थाले प्रत्येक वर्ष महिला सम्बन्धी प्रतियोगितात्मक लेख रचनाहरू प्रकाशित गर्दै आएको छ ।

सन् १९९६ मा स्थापित संचारिका समूहले महिलाहरूका विभिन्न सरोकारका मुद्दाहरू उठाएर बेला बेलामा राष्ट्रिय तथा क्षेत्रीय सम्मेलन गर्दै आएको छ । बेइजिङ सम्मेलनपछि अर्थात् सन् १९९५ पछि संचार जगतमा महिलाहरूको सहभागिता बढेर गएको छ । तर अझै पनि प्रेस जगतमा लैङ्गिक संवेदनशीलताको अभाव नै छ । संचारसँग सम्बन्धित भएर काम गर्ने महिलाहरूको संख्या हाल १२ प्रतिशत मात्र छ । काठमाडौं बाहिरका जिल्लामा त संचारसँग सम्बन्धित भएर काम गर्ने महिलाहरूको संख्या शून्य नै छ भने हुन्छ । यसले गर्दा पनि महिला विकासको क्षेत्रमा संचारले महिलाप्रति सौतेनी व्यवहार गर्दै आएको प्रष्ट देखिन्छ । साक्षर, अर्धशिक्षित तथा शिक्षित महिलाहरूलाई समेट्ने प्रयास संचार जगतले गरेको पाइदैन । महिला स्वास्थ्य सम्बन्धी केही गैरसरकारी संस्थाहरूले भित्ते पत्रिका मार्फत जनचेतना जगाउन खोजे पनि राज्य वा अन्य महिला विकाससित सम्बन्धित संघ संस्थाले यस्ता पत्रिका प्रकाशित गर्नेतर्फ विशेष चासो राखेको पाइदैन ।

यद्यपि भारतको गुजरात राज्यमा महिला विकासका लागि कार्यरत कच्छ महिला विकास संगठन (के.एम.वी.एस) भन्ने एउटा गैरसरकारी संस्थाले विगत आठवर्षदेखि उजास (ज्योति) भन्ने पत्रिका प्रकाशित गर्दै आएको छ । कक्षा तीनसम्म पढेका तीन जना प्रौढ महिलाहरूको सामूहिक प्रयास हो- उजास । यसले निरक्षर-साक्षर देखि बुद्धिजीवी महिला तथा पुरुष पाठकहरूलाई सामाजिक परिवर्तनका लागि झक्झक्याउन महत गर्दैछ । उजासले सामाजिक र स्वास्थ्य मात्र हैन राजनीतिमा महिलाहरूको सहभागिता बढाउने काममा पनि विशेष सहयोग पुऱ्याउँदै आएको छ । उजास पत्रिकालाई पाठकसम्म पुऱ्याउने जिम्मा के.एम.वी.एस.ले लिएको छ । भारतमा जस्तै नेपालमा पनि ग्रामीण स्तरसम्म महिलाको रुचिअनुसार पत्रपत्रिका प्रकाशन गर्न सरकारी तथा गैर सरकारी संस्थाहरूले चासो देखाए गुजरातको उजास जस्तो पत्रिका यहाँ पनि जन्मन सक्ने कुरामा दुईमत छैन । यसका लागि महिला संचारकर्मीले मात्र हैन, पुरुष संचारकर्मीहरूले पनि सम्बन्धित निकायलाई झकझक्याउन सक्नु पर्दछ ।

❐

रक्सीले आक्रान्त पारेको समाज

"एक बस्दिन, दुई बस्दिन, तीन बस्दिन । श्रीमतीलाई वेश्या भन्ने श्रीमान्सँग केको नाताले बस्ने ?"

विराटनगर १६ बस्ने, श्रीमती राई आफ्ना बेरोजगारी जँड्याहा श्रीमान्को व्यवहारबाट पीडित छिन् । यसपालि उनले समाजका भद्रभलाद्मीहरूलाई भेला पारी सामाजिक न्याय पाउन आफ्नो पीडा यसरी पोखिन् । विहे भएको दश-बाह्र वर्ष बितिसक्दा पनि आजसम्म उनी रक्सीकै कारण श्रीमान्बाट यसरी नै अपमानित हुँदै आएकी छिन् । श्रीमान्ले उनलाई मात्रै होइन आफ्नी दश वर्षीया छोरीलाई समेत 'बेश्याकी छोरी वेश्या नै हुन्छे' भनेपछि उनले समस्याको समाधान खोज्न श्रीमान्सँग छोड्पत्र गर्न चाहेकी थिइन् । तर, पुरुष प्रधान समाजमा उनले आफूले भनेजस्तो न्याय पाइनन् । एकपल्टका लागि श्रीमान्लाई सुध्रने अवसर दिनुपर्छ भनी सबैले भनेपछि सामान्य कागज गरी उनले परिस्थितिसँग सम्झौता गर्नुपऱ्यो । जीविकोपार्जनका लागि रक्सीकै कारण आफ्नो परिवार विखण्डन हुन लागेपछि रक्सी व्यवसाय छोड्न चाहे पनि छाड्न भने सकेकी छैनन् । रक्सी व्यवसाय गरी जीविकोपार्जन गर्नेहरूमध्ये थोरैले मात्र आफ्नो वैवाहिक जीवन सफल पारेका छन् । यो श्रीमती राईको मात्र होइन उनीजस्ता थुप्रै रक्सीपीडित महिलाहरूको सामूहिक पीडाको व्यथा हो । जसले वर्षौंदेखि यस्ता जँड्याहा श्रीमान्का असामाजिक व्यवहारहरू सहँदै आएका छन् । त्यसैगरी ललिता सहनीले जँड्याहा श्रीमान्का कारण आफ्नी तेह्र वर्षीया छोरीको विहे गरिदिइन् । रक्सी सेवन गरी आफूलाई मरणासन्न हुने गरी कुट्ने श्रीमान्लाई उनले दुई पटक नगर प्रहरीमा उजुरीसमेत गरिन् । यसरी दुई-चार दिन जेलमा बस्दा पनि श्रीमान्को रक्सी

सेवन गर्ने बानीमा भने सुधार आउन सकेन । कहिलेकाहीं जँड्याहा श्रीमानका श्रीमतीहरू श्रीमान्को रक्सी सेवन गर्ने व्यवहारबाट दिक्क भई अर्कोसित विहे गर्ने तथा आत्महत्यासमेत गर्दछन् ।

रक्सीले मानसिक र शारीरिक मात्र होइन आर्थिक चोटसमेत पुऱ्याउने गर्दछ । यस्ता चोटहरू आज महिलाले मात्र होइन बालबालिकाहरूले पनि उत्तिकै सहनु परेको छ । इटहरा घर भई हाल विराटनगरमा आफन्तकहाँ बस्ने पन्ध्र वर्षीया समिरालाई बाबुले रक्सी सेवन गरी घरका सबै सदस्यलाई कुटपिट गर्ने बानी मन पर्दैन । कहिलेकाहीं हजुरबालाई समेत कुट्न खोज्ने बाबुको व्यवहारबाट उनी दिक्क भएकी छिन् । बाबुका यस्ता व्यवहार ले दाजुभाइ, दिदीबहिनी कोही पनि राम्ररी पढ्न नसकेको कुरा समिरा बताउँछिन् । उनलाई आफ्नो घर जान मन लाग्दैन । यसरी एकातिर रक्सीकै कारण जन्मदाताका असामाजिक व्यवहारबाट छोराछोरी टाढिँदै छन् । अर्कोतिर तन्नेरी बेरोजगार छोराहरूको रक्सी सेवन गरी झैझगडा गर्ने आदतबाट अभिभावकहरू आजित भएका छन् । केही महिनाअघि रक्सी सेवन गरी अर्काकी श्रीमतीलाई हातपात गर्न खोजेकाकारण श्रीमती कार्कीका विवाहित छोराले तीन दिनसम्म प्रहरी खोरमा बिताउनु पऱ्यो । सो घटनाले श्रीमती कार्कीलाई आज पनि विचलित बनाउँछ । श्रीमती कार्कीजस्ता आज थुप्रै आमा जँड्याहा छोराहरूका व्यवहारबाट पीडित छन् ।

एकातिर जँड्याहा बाबुका असामाजिक व्यवहारका कारण छोराछोरीहरू खाते तथा बालश्रमिक बन्न पुग्दछन् भने अर्कोतिर जँड्याहा छोराहरूका कारण अभिभावकहरूको बुढेसकाल दुःखदायी बन्दैछ । कतिपय अवस्थामा यस्ता परिवारहरू सामाजिक विसंगति निम्त्याउने कारणसमेत बन्दछन् । घरेलु हिंसा निम्त्याउने कारकहरूमध्ये रक्सी पनि पर्दछ । नियमित रक्सी सेवन गरी घरमा रडाको मच्याउनेहरूमा निरक्षर र साक्षर मात्र होइन शिक्षित जागिरे श्रीमान्हरू पनि पर्दछन् । रक्सीकै कारण आज समाजमा विकृतिहरू फैलिरहेका छन् भन्ने कुरा जाहेर हुँदैछ । यति हुँदाहुँदै पनि रक्सी सेवन गर्नेहरूकाँ संख्यामा कमी भने आउन सकेको छैन । रक्सी सेवन गर्नेहरूका लागि आज रक्सी आफ्नो असन्तुष्टि पोख्ने र रमाइलो गर्ने माध्यम बनेको छ । आज हामी रक्सी बिनाको समाजको कल्पना पनि गर्न सक्तैनौं । हाम्रो समाजमा पुरुषलाई (अपवादका रूपमा केहीलाई छाड्ने हो भने) रक्सीको पर्याय भन्दा हुन्छ । घर-परिवारप्रतिको जिम्मेवारीबोध गर्नेले थोरै मात्रामा रक्सी सेवन गर्छन् भने गैरजिम्मेवार पुरुषहरूको बाँच्ने सहारा नै रक्सी बनेको छ ।

अत्यधिक रक्सी सेवन गरी आफ्नो नैतिकता गुमाउनेहरू आज सामाजिक विकासका बाधकसमेत बन्न पुगेका छन् । यस्तालाई नआफ्नो चरित्रको परवाह हुन्छ न समाजको डर । रक्सी सेवन गर्नेहरूले आज युवा पिंढीलाई समेत पथभ्रष्ट गर्दैछन् । यसले गर्दा रक्सी तथा रक्सीजन्य पदार्थ आज सामाजिक विकासका बाधकसमेत बन्दैछन् ।

गाउँघरमा हाट-बजारका दिन मात्र बढी रक्सीजन्य पदार्थ बिक्री-वितरण हुने गर्दछ भने शहरमा रक्सी पसल नभएको चोक भेटाउन गाह्रो पर्दछ । केही वर्षअघि रक्सीपीडित महिलाहरूले दाङ जिल्लामा गाउँका भट्टीहरूमा ताल्चासमेत लगाइदिएका थिए । यसरी दाङमा भएको रक्सीविरोधी आन्दोलनलाई त्यसताका सञ्चार माध्यमहरूले पनि प्राथमिकता दिई छापेका थिए । तर, यस्ता आन्दोलनले निरन्तरता भने पाउन सकेन । शहरका पढेलेखेका महिलाहरूभन्दा गाउँका महिलाहरू साहसिला हुँदारहेछन् भन्ने कुरा त्यतिखेरका रक्सीबिरोधी आन्दोलनले उजागर गरेको थियो । गाउँका रक्सीपीडित महिलाहरूले सुरु गरेका आन्दोलनलाई शहरका महिलाहरूले सहयोग गरेका भए आज यसका विरुद्ध कानुनहरू बन्ने थिए । गाउँमा जस्तो शहरमा बस्ने रक्सीपीडित परिवारहरूमा एकता पाइँदैन । जसका कारण रक्सीपीडित महिलाहरूको सुनवाई हुँदैन । टोल-छिमेकमा शान्ति र सव्यवस्था कायम गर्न सरकार र कानुन पनि यसप्रति उदासीन रहेको पाइन्छ । रक्सी सेवन गरी झैझगडा गर्नेहरूलाई पाँच सय जरिवाना र सामान्य नसिहत दिई छोड्ने गरेकाले पनि रक्सी सेवन गर्नेहरूको संख्यामा खासै कमी आएको देखिँदैन । रक्सी सेवन गर्नेहरूको संख्यामा कमी ल्याउन तथा जथाभावी बिक्री-वितरण गर्ने व्यवसायीहरूलाई निरुत्साहित गर्न राज्यले कडा कानुन बनाउनुपर्दछ । यसका लागि नागरिक समाजले पनि आफू बस्ने टोल-छिमेक रक्सी निषेधित क्षेत्र बनाउन राज्यलाई मद्दत गर्नुपर्दछ ।

❐

लैङ्गिक संवेदनशीलता र सञ्चारकर्मीको भूमिका

"दिक्क लागिसक्यो महिला र बालबालिकासम्बन्धी समाचार लेख्दा-लेख्दा, यो पनि कुनै विषय हो ?" केही महिनाअघि एक जना युवा पुरुष सञ्चारकर्मीले यो पंक्तिकारसँग कुरैकुरामा व्यक्त गरेको संवादको अंश हो । कस्तो समाचार सम्प्रेषण गर्दा दिक्क लागेको हो त्यो भने प्रष्ट हुन सकेन । वर्षौंदेखि घटनाप्रधान समाचार सम्प्रेषण गर्दै आएका सञ्चारकर्मीलाई दिक्क लाग्नु स्वाभाविक हो । कहिलेकाहीं सञ्चारकर्मीको रुचि र विषयमा तालमेल नहुँदा पत्रकारिता एउटा रुचिकर विषय हुँदाहुँदै पनि अरुचिकर बन्न पुग्दछ । जसले न सञ्चारकर्मीलाई सन्तुष्ट तुल्याउन सक्छ न समाजको भलाइ । यस्ता सञ्चारकर्मीहरूमा लैङ्गिक संवेदनशीलताको अभाव भएको कुरा महसुस गर्न सकिन्छ । यस्ता सञ्चारकर्मीहरूको बाहुल्यता रहेको प्रकाशन गृहमा महिला तथा महिलासम्बन्धी समाचारले प्राथमिकता पाउन गाह्रो पर्दछ ।

सञ्चारकर्मीको दायित्व पाठकलाई सुसूचित गराउनमात्र नभई पाठकमा पढ्ने रुचि जगाउनु पनि हो । पाठकको रुचि अनुसार समाचार सम्प्रेषण गर्नु सञ्चारकर्मीको पहिलो दायित्व हो । यसका लागि सञ्चारकर्मी आफूले सम्प्रेषित् गरेका हरेक विषयवस्तुमा संवेदनशील हुनु जरुरी छ । यसका साथै सञ्चारकर्मीहरूमा लैङ्गिक सचेतनता हुनु जरुरी छ । आफ्ना पाठकलाई लैङ्गिक संवेदनशीलता सम्बन्धी जानकारी दिई परिवर्तनका लागि उत्प्रेरित गराउनु सञ्चारकर्मीको अभिभाराभित्र पर्दछ । लैङ्गिक संवेदनशीलतासम्बन्धी समाचार सम्प्रेषण गर्दा सञ्चारकर्मीले सर्वप्रथम व्यक्ति र समाजप्रति आफ्नो धारणा सकारात्मक बनाउनुपर्दछ । जुन प्रक्रियाप्रधान समाचार सम्प्रेषित गर्दा सञ्चारकर्मीमा हुनुपर्ने महत्वपूर्ण गुणमध्ये एक हो ।

यस्ता सञ्चारकर्मी जसले विगतमा कहिले पनि कुनै सामाजिक विषयमा प्रक्रियाप्रधान समाचार सम्प्रेषण गरेका छैनन् । उनीहरूका लागि लैङ्गिक संवेदनशील भन्ने शब्द नौलो लाग्न सक्छ । लैङ्गिक भन्नाले लिङ्गको आधारमा समाजमा महिला र पुरुषको भूमिका बाँड्ने पुर्खौंदेखि चलिआएको परम्परा हो, जुन परिवर्तनशील छ । जसलाई मानवीय व्यवहार र सोचमा परिवर्तन ल्याउन सञ्चारकर्मीले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्तछ । यस्तै लैङ्गिक संवेदनशीलतासँग जोडिएका महिलाबिरुद्ध हुने हिंसासम्बन्धी समाचार सम्प्रेषण गर्दा सञ्चारकर्मीले निर्वाह गर्नुपर्ने भूमिकाबारे असार २८/२९ मा सञ्चारिका समूहले पोखरामा एउटा कार्यशाला गोष्ठीको आयोजना गरेको थियो । गोष्ठीमा सहभागी अधिकांश सञ्चारकर्मीहरूले विगतमा सो विषयमा प्रक्रिया प्रधान समाचार सम्प्रेषण नगरेको आफ्नो अनुभव सुनाए । यस्ता विषयमा उनीहरूले आउँदा दिनमा आफूहरू संवेदनशील भई समाचार सम्प्रेषण गर्ने प्रतिबद्धता जाहेर गरे ।

विगत केही वर्षदेखि सञ्चार माध्यमहरूले पनि महिलाबिरुद्ध हुने हिंसासम्बन्धी समाचारलाई प्राथमिकता दिदै आएका छन् । महिलाबिरुद्ध हुने हिंसासम्बन्धी समाचारहरू मानवीय रुचिका विषय हुँदाहुँदै पनि सञ्चारकर्मीहरूमा लैङ्गिक संवेदनशीलताको अभावका कारण सोचे जति समाचारका विषय बन्न सकिरहेका छैनन् । जति आएका छन् त्यसले व्यक्ति र समाजलाई सोच्न बाध्य तुल्याएको छ । जसको पछिल्लो उदाहरण मरनी देवी हुन् । जसले सामाजिक कुरीतिबिरुद्ध अभियान चलाउँदा भोग्नुपरेको असहज परिस्थितिलाई सञ्चारकर्मीहरूले प्रक्रियाप्रधान समाचार सम्प्रेषित गरेर न्याय दिलाए । त्यस्तै ६ वर्षअघि बम्बैमा बेचिएकी माइली लामाका बारेमा सञ्चारकर्मीहरूले प्रक्रियाप्रधान समाचार सम्प्रेषण गरेर उनको पीडालाई जनसमक्ष पुऱ्याए । आज उनी आफूजस्तै बेचिएका चेलीहरूको उद्धार कार्यमा जुटेकी छिन् । उक्त कार्य गरेवापत गतवर्ष उनले 'रिबोक मानव अधिकार' पुरस्कार पनि पाइन् । उनको यो सफलतामा सञ्चारकर्मीहरूको पनि उत्तिकै योगदान छ । जसले एउटी आवाजविहीन महिलाको पीडालाई सामाजिक चासोको विषय बनाउन अथक प्रयास गरे । आफ्नो लेखनको माध्यमबाट पीडित वर्गले न्याय पाउँदा पत्रकारिताको धर्म निर्वाह गरेको ठहर्छ जुन सञ्चारकर्मीले पाउने पारिश्रमिकभन्दा अमूल्य हुन्छ । हाम्रो समाजमा यस्ता मरनीदेवी र माइली लामा बन्न सक्ने सामाजिक व्यक्तित्वहरू कति छन् कति जसका बारेमा सञ्चारकर्मीहरूले कलम चलाउन अझ बाँकी छ । पाठकलाई यस्ता सामाजिक विषयमा रुचि जगाउन सक्ने शक्ति सञ्चारकर्मीको भावना र कलममा लुकेको हुन्छ । यसलाई उनीहरूले सदुपयोग गर्दै लाने हो भने सामाजिक तथा महिलाका विषयमा पनि प्रक्रियाप्रधान समाचार पढ्ने रुचि पाठकमा बढ्दै जाने छ भन्दा फरक नपर्ला ।

यस्ता प्रक्रिया प्रधान समाचार सम्प्रेषण गर्दा सञ्चारकर्मीहरूलाई महिलाबिरुद्ध हुने हिंसालाई बुझ्नु जरुरी छ । महिला भएको नाताले अर्थात् लिङ्गको आधारमा कुनै पनि व्यक्ति वा समूहले महिलालाई शारीरिक, मानसिक वा सामाजिक चोट पुऱ्याउनु

महिलाबिरुद्धको हिंसा हो भन्ने बुझिन्छ । पितृसत्तात्मक समाजमा महिलाहरू विभिन्न प्रकारका हिंसाबाट पीडित छन् । घर-परिवार, समाज तथा राज्यबाट हुने हिंसाबाट महिलाहरू वर्षौंदेखि पीडित छन् । यस्ता असहज परिस्थितिका कारण महिलाहरू कोही आत्महत्या गर्दछन्, कोही मारिन्छन् भने कोही आफ्नो मानव अधिकार गुमाई पशु सरह जीवन बिताउन बाध्य छन् । यस्ता पीडित महिलाहरूका बारेमा सञ्चारकर्मीहरूले घटनाप्रधान समाचार सम्प्रेषण गरेर सामाजिक दायित्वबाट पन्छिन मिल्दैन । यस्ता घटनाबारे सञ्चारकर्मीहरूले प्रक्रियाप्रधान समाचार सम्प्रेषण गर्ने हो भने पाठकहरूलाई घटना हुनुअघि र पछिका पृष्ठभूमिबारे जानकारी गराउन सकिन्छ । जसले महिलाबिरुद्ध हुने हिंसाका घटनाहरूमा कमी आउनुका साथै पीडितहरूको आवाज जनसमक्ष पुग्दछ । महिलामाथि हुने यस्ता हिंसालाई रोक्न सामाजिक चेतनाको विकास हुनु अति आवश्यक छ । व्यक्ति र सामाजिक चेतनाको विकास गराउन सञ्चारकर्मीहरूको महत्वपूर्ण भूमिका हुन्छ । यसका लागि महिलाबिरुद्ध हुने हिंसासम्बन्धी समाचार सम्प्रेषण गर्दा सञ्चारकर्मीहरू सिर्जनशील मात्र नभई संवेदनशील हुनु पनि उत्तिकै जरुरी छ । लैङ्गिक संवेदनशीलताले सञ्चाकर्मीलाई कर्तव्यपरायण हुन सिकाउँछ । व्यक्ति र समाजप्रति जिम्मेवार सञ्चारकर्मीले पाठकमा रुचि जगाउनुका साथसाथै उनीहरूलाई परिवर्तनको संघारमा पुऱ्याउँछ ।

यस्ता समाचारले सञ्चारकर्मीलाई आफ्नो सामाजिक पहिचान बनाउन थप महत पुग्दछ । यसबाट प्राप्त हुने परिणामले व्यक्ति र समाजलाई सही मार्गनिर्देशन गर्दछ । यस्ता समाचारले घटनाप्रधान समाचार सम्प्रेषित गरेर जागिरे जीवन बिताइरहेका सञ्चारकर्मीलाई थप उर्जा प्रदान गर्छ । सञ्चार माध्यमहरूमा महिलाबिरुद्ध हुने हिंसासम्बन्धी प्रक्रियाप्रधान समाचार सम्प्रेषण गर्न सञ्चारकर्मीहरूलाई बेला-बेलामा प्रशिक्षण दिनसके आवाजविहीनहरूले न्याय पाउने देखिन्छ । यसका लागि प्रकाशन गृह वा संञ्चारसँग सम्बन्धित संघ-संस्थाहरूले सञ्चारकर्मीहरूलाई मार्गनिर्देशन गर्नु जरुरी देखिन्छ ।

❐

भ्रष्टाचार र महिलाबीचको अन्तरसम्बन्ध

स्कूल पढ्दा शिक्षकले एउटा चोर केटाको कथा सुनाउने गर्नुहुन्थ्यो । कथाको सार यस प्रकार छ- आफ्ना नाबालक छोराले स्कूलबाट कुनै सामान भेट्टाएर ल्याउँदा आमाले सधैं स्याबासी दिने गर्थिन् । आमाबाट पाइने स्याबासीले छोरालाई झन्-झन् उत्साहित बनाउँदै लान्छ । उसले थप स्याबासी पाउन साथीहरूका सामान चोर्न थाल्छ । ठूलो भएपछि ऊ चोरी र डकैती गर्न थाल्छ । उसलाई एक दिन न्यायाधीशले सजायको भागिदार बनाउँछन् । उसलाई फाँसीको सजाय सुनाइन्छ । फाँसी हुनु एक दिनअघि उसले आमासँग भेट्ने इच्छा व्यक्त गर्छ । भोलिपल्ट उसले आमालाई कानमा केही भन्नु छ भन्दै आफूनजिक बोलाउँछ । मर्ने बेलामा छोराले के भन्न खोजेको होला भनी आमाले पनि छोराको मुखनजिक कान पुऱ्याउँछिन् । तर, छोराले केही भन्नुअघि नै आमाको कान टोकेर रगताम्मे बनाइदिन्छ । आमा रुँदै, कराउँदै भाग्छिन् । छोराले आफूलाई आमाको स्याबासीले नै चोर बन्न प्रेरित गरेको कुरा सबैलाई सुनाउँछ ।

कुनै पनि व्यक्ति चोर, डाँका, तस्कर, बलात्कारी, हत्यारा र भ्रष्टाचारी भएर जन्मँदैन, उसलाई त आफ्ना अभिभावकको व्यवहार र वरिपरिको वातावरणले जेजस्तो सिकाउँछ, त्यस्तै बन्दै जान्छ । उक्त कथामा जसरी एउटी महिलाले आमा बनेर छोराको भविष्य अन्धकारमय बनाउँछिन्, ठीक त्यसरी नै आजको चर्चित भ्रष्टाचार काण्डमा कहीं न कहीं महिलाले आमा, दिदी, बहिनी र श्रीमतीको नाताले पुरुषलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहमति वा विमति जनाएर भ्रष्टाचार गर्न प्रेरित गरेको देखिन्छ । त्यस्तै, छोराले घरपरिवार पाल्नुपर्छ र छोरीलाई ज्वाइँले पाल्छ भन्ने पितृसत्तात्मक सोच र सामाजिक विभेदले मानिसको जीवनमा प्रत्यक्ष असर पारेको हुन्छ । यस्ता कुराले पुरुष र महिला

जातिलाई जीवनभरि नै मार्गनिर्देशित गरिरहेको हुन्छ । त्यसमाथि ठूलो मान्छे र धनी हुने आशीर्वाद पाएका छोराछोरीले आफू कसरी धनी बनेर ठूला मान्छे कहलाउने भन्ने ध्याउन्नले आफूमा असामाजिक प्रवृत्तिको विकास गर्दै लान्छन् । यस्ता छोराछोरीले आफूलाई सामाजिक प्रतिष्ठाका लागि संघर्ष गर्ने एउटा प्रतिस्पर्धीका रूपमा स्थापित गर्दै लान्छन् । यसरी संघर्ष गर्ने क्रममा उनीहरूमा आफ्नो हैसियतभन्दा बढी आय गर्ने चाहना बढ्दै जान्छ । परिभाषाबिनाको ठूलो मान्छे र सीमित आयमा प्रतिष्ठत हुन असम्भव हुनाले उनीहरूलाई असामाजिक कार्य गर्न बाध्य तुल्याउँछ । कुनै पनि व्यक्तिले असामाजिक कार्य गर्नुमा कुनै एक कारण मात्र नभई थुप्रै कारणहरू हुन सक्छन्, जसमध्ये महिला पनि पर्छन् । त्यसो त हाम्रो समाजमा कुनै पनि विषयमा महिलाहरूको निर्णायक भूमिका हुँदैन । यस्तो अवस्थामा परिवारका कुनै एक (पुरुष) सदस्यले गरेको असामाजिक कार्यप्रति जनाएको असहमतिले कुनै अर्थ लाग्दैन । नचाहँदा-नचाहँदै पनि श्रीमान् वा छोराले नै त्यस्तो असामाजिक कार्य गरिहाले महिलाले परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन्छ । आफ्नो हैसियतभन्दा बढी आय घरमा भित्र्याउँदा श्रीमान्को विरोध वा पारपाचुके गर्ने महिलाहरूको भूमिका फिल्मी कथावस्तुमा मात्रै सहज देखिन्छ । वास्तविक जीवनमा यस्ता साहसिक महिलाहरू भेट्टाउन गाह्रो पर्छ ।

यसरी असामाजिक कार्य गरेर प्रतिष्ठित हुन चाहने पुरुषलाई महिलाले कहिलेकाहीं आमा बनेर, कहिले श्रीमती बनेर साथ दिइरहेका हुन्छन् । शारीरिक र मानसिक श्रमबिना सम्पन्न बनेका अधिकांश महिलाहरू बाह्य-सुन्दरतालाई सर्वोपरि ठानी सयौं तोला सुनका गहना लगाइरहेका छन् । यसले अनेकौं सामाजिक समस्या निम्त्याउने गर्छ । बाल्यकाल तथा विद्यार्थी जीवनमा सैद्धान्तिक शिक्षासँगसँगै जीवनोपयोगी कुराले विद्यार्थीको नैतिक आचरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ । यस्ता जीवनोपयोगी कुराहरू सिक्न नपाएका अधिकांश विद्यार्थीहरूले आफूलाई असामाजिक र आत्मकेन्द्रित बनाउँदै लान्छन् । यसरी आफू बस्ने समाज र देशप्रति गैरजिम्मेवार बन्दै गएका व्यक्तिहरूमा मानवीय गुणले बास गर्न छाड्छ । परिणामस्वरूप एक दिन उसले सामाजिक तथा कानुनी सजायको भागिदार बन्नुपर्छ ।

व्यक्ति आफैंले आफूलाई असल वा खराब बनाउन सक्दैन, उसको व्यक्तिगत तथा सामाजिक मूल्य र मान्यताले उसलाई असल वा खराब बनाउँछ । यसमा अभिभावकको नैतिक व्यवहार र आचरणले महत्वपूर्ण भूमिका निर्वाह गर्छ । पुरुषप्रधान समाजमा पुरुषद्वारा पालिदै आएका अधिकांश महिलाले अभिभावकका रूपमा सामाजिक विभेद सुरु गर्न थाल्छन् । हिजो बाबुद्वारा पालिएका, आज श्रीमान्द्वारा पालिदै गरेका र भोलि छोराले पाल्नुपर्छ भन्ने पुरातन मानसिकताले अधिकांश नेपाली महिलाहरू ग्रस्त छन् । यस्ता महिलाहरूको बाहुल्य रहेको हाम्रो देशमा सामाजिक विकृति भित्र्याउने कारकहरूमध्ये उनीहरूको पनि महत्वपूर्ण भूमिका हुन्छ । यस्ता पुरातन मानसिकता र परम्परालाई

निरन्तरता दिने महिलाहरूले आफ्ना छोरीबुहारीलाई पनि यस्तै शिक्षा दिइरहेका छन् । यस्ता महिलाहरूको सामाजिक क्रियाशीलता प्रायः शून्य हुन्छ । उनीहरूको निष्क्रियताले उनीहरूलाई सुविधाभोगी बनाउँदै लान्छ । यस्ता महिलाहरूमा आफूलाई सम्पन्न देखाउने चाहना प्रबल हुन्छ । आफ्नो यस्तो व्यवहारले अरुलाई पनि सुविधाभोगी र आत्मकेन्द्रित बनाउँदै लान्छ भन्ने कुरा उनीहरू स्वयंले पनि महसुस गर्न सकेका हुँदैनन् । महिलाको यस्तो व्यवहारले पनि पुरुषलाई असामाजिक कार्य गर्न प्रेरित गर्छ । उनीहरूका असीमित चाहना पूरा गर्ने र आफूलाई सुविधाभोगी बनाउन चाहने पुरुषहरू आज असामाजिक कार्यको दलदलमा फसेका छन् । सार्वजनिक पद धारण गरी घरपरिवारका लागि सुख-सुविधा जुटाउने र श्रीमतीका असीमित चाहना पूरा गर्ने क्रममा कतिपय पुरुषहरू बाध्यताबश भ्रष्ट हुँदै जान्छन् । यसरी भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गर्ने पुरुषहरूलाई भोलि कानुनले समाजको भागिदार बनाए पनि आज समाजको नजरमा त्यस्ता महिलाहरू सबै दोषी छन्, जसले आफ्ना श्रीमान्, छोराछोरी र आफूलाई सुविधाभोगी बनाउन यस्ता असामाजिक कार्य गर्न सधैं प्रेरित गरिरहन्छन् ।

❐

महिला पाठक र नेपाली पत्र-पत्रिका

'महिलाले कुन पत्रिका पढ्ने, ल भन्नुस् त ?' सुकुना क्याम्पसकी उपप्राध्यापक अन्जना पोखरेल पत्रपत्रिका पढ्नेबारे आफ्नो विचार यसरी पोख्नुहुन्छ । गत महिना महिला पाठकहरूको सर्वेक्षण गर्ने क्रममा यस पंक्तिकारले सोधेको एउटा प्रश्नको जवाफमा गरिएको प्रतिप्रश्न हो यो । उहाँको जिज्ञासा केही हदसम्म जायज पनि छ । उहाँजस्तालाई सन्तोषप्रद जवाफ दिन उस्तैलाई गाह्रो पनि पर्दछ । उहाँ कान्तिपुर दैनिकमा प्रकाशित महिला तथा सामाजिक विषयसित सम्बन्धित लेख रचनाहरू नियमित पढ्ने गर्नुहुन्छ । उहाँको विचारमा महिला पाठकले पढ्ने खालका समाचार सामग्रीहरू पत्रपत्रिकाले त्यति छाप्ने गरेका छैनन् ।

त्यस्तै बरगाछी विराटनगरकी गृहिणी शान्ता रिजाल पनि कान्तिपुर दैनिक नियमित रूपले पढ्ने गर्नुहुन्छ । उहाँ आफूलाई मन पर्ने महिला लेखकहरूमध्ये मञ्जु थापा र अञ्जु क्षेत्रीका लेख रचनाहरू संकलन पनि गर्नुहुन्छ । यसरी गृहिणी मात्र होइन कामकाजी महिलाहरूमध्ये केहीले भए पनि पत्रपत्रिका पढ्न थालेको कुरा सर्वेक्षणले देखाएको छ । क्षेत्रीय सञ्चार स्रोतकेन्द्र संचारका समूह समन्वय समिति, विराटनगरले गरेको सर्वेक्षणमा गृहिणी, शिक्षिका, बैंकिङ सेवामा कार्यरत महिला कर्मचारी गरी जमा एक सय महिलाहरूलाई प्रश्नावली फारम भर्न लगाइएको थियो । अधिकांश महिला पाठकहरूले नारीप्रधान पत्रिकाको खाँचो महसुस गरेको सर्वेक्षणले देखाएको छ । त्यसो त विगतका वर्षमा 'अस्मिता' र 'सुखी संसार' मासिकबाहेक अन्य नारीप्रधान पत्रिकाहरू पनि ननिस्केका होइनन् । तर बजार व्यवस्थापन र वितरण प्रणालीका कारण आम महिला पाठकसम्म ती पत्रिकाहरू पुग्न सकेनन् । तीमध्ये 'अस्मिता' मासिक बन्द भएको

झन्डै एक वर्ष हुन लाग्यो । त्यस्तै 'सुखी संसार' पनि बजारमा नियमित आउन सकेको छैन । यसरी नारीप्रधान पत्रिकाको खडेरी परेको बेला लामो अन्तरालपछि कान्तिपुर दैनिकले यसै महिनादेखि 'नारी' भन्ने मासिक पत्रिकाको प्रवेशांक बजारमा ल्याएको छ । त्यससम्बन्धी महिला पाठकहरूको प्रतिक्रिया थाहा पाउन भने बाँकी नै छ ।

सर्वेक्षणमा अधिकांश गृहिणी पाठकहरूले किनेर भन्दा पनि श्रीमान्ले घरमा ल्याएको र कामकाजीहरूले कार्यालयमै पढ्ने गरेको पाइयो । जसरी चुरा-धागो किन्न महिलाहरू पसलमा झुम्मिने गर्छन् त्यसरी पत्रिकापसलमा गएर पत्रिका किन्ने महिलाहरू विरलै भेटिन्छन् । भर्खरभर्खर पत्रिका पढ्न सुरु गरेकाले किनेर पत्रिका पढ्ने कुरा त्यति सहज देखिदैन । महिला पाठकहरूले पत्रिकामा प्रकाशित रचना सामग्रीभन्दा पनि सर्वप्रथम मूल्य नै हेर्ने गरेको सर्वेक्षणले देखाएको छ । दैनिक र साप्ताहिक पत्रपत्रिकाहरू दुई रुपियाँदेखि छ रुपियाँसम्म पर्दछ भने पाक्षिक र मासिकको मूल्य बीसदेखि पच्चीस रुपियाँसम्म पर्छ । यसले गर्दा पनि महिला पाठकहरू किनेर पत्रिका पढ्न नचाहेको बताउँछन् ।

एकातिर महिला पाठकहरूको रुचिलाई प्रकाशनगृहहरूले ध्यान दिइएको पाइँदैन भने अर्कातिर पत्रिकाको मूल्यले गर्दा पनि आज एक्काइसौं शताब्दीका नेपाली महिलाहरू सूचना र सञ्चारबाट टाढिन पुगेका छन् । यस्तै गत वर्ष विराटनगर १५ स्थित महिला क्षमता विकास केन्द्र सहकारी संस्थाले पनि महिला पाठकहरूको रुचिलाई ध्यानमा राखी 'मुक्ति' भन्ने हस्तलिखित मासिक भित्तेपत्रिका निकाल्ने गरेको थियो । चोकचोकमा राखिने उक्त पत्रिका गृहणी तथा कामकाजी महिलाहरूले घरघर लगेर पढ्ने गरेको आफ्नो सुखद अनुभव प्रकाशन समूहकी सदस्य शान्ता देवान सुनाउनुहुन्छ । दश अंकसम्म निकालेपछि कारणवश पत्रिका बन्द गर्नुपरेको श्रीमती देवान बताउनुहुन्छ । उक्त पत्रिकाका पाठकमध्ये केहीले अचेल कान्तिपुर तथा 'राजधानी' दैनिकलगायत अन्य पत्रपत्रिका पढ्न थालेको कुरा श्रीमती देवान बताउनुहुन्छ । उहाँ आफू पनि हाल उक्त दुवै पत्रिका नियमित पढ्ने गर्नुहुन्छ । 'दैनिक पत्रपत्रिकाकै मूल्यमा यस्ता भित्तेपत्रिकाहरू निस्कने हो भने महिला पाठकहरूको संख्यामा बृद्धि हुन्छ' उहाँ भन्नुहुन्छ । यसरी अन्य क्षेत्रमा जस्तै सूचना र सञ्चारका क्षेत्रमा पनि महिलाहरूको न्यून सहभागिता रहिआएको छ । यसले गर्दा अधिकांश पत्रपत्रिकामा महिला पाठकको रुचिअनुसार रचना सामग्रीहरू प्रकाशित हुन सकेका छैनन् । त्यसैले पनि महिला पाठकहरूको संख्यामा बृद्धि हुन सकेको छैन । नेपाली छापा माध्यमहरूमा मात्र होइन, आम सञ्चार माध्यममा पनि महिलाका विषयमा रचना सामग्री तयार गर्ने पुरुष सञ्चारकर्मीहरूको कमी रहँदै आएको छ । यसले पनि महिलाका विषयमा अधिकांश महिला लेखक तथा सञ्चारकर्मीहरूले नै बढी कलम चलाएको देखिन्छ ।

नेपाली छापा माध्यमहरूमध्ये अधिकांशले वर्षौंदेखि महिलाका विषयमा नकारात्मक

तथा अतिरञ्जित समाचारहरू सम्प्रेषित गर्दै आएका छन् । यस्ता लेख रचनाले महिला पाठकहरूमा अरुचि पैदा गर्छन् भने सकारात्मक लेख रचनाले उनीहरूमा पत्रपत्रिका पढ्ने अभिरुचि जाग्दछ । महिलाका विषयमा घटनाप्रधान समाचार लेख्दै आएका कतिपय पुरुष सञ्चारकर्मीहरूमा लैङ्गिक संवेदनशीलताको कमी स्पष्ट रूपमा देखिन्छ । त्यसैले गर्दा पनि महिलासम्बन्धी सकारात्मक समाचार लेखहरू जति आउनुपर्ने हो त्यति आउन सकिरहेका छैनन् । स्थापित प्रकाशनगृहहरूले पनि महिला पाठकहरूको संख्या बढाउनमा सकारात्मक सोच बनाएको देखिँदैन । महिलाको शारीरिक सुन्दरतालाई विज्ञापन र पत्रिका बिकाउने साधनका रूपमा प्रयोग गर्दै आइरहेका पत्रपत्रिकाले क्रियाशील तथा संघर्षशील महिला प्रतिभाको कदर गर्न सकेका छैनन् । कतिपय नियमित महिला पाठकहरू हाल प्रकाशित भइरहेका स्थापित पत्रपत्रिकामा महिला स्तम्भ छुट्याई महिला लेखकका लेख रचनाहरू नियमित रूपले प्रकाशित हुने हो भने पनि महिला पाठकहरूको संख्यामा बृद्धि हुने बताउँछन् । सामाजिक परिवर्तनका लागि महिला सशक्तीकरणसम्बन्धी कार्यमा सञ्चार माध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ भन्ने कुरा स्थापित प्रकाशनगृहहरूले समेत महसुस गर्न सकेका छैनन् ।

मानव सभ्यताको सुरुवात सूचना र सञ्चारबाट हुन्छ । छुटेको जहाँ सूरचा र संचार सहजै पुग्छ त्यहाँ परिवर्तनका लक्षणहरू देखा पर्दछन् । जहाँ पुग्दैन त्यहाँ विकासका सम्भावनाहरू प्रायः हराउँदै जान्छन् । वर्षौंदेखि महिलाहरूको पक्षमा यस्तै भइआएको छ । उनीहरूको समुचित विकास नहुनुमा राज्य मात्र होइन, सञ्चार पनि उत्तिकै जिम्मेवार छ । यसमा सरकारी र निजी प्रकाशनगृहहरू पनि दोषमुक्त भने छैनन् । 'गोरखापत्र' ले आफ्नो प्रकाशनको सय वर्ष पूरा गरिसक्दा आजसम्म एउटै पनि नारीप्रधान पत्रिका निकाल्न सकेको छैन । त्यस्तै अवस्था अन्य निजी प्रकाशनगृहहरूको छ । तीमध्ये कान्तिपुर दैनिकले नारी मासिकको प्रवेशाङ्क निकालेर आफू महिला वर्गप्रति संवेदनशील रहँदै आएको महिला पाठकहरूलाई अनुभूति गराएको छ । 'अस्मिता' मासिकले २०५० सालमा 'पत्रकारितामा महिला हिजो र आज' भन्ने वैशाख-जेठको अंकमा 'नेपाली पत्रपत्रिका र महिला सहभागिता' शीर्षकको लेखमा उल्लेख गरेअनुसार नेपालमा वि.सं. २०३६ देखि २०४३ सम्म करिब असी जना महिला पत्रकारहरूले नारीप्रधान पत्रपत्रिकाहरू प्रकाशित गरिसकेका छन् । तीमध्ये 'अस्मिता' मासिकले बाहेक कसैले पनि निरन्तरता भने दिन सकेनन् । 'अस्मिता'ले लोकप्रियता आर्जन गरिरहेको बेला पत्रिका नै बन्द हुनु महिला पाठकहरूको दुर्भाग्य नै भन्नुपर्छ । 'अस्मिता' पछिको नारीप्रधान पत्रिका 'ऋचा' मासिकले पनि आफ्नो प्रकाशनयात्रा लम्ब्याउन सकेन । अस्मिता महिला प्रकाशनगृहले 'अस्मिता' मासिक बन्द गरे पनि बेलाबेलामा महिलासम्बन्धी पुस्तकहरू प्रकाशित गर्दै आएको छ । त्यस्तै सञ्चारिका समूहले पनि मासिक रूपमा 'सञ्चारिका लेखमाला' निकाल्ने गरेको छ । उक्त लेखमालामा छापिएका लेख रचनाहरू बेलाबेलामा अन्य

पत्रपत्रिकामा समेत प्रकाशित हुने गर्दछन् ।

यसरी के देखिन्छ भने विगतमा स्थापित प्रकाशनगृहहरूले भन्दा महिला सञ्चार कर्मीहरूले एकल वा संयुक्त रूपमा नारीप्रधान पत्रपत्रिका निकाल्ने प्रयास गरेका थिए । महिला पाठक र महिला पत्रकारहरूको संख्यामा बृद्धि गराउन यसले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको देखिन्छ । उनीहरूले गरेको प्रयासकै फलस्वरूप आज महिला पाठकहरूमा पत्रपत्रिका पढ्ने अभिरुचि जाग्दै छ, जुन सामाजिक परिवर्तनका लागि सकारात्मक प्रयास पनि हो । आजका महिला पत्रकार लेखकहरूलाई यिनै अग्रज महिलाहरूको लेखकीयले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मार्गनिर्देशन गरिरहेको देखिन्छ । कतिपय पुरुष सञ्चारकर्मी लेखकहरूले पनि बेलाबेलामा महिलासम्बन्धी सकारात्मक लेख रचनाहरू लेख्दै आएका छन् । यस्ता सकारात्मक लेख रचनाले महिला पाठकहरूलाई आकर्षित गराउने हुँदा पुरुष सञ्चारकर्मीहरूलाई प्रकाशनगृहहरूले पनि मार्गनिर्देशन गर्दै लानुपर्ने देखिन्छ ।

यसका साथसाथै लैङ्गिक समानता तथा सञ्चारसँग आबद्ध क्रियाशील संघसंस्थाहरूले पनि बेलाबेलामा सञ्चारकर्मीहरूलाई महिलाका विषयमा संवेदनशील हुन उत्प्रेरकको भूमिका निर्वाह गर्नुपर्दछ । महिलाको व्यक्तित्व विकासमा मात्र होइन, सामाजिक परिवर्तनका लागि समेत उत्प्रेरित गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

यसरी महिला जनशक्तिलाई समयसापेक्ष देश विकासमा सहभागी गराउन नसक्नु सरकारी मात्र होइन निजी प्रकाशनगृहहरूको पनि कमी-कमजोरी रहँदै आएको छ । सन् १९९५ पछि सञ्चार जगत्मा महिलाहरूको सहभागिता केही बढ्न थालेको छ । तर अझै पनि प्रेसलगायत लैङ्गिक संवेदनशीलताको अभावले गर्दा नेपाली पत्रपत्रिकामा महिलासम्बन्धी सकारात्मक समाचार सामग्रीहरूले पर्याप्त ठाउँ पाउन भने सकेको छैनन् । यसले गर्दा महिला पाठकहरू सञ्चारसँग नजिकिन सकेका छैनन् । त्यसपछि बहुसख्यक महिलाहरूको सामाजिक पहिचान र आर्थिक स्तर कम हुने हुनाले सञ्चारले पनि महिलाहरूलाई निर्णायक शक्ति, विशेषज्ञ र कुशल प्रयोगकर्ताका रूपमा हेरेको पाइँदैन । यसले गर्दा पनि सकारात्मक लेख रचनाका विषयवस्तु बन्न सक्ने महिला प्रतिभाहरू ओझेलमा परेका छन् यद्यपि पितृसत्तात्मक र प्रतिबद्ध हुनसके नेपाली पत्रपत्रिकाले महिला सशक्तीकरणको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । यसका लागि सरकारी तथा साना ठूला निजी प्रकाशनगृहले महिलाप्रतिको आफ्नो पुरातन दृष्टिकोण र मानसिकतामा परिवर्तन गर्दै लानुपर्दछ ।

महिलाका विषयमा सञ्चारकर्मीहरू संवेदनशील हुँदै जाने हो भने पत्रपत्रिकालाई महिला सशक्तीकरण र लैङ्गिक समानताको पक्षमा उपयोग गर्न सकिने उपयुक्त वातावरणसमेत तयार हुँदै जाने देखिन्छ । जबसम्म सञ्चारकर्मीहरूले महिलाका विषयमा संवेदनशील भई सकारात्मक लेखरचनाहरू सम्प्रेषित गर्दैनन् तबसम्म महिलाहरूको प्राथमिकतामा पत्रपत्रिका पर्दैन । उनीहरूको प्राथमिकता वा रुचिमा पत्रपत्रिका नपर्नु भनेको सूचना र सञ्चारबाट

महिला वर्ग टाढिनु भनेको महिला विकास रोकिनु हो । महिलाको विकास रोकिनु भनेको समाज पछाडि पर्नु हो । समाज पछाडि पर्नु भनेको देश पछाडि पर्नु हो ।

यसरी निष्कर्षमा हेर्दा नेपाली पत्रपत्रिकाले अहिलेसम्म महिला सशक्तीकरण र लैङ्गिक समानताका निम्ति अपेक्षित रूपमा सकारात्मक भूमिका निर्वाह गर्न सकिरहेका छैनन् । स्थापित प्रकाशनगृहले महिला पाठकको रुचिलाई ध्यानमा राखी रचना सामग्री प्रकाशित गर्दै जाने हो भने भोलिका दिनमा महिला पाठकहरूले पनि पत्रिका किनेर पढ्ने वातावरण तयार हुँदै जानेछ । सञ्चार माध्यमहरूले यस्तो वातावरण तयार गर्न सके मात्र नेपाली पत्रपत्रिका र सञ्चारकर्मीले पत्रकारिताको धर्म निर्वाह गरेको ठहर्छ ।

❐

महिलाले पत्रिका बेच्दा

'दिदी ! पत्रपत्रिका बेचेर तपाईंको पेट्रोल खर्च उठ्छ ?' एकजना पुरुष पाठकले मेरो मोटरसाइकल हेर्दै प्रश्न गरे । 'हेर्नौं त्यही विचार गरेर त पत्रपत्रिका बेच्दैछु' मैले जवाफ फर्काएँ । त्यसपछि उनले एउटा पत्रिका किने ।

विगत तीन महिनादेखि मैले महिला पाठकहरूको सर्वेक्षण गर्ने क्रममा फुर्सतको बेला पत्रपत्रिका बेच्दै आएकी छु । विराटनगरमा पुरुष र बालकहरूले मात्र पत्रपत्रिका बेच्ने गर्दछन् । महिलाले पत्रपत्रिका बेच्दा कस्तो हुँदोरहेछ भन्ने अनुभव संगाल्न पनि मैले पत्रपत्रिका बेच्न सुरु गरेकी हूँ ।

महिला पाठकलाई मात्र हैन, पुरुष पाठकलाई पनि पत्रपत्रिका त्यति किन्न मन लाग्दोरहेनछ । महिला पाठकलाई त भूमिकामात्र हैन, सारसंक्षेपमा फोटा र रचना सामग्रीसमेत देखाउनुपर्छ । महिला पाठकलाई दैनिकभन्दा 'सुखी संसार' मासिक पत्रिका बेच्ने गर्छु । चिनेका साथीभाइले प्रोत्साहनका लागि किनिदिइहाले पनि नचिनेकाले 'ठीकै छ भनिहाल्नु भो' भन्दै किनिदिन्छन् ।

बल्लतल्ल किनी त दिन्छन् तर पैसाचाहिं भरै भोलि नत्र घरैमा लिन आउनुहोला भन्दै हप्ता दिनसम्म कुराउँछन् । फेरि त्यति जाबो बीस-पच्चीस रूपैयाँ माग्दै हिंड्न अप्ठारो लाग्दो रहेछ । कहिलेकाहीं त पाठकले सम्झे आफै पनि दिन्छन्, कहिलेकाहीं सम्झना गराइदिनुपर्छ ।

यसरी तीन महिनाको अवधिमा मैले महिलाले पत्रिका बेचेर जीविकोपार्जन गर्ने बेला अझै भएको रहेनछ भन्ने अनुभव गरें । अरुले पत्रिका बेचेको सजिलो देखिन्छ तर आफैंले बेच्नचाहिं त्यति सजिलो हुँदोरहेनछ । अर्को कुरा महिला पाठकको त कुरै छाडौं,

पुरुष पाठकलाई पनि कुनै नयाँ मदिरा (सबैलाई हैन) देख्दा स्वाद फेरिहालौं भन्नेजस्तो कुनै नयाँ पत्रिका देख्दा किनिहालौं जस्तो हुँदैनरहेछ । मैले पुरुष पाठकका लागि नयाँ अन्तर्राष्ट्रिय समाचार पत्रिका 'मुगलान' बेच्ने गरेकी छु । कतिपयले त पाँच-दश मिनेट सरसर्ती हेरेर भैगो फेरि अर्कोपटक किन्नुपर्ला भन्दै फर्काइदिन्छन् ।

यस्तै पत्रिका बेच्दाको एउटा घटना म सधैं सम्झन्छु । कुरो आजभन्दा दुई वर्षअघिको मात्र हो । केटाकेटीको बालदिवस नजिकिदै थियो, त्यसका लागि मलाई वाणी प्रकाशनले ५० प्रतिशतको विशेष छूटमा डा. विमला श्रेष्ठको 'सोसियल लाइफ इन नेपाल' भन्ने पुस्तक उपलब्ध गराइदियो । पुस्तकको मूल्य चार सय रूपैयाँ भएकोले व्यक्तिगतभन्दा संस्था वा कार्यालयले किनिदिन्छहोला भन्ने आश ममा थियो ।

त्यही सोच बनाएर म एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था पुगें । उक्त संस्थाले नै मलाई पहिलोपटक चन्दा दिएर राष्ट्रिय बालदिवस मनाउन प्रोत्साहित गरेको थियो । संस्थाका प्रमुखलाई मैले पुस्तक बेच्ने कारणसहित किनिदिन आग्रह गरें । उहाँले आफूले मात्र हैन, संस्थाका सबै पुरुष सहकर्मीलाई पुस्तक किनी सहयोग गर्नुपर्छ भन्दै किन्न लगाए ।

सोही संस्थामा कार्यरत एकजना महिला कर्मचारीले भने दस-पन्ध्र मिनेट पुस्तकबारे टीकाटिप्पणी गर्दै मलाई खर्च नलाग्ने कार्यक्रम गर्नुपर्छ भन्ने सल्लाह दिइन् । उनको नकिन्ने मनशाय बुझेर मैले सल्लाहका लागि धन्यवाद भन्दै बिदा लिएँ । महिला तथा बालबालिकालाई समेत सशक्त बनाउने एउटा दातृसंस्थामा कार्यरत महिलाको समाजप्रतिको यस्तो धारणाले मलाई एकैछिन् भए पनि सोच्न बाध्य तुल्यायो ।

उक्त घटनाले मेरो मनको कुनै कुनामा धेरै पढेर ठूला कार्यालयमा जागिर खाने, पुरानो इच्छालाई सदा-सदाका लागि त्यागिदिन सहयोग पुऱ्यायो । त्यस दिनपछि मलाई लाग्यो, 'समयले जे गर्छ ठीकै गर्छ ।' ती महिलाको ठाउँमा म भएको भए मेरा भावना पनि त्यस्तै हुन्थे होला, जसलाई आफू बस्ने समाजसित न त कुनै सरोकार हुन्छ न त चासो नै । यसरी पत्रपत्रिका र पुस्तक बेच्ने क्रममा मैले समाजका केही गण्यमान्य व्यक्तिसित भेट्ने मौका पाएकी छु । त्यस्तै एकजना स्त्रीरोग विशेषज्ञ (महिला)लाई पनि पुस्तक किनिदिन आग्रह गरें । उहाँले पनि आफ्नो कोर्सका बाहेक अन्य पुस्तक पढेर के गर्ने भन्दै टार्नुभयो । ढिलै भए पनि बालदिवसपछि विराटनगरका प्रखुम रमेशचन्द्र पौडेलले फोन गरी-गरी दुईवटा पुस्तक किनी सहयोग गर्नुभयो । यसरी नै मैले पन्ध्रवटा पुस्तक बेचेर केटाकेटीको बालदिवस मनाइदिएँ ।

यद्यपि सहरका बेरोजगार युवायुवतीको प्राथमिकतामा पत्रपत्रिका बेच्ने व्यवसाय पर्दैन । कतिपयलाई त पत्रपत्रिका बेचेर पनि आयआर्जन गर्न सकिन्छ ? भन्ने विश्वास लाग्दैन । तर, पथरीनिवासी महिलाद्वय सुशीला खड्का र मुना साङपाङले दैनिक सय रूपैयाँदेखि एक सय पचाससम्म आयआर्जन गर्दै आएको हामीले पत्याउनैपर्छ । आई. ए.

पास सुशीला खड्काले पत्रपत्रिकाका बेचेर गाडी चालक श्रीमान्लाई छोरा-छोरी पढाउन र घर व्यवहार चलाउन सघाइरहेकी छिन् ।

यसरी सहरका शिक्षित बेरोजगार महिलाहरू भन्दा गाउँका महिलाहरू मेहनतीमात्र हैन, साहसिला पनि हुन्छन् भन्ने कुरा सुशीला खड्का र मुन साङपाङले प्रमाणित गरि दिए । नेपालले सूचना-संचारको क्षेत्रमा जतिसुकै विकास गरे पनि महिलालाई कुनै न कुनै रूपमा सहभागी नगराउने हो भने त्यसको प्रत्यक्ष असर नेपाली जनजीवनमा पर्ने छ । सामाजिक चेतनाको विकास गराउन सूचना र संचारले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसले पनि मानिसलाई सशक्त बनाउँछ भन्ने कुराबाट महिलाहरू टाढिनुले हाम्रो चेतनाको विकास हुन नसकेको देखिन्छ ।

पत्रपत्रिकाले जबसम्म सबै वर्ग, जात, लिङ्ग, र धर्मका पाठकलाई समेट्ने किसिमको रचना सामग्री पस्कने प्रयास गर्दैन तबसम्म कुनै पनि पत्रपत्रिकाका प्रकाशनलाई पूर्ण सफल मान्न सकिदैन । यसलाई सफल पार्न महिला जनशक्तिको सहभागिता अनिवार्य छ चाहे त्यो पाठक र लेखकका रूपमा होस् चाहे हकरका रूपमा ।

❐

बहुविवाह पीडित महिलाहरूको गुहार र रमिते समाज

तीन वर्षदेखि बहुविवाहको पीडा सहँदै आएकी श्रीमती हुमागाईं आज कानुनी उपचार खोज्न पनि असमर्थ छिन् । गाडी लाइनमा काम गर्ने श्रीमान्को अनुपस्थितिमा घरपरिवारले उनलाई परपुरुषसँग उठबस गरेको आरोप लगाई घरबाट निकालिदिए । आफू माइत बसेको केही महिनापछि श्रीमान्ले पनि सौता भित्र्याए । दुई छोराछोरीकी आमा श्रीमती हुमागाईंले तीन वर्षसम्म छोराछोरीको वियोग सहनुपर्‍यो । जसले गर्दा आज उनीसँग छोराछोरीसमेत टाढिए । घरपरिवारले झूठो आरोप लगाए पनि श्रीमान्ले उनलाई घरपरिवार र कान्छीलाई फकाउन केही समय लाग्ने भन्दै तीन वर्षसम्म घरबाहिर खोक्रो माया देखाइरहे । तीन वर्षसम्म कुर्दा पनि श्रीमान्ले नभित्र्याएपछि केही दिन अघि उनले छिमेकीलाई गुहार्नुपर्‍यो । जबर्जस्ती घर प्रवेश गर्न खोज्दा उनले झण्डै आफ्नो हातको बूढी औंला गुमाउनु पर्‍यो । जिल्ला प्रहरीसामु श्रीमान् र सौताले बस्ने कोठा, मासिक खर्च र छोराछोरीसमेत दिने भनी कागज गरे । तर, दुई दिनपछि श्रीमान्ले छोराछोरीलाई घुमाउन लाने भनी आफूसँग लगे । आज उनी छोराछोरीका लागि तड्पिरहेकी छिन् ।

अन्तर्जातीय प्रेमविवाह गरेकी श्रीमती हुमागाईं मात्रै होइन सजातीय मागी विवाह गर्ने महिलाहरू पनि बहुविवाहबाट पीडित छन् । चारजना छोराछोरीकी आमा साह गतवर्षदेखि श्रीमान् कान्छी लिएर बेपत्ता भएपछि दाउरा व्यवसाय गरी जेनतेन परिवार धानिरेहकी छिन् । क्याम्पस पढ्ने छोराछोरीका कारण दुई वर्षसम्म श्रीमानले सौतालाई बाहिर डेरा गरी राख्दा उनले छिमेकीलाई मात्रै होइन सामाजिक संघ-संस्थालाई समेत गुहार्नुपर्‍यो । सबैले श्रीमान्लाई दुबै श्रीमतीसँगै राख्ने सल्लाह दिएपछि कान्छी लिएर श्रीमान बेपत्ता भएको कुरा श्रीमती साह बताउँछिन् । यसरी एक्काइसौं शताब्दीका नेपाली महिलाहरू

आज पनि बहुविवाहजस्ता सामाजिक कुसंस्कारबाट पीडित छन् । जसलाई पुरुषप्रधान समाजले सामान्यतया समस्याको रूपमा लिने गरेको पाइँदैन । यस्तो बहुविवाहको पीडा सहनेहरूमा निरक्षर, साक्षर गृहिणीदेखि लिएर पढेलेखेका कामकाजी महिलाहरू पनि पर्दछन् । जसमध्ये अधिकांश घरपरिवारको इज्जत र छोराछोरीको भविष्य बिग्रने डरले बहुविवाहको पीडालाई सहजताका साथ स्वीकार्ने गर्दछन् । तत्कालका लागि उनीहरूले परिस्थितिसँग सम्झौता गरिहाले पनि सौता-सौता बीचको चिसो सम्बन्धले छोराछोरीमा नकारात्मक असर पार्दछ । जसले कालान्तरमा ठूलो रूप पनि लिन सक्छ । यस्ता बहुविवाह गर्ने पुरुषहरूमध्ये थोरैले मात्र श्रीमतीहरूलाई समान व्यवहार गर्ने गरेको पाइन्छ ।

कतिपय अवस्थामा बहुविवाहको पीडा असह्य भएपछि महिलाहरूले आत्महत्या गरी श्रीमान् र सौताका लागि परिस्थिति सामान्य बनाइदिन्छन् । पीडित महिलाहरूका यस्ता कायरतापूर्ण व्यवहारले एकातिर बहुविवाह गर्न चाहने पुरुषहरूको मनोबल बढाउँछ अर्कातिर बहुविवाहकै कारण परिवार विखण्डनको अवस्थामा पुग्दछ । यति हुँदाखुँदै पनि पीडित महिलाहरूको गुहार सुन्ने फुर्सद न छिमेकीलाई छ न समाजलाई । यसले गर्दा बहुविवाहले हाम्रो समाजमा मौन स्वीकृति पाएको छ । छिमेकी पुरुषहरूको रमिते प्रवृत्तिले आज बहुविवाह गर्ने पुरुषहरूको संख्या बढ्दो छ । छिमेकी महिलाका पीडा भोलि आफ्नै छोराछोरीले सहनु पर्दा कसो होला भनी उनीहरूले चासोसमेत राख्ने गरेको पाइँदैन । फेरि पुरुष जातिले महिलामाथि गरेको अत्याचारका विरुद्धमा पुरुषहरू त्यति बोल्न रुचाउँदैनन् । छिमेकी महिलाहरूले चासो राखी पीडित महिलालाई सहयोग गर्न खोज्दा 'तपाईंहरूलाई केको टाउको दुखाइ' भन्न पनि पुरुषहरू पछि पर्दैनन् । छिमेकी पुरुषहरूका यस्ता गैरजिम्मेवारपूर्ण व्यवहारले पनि पीडित महिलाहरूको जीवन नरक तुल्य बन्दैछ ।

यद्यपि बहुविवाहसम्बन्धी प्रचलित कानुनले बहुविवाह गर्ने पुरुषलाई एक महिनादेखि दुई वर्षसम्म कैद र एक हजारदेखि दुई हजारसम्म जरिवाना गर्ने गरेको छ । यस्तै मुलुकी ऐनको एघारौं संशोधन विधेयक २०५८ ले पनि बहुविवाहको हकमा एकदेखि तीन वर्षसम्म कैद र पाँचदेखि २५ हजारसम्म जरिवाना गरिने व्यवस्था गरेको छ । जुन राजाबाट लालमोहर लाग्न बाँकी नै छ । यसरी कानुनले बहुविवाह गर्ने पुरुषहरूलाई सजायको भागिदार बनाए पनि व्यवहारिक भने देखिँदैन । किनभने अधिकांश पीडित महिलाहरू आफू पीडित भएको कुरा सार्वजनिक गर्न चाहँदैनन् । परनिर्भरता र अशिक्षाका कारण पीडित महिलाहरूले श्रीमान्का विरुद्ध उजुरी गर्नु अघिपछि धेरै सोच्नुपर्छ । बहुविवाह गर्ने श्रीमान्को विरुद्धमा उजुरी गर्न श्रीमतीले ठूलो साहस जुटाउनुपर्दछ । यस्तो साहस जुटाउन नेपाली महिलाहरूले अझै वर्षौं कुर्नुपर्ने देखिन्छ । वैवाहिक बन्धनमा बाँधिएपछि परपुरुषको कल्पनासम्म गर्न पाप सम्झने पतिव्रता नारीहरूलाई श्रीमान्हरूले सौता भित्र्याएर घरपरिवारप्रति अन्याय गर्दैछन् । अग्निलाई साक्षी मानी जीवनमा आइपर्ने दुःख-सुख मिलीजुली बाँड्ने बाचाबन्धनलाई बहुविवाह गर्ने

श्रीमान्ले बिसंदैछन् ।

बहुविवाह गर्नेमध्ये केहीले सन्तानका लागि वा दाम्पत्य जीवन असफल भएपछि दोस्रो-तेस्रो विवाह गर्ने गरे पनि अधिकांशले निजी स्वार्थ पूरा गर्न बहुविवाह गर्ने गर्दछन् । यसरी निजी स्वार्थ पूरा गर्न बहुविवाह गर्नेहरू जति नै सफल र सम्पन्न भए पनि उनीहरूको पारिवारिक र सामाजिक जीवन भने त्यति सफल देखिंदैन । बहुविवाह गर्ने विषयमा पुरुषहरू मात्र होइन महिलाहरू पनि उत्तिकै दोषी देखिन्छन् । विवाहित पुरुषप्रति आकर्षित हुने यस्ता महिलाहरूलाई न बाबु, माइतीको इज्जत ज़ाला भन्ने पीर हुन्छ न समाजको डर । यस्ता महिलाहरूले सुखमय वर्तमान मात्र हेरेका हुन्छन् न कि भविष्य । आफू एउटी महिला भएर महिलाको अधिकार खास्नु महापाप हो भन्ने कुरा यस्ता सौता हुन आउने महिलाहरूले सोच्ने गरेका हुँदैनन् । जसले गर्दा आज बहुविवाहले पाएको मौन स्वीकृति एउटा सामाजिक समस्या बन्दैछ । परम्परागत सोच र व्यवहारबाट निरन्तरता पाएको बहुविवाहले पारिवारिक कलह मात्र होइन मानिस-मानिस बीच वैमनष्यता बढाउँछ । यस्तो वैमनष्यताले मानिसको वर्तमान मात्र होइन भविष्य पनि अन्योलग्रस्त बनाउँछ ।

अझ कतिपय वडामा जनप्रतिनिधि वा ठूलाबडा स्वयंले कान्छी भित्र्याएपछि बहुविवाह एउटा जटिल समस्या बन्दै गएको छ । किनभने यस्ता ठाउँमा पीडित महिलाहरूको सुनवाइ हुँदैन । परिणामस्वरूप पीडित महिला र बालबालिकामाथि पीडक श्रीमान् र सौताको अत्याचार बढ्दै जान्छ ।

कोही सुख र वैशले मात्तिएर कोही आफूलाई सुखी र सुखी तुल्याउन बहुविवाह गर्ने पुरुषहरूलाई आजसम्म न त कानुनले सजायको भागिदार बनाउन सकेको छ न नागरिक समाजले पीडित पक्षलाई सहयोग नै गर्न सकेको छ । विवाहित महिलाहरू अर्को विवाह जौँदा कुरा काट्नेहरू पुरुषले बहुविवाह गर्दा 'राम्रो गर्नुभो' भन्दै बधाइ दिनसमेत पछि पर्दैनन् । आफूलाई नागरिक समाजका सचेत नागरिक भन्न रुचाउनेहरू आज सामाजिक कर्तव्यबाट विमुख हुँदैछन् । सचेत नागरिकले आफ्नो रमिते प्रवृत्ति बेलैमा त्यागी आफू सहयोगी बन्न सके पीडित महिला र बालबालिकाले न्याय पाउने देखिन्छ । यसका लागि बहुविवाहसम्बन्धी प्रचलित कानुन र लागू हुन बाँकी कानुनलाई समयसापेक्ष प्रभावकारी बनाउन नागरिक समाजले सहयोगी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

❐

महिलालाई बोक्सी बनाउने समाज

कदमा- ५ मोरङकी ६५ वर्षीया दयावती पासवानलाई दुई महिनाअघि छिमेकी चन्देश्वर शर्माले बोक्सीको आरोप लगाई मानसिक तथा शारीरिक यातना दिए । घटनाको विवरणअनुसार श्रीमती पासवानले शर्माका एघार वर्षीय छोरालाई पूजाको प्रसाद खान दिएपछि सामान्य टाउको दुखेको निहुँमा उनलाई बोक्सीको आरोप लगाइयो । त्यस्तै बुधनगर- ४ मोरङका फूलकुमार मण्डलले सर्पले टोकेर छोरी मरेपछि छिमेकी राधादेवी मण्डललाई बोक्सीको आरोप लगाई कुटपिट गरे । त्यसैगरी सिसवनी- ७ मोरङकी जगतपतिदेवी सिंह कोइरीलाई छिमेकीले आफ्नो भैंसी हराएको दोष लगाई बोक्सीको अरोप लगाए । श्रीमती कोइरीले आफू बोक्सी नभएको प्रमाण जुटाउन छोरासँग मिलेर ६ दिनमा भैंसी खोजी छिमेकीलाई बुझाइन् यति गर्दा पनि छिमेकीले उनलाई दोषी ठहऱ्याई शारीरिक यातना दिए ।

उपर्युक्त घटनाहरू एउटै जिल्लामा दुई महिनाअघिदेखि केही दिनको फरकमा भएका हुन् । गत साता राष्ट्रिय समाज उत्थान केन्द्र विराटनगरले बोक्सी आरोपित महिलाहरूले भोगेको तीतो यथार्थ जनसमक्ष ल्याउन 'सामाजिक अन्धविश्वासमा बोक्सी प्रथा' भन्ने एउटा अन्तक्रिया कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा पीडित महिलाहरूले हृदयविदारक व्यथा पोखेर सहभागीहरूलाई केही क्षणका लागि भए पनि भावविह्वल बनाएका थिए । उक्त कार्यक्रममा डा. गणेश छेत्रीले बोक्साबोक्सीसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा डा. छेत्रीले विकासोन्मुख देशमा विद्यामान बोक्सी प्रथा विगतमा विकसित मुलुकमा पनि हुने गरेको घटनाहरू उल्लेख गर्नुभएको छ । त्यसै गरी कार्यपत्रमा उहाँले नेपाली जनजीवनमा बोक्साबोक्सीसम्बन्धी जनविश्वास

कस्तो रहिआएको छ भन्ने विषयमा विश्लेषणात्मक पक्षहरू केलाउने प्रयास गर्नुभएको छ । यसैगरी केही वर्षदेखि बोक्सीसम्बन्धी समाचारहरूले पनि नेपाली सञ्चारमाध्यमहरूमा प्राथमिकता पाउँदै आएका छन् । यसको पछिल्लो उदाहरण मरनीदेवी बन्न पुगिन् समाचारले सञ्चारमाध्यमहरूमा प्राथमिकता पाएकै कारण आज बोक्सीसम्बन्धी जनचासो बढ्दै गएको देखिन्छ । यद्यपि मोरङ, सुनसरी र सिराहामा सात जना महिलाहरू बोक्सीको निहुँमा प्रताडित हुन पुगेको (कार्यपत्रमा उद्धृत) समाचारले नागरिक समाजलाई स्तब्ध तुल्याएको छ ।

बोक्सीको आरोपमा नेपालको तराई भागका महिलाहरू बढी प्रताडित हुने गरेका छन् । अधिकांश गरिबी र अशिक्षाले पिल्सिएको समाजमा यस्ता घटना हुने गरेको पाइन्छ । त्यसमाथि पनि असहाय, बृद्धा र निमुखा महिलाहरूलाई बोक्सीको आरोप लगाइने गरेकाले बोक्सीसम्बन्धी अन्धविश्वासले प्रश्रय पाएको देखिन्छ । महिलामाथि हुने हिंसामध्ये बोक्सी प्रथा पनि पर्दछ । पुरुषप्रधान समाजमा सामान्यताया महिलाहरूको अस्तित्वलाई स्वीकारिदैन । कहिलेकाहीं क्रियाशील महिलाहरूका क्रियाकलाप समाजका टाठाबाठा कहलिने पुरुषहरूका लागि असह्य बन्न पुग्दछ । त्यस्ता समाजमा क्रियाशील महिलाहरूलाई यदाकदा बोक्सीको आरोप लगाई प्रताडित गरेका घटनाहरू प्रकाशमा आएका छन् । मरनीदेवी पनि यस्तै क्रियाशील महिलाहरूमध्ये पर्छिन् । यद्यपि महिलाहरूलाई कुनै न कुनै रूपमा प्रताडित गरी आत्मसन्तुष्टि लिने पुरुषहरू गाउँघरमा प्रशस्त भेटिन्छन् । यस्ता पुरुषहरूले आफ्नो घरका महिला सदस्यमाथि वर्षेदेखि अन्याय र अत्याचार गर्दै आएका हुन्छन् ।

यस्ता बोक्सीसम्बन्धी घटनाहरूमा यस्ता पुरुषहरूको पशुत्व व्यवहार नै बढी दोषी मानिन्छ । किनभने महिला-महिलाबीचको झैझगडाले तबसम्म विकराल रूप लिदैन जबसम्म पुरुषले साथ दिदैनन् । यस्तै बोक्सी आरोपित महिलाहरूलाई पनि यस्तै पशुत्व व्यवहार गर्ने पुरुषकै अगुवाइमा यातना दिइन्छ । आफ्ना श्रीमतीसँग पशुत्व व्यवहार गर्दै आएका अधिकांश पुरुषहरू परस्त्रीलाई पीडा पुऱ्याई आत्मसन्तुष्टि प्राप्त गर्ने चाहना राख्ने गर्दछन् । यस्ता पुरुषहरूको असामाजिक व्यवहारले समाजलाई सधैं अँध्यारोतिर धकेलिरहेको हुन्छ ।

केही समययता बोक्सीसम्बन्धी घटनाहरूमा जनप्रतिनिधिहरूको प्रत्यक्ष वा परोक्ष संलग्नता रहने गरेको यथार्थ प्रकाशमा आएको छ । समाजको विकास गर्ने जिम्मा लिएका यस्ता जनप्रतिनिधिहरूको संलग्नताले आज बोक्सीपीडित महिलाहरूमाथिको अत्याचार बढ्दै गएको छ । यस्ता बोक्सी आरोपित महिलाहरूमाथि हुने गरेका ज्यादतीलाई छरछिमेकीले पनि बेवास्ता गर्दै आएका छन् । उनीहरूको असहयोगी व्यवहारले पनि पीडकलाई झन् उत्साहित बनाएको छ । यस्तै प्रहरी प्रशासनले पनि बोक्सी आरोपित महिलाहरूको पीडालाई गहन रूपमा लिने नगरेको कुरा पीडित महिलाहरू बताउँछन् । त्यसैले पनि

अधिकांश यस्ता घटनाहरू गाउँमै मिलाउने गरिन्छ । यसले गर्दा पनि यस्ता घटनाहरूको पुनरावृत्ति भइरहन्छ भन्ने पछिल्लो घटनाक्रमले देखाएको छ ।

नेपाली समाज पुरुषप्रधान भएकाले पुरुषलाई बोक्साको आरोप लगाइँदैन । बरु उनीहरूले जानेका तान्त्रिक विद्या रोग निको पार्न वा बोक्सी आरोपित महिलाको कथित विद्या नष्ट गर्न प्रयोग हुन्छ भन्ने जनविश्वास रहिआएको छ । वर्षैदेखि यस्ता कुसंस्कारलाई निरन्तरता दिने समाजले धामी-झाँक्रीका रूपमा पुरुषलाई देउतासरह मान्दै आएको छ । यस्ता पुरुषहरूकै अगुवाइमा महिलाहरूलाई बोक्सीको आरोप लगाइन्छ र बोक्सी मन्त्र नष्ट गर्ने नाउँमा असहाय महिलालाई शारीरिक र मानसिक यातना दिने गरिन्छ ।

महिला वर्गमाथि अत्याचार गर्दै आएका पुरुषका असामाजिक व्यवहारलाई नागरिक समाजले पनि सहजताका साथ स्वीकार्दै आएको छ । त्यसैले पनि आज बोक्सी आरोपित महिलाहरूको पीडालाई समाजले आत्मानुभूति गर्न सकेको छैन । बोक्सीसम्बन्धी छापिएका हृदयविदारक समाचारहरू केही दिन जनचासोको विषय बने पनि यसलाई उन्मूलन गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जान सकेको छैन । यद्यपि यस्ता सामाजिक अन्धविश्वासभित्र पर्ने बोक्सी प्रथालाई एकै चोटि उन्मूलन गर्ने काम त्यति सम्भव देखिदैन । तैपनि सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको सहकार्यले जनचेतना जगाउने जस्ता कार्यक्रमहरू गर्न भने नसकिने होइन । यसका लागि राज्य स्वयं पनि बोक्सी आरोपित महिलाहरूप्रति संवेदनशील भई कानुन बनाउनतर्फ गम्भीर हुनुपर्दछ ।

महिलाविरुद्ध हुने गरेका यस्ता हिंसाले एकातिर महिलाहरूको मानव अधिकार हनन भइरहेको छ भने अर्कातिर महिला अधिकारवादीहरूले पनि बोक्सी आरोपित महिलाका पक्षमा आवाज उठाउन सकिरहेका छैनन् । यद्यपि महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिलाई नेपालले अनुमोदन गरेको एक दशक बितिसकेको छ । यस अर्थमा महासन्धि आज यस्ता असहाय महिलाका अधिकारको रक्षा गर्न असफल भएको छ । महिलाको मानव अधिकार रक्षा गर्न अनुमोदन गरिएको महासन्धि आज महिलाविरुद्धको हिंसा रोक्न तथा आम जनतालाई महिला हिंसाको अर्थ बुझाउन सरकारका कारण असफल भएको यथार्थ यस्तै अमानवीय घटनाले उजागर गर्दै छ ।

एकातिर राज्यले बोक्सी आरोपित महिलाहरूलाई उचित न्याय दिलाउन सकेको छैन, अर्कातिर पीडित महिलाहरूलाई मर्यादित जीवन विताउन नागरिक समाजले समेत चासो राखेको पाइँदैन । यस्तो अवस्थामा महिला अधिकारसम्बन्धी कार्य गर्दै आएका केही गैरसरकारी संघसंस्थाहरूले न्यायका लागि पहल गर्दै आएको देखिन्छ । कतिपय अवस्थामा बोक्सीसम्बन्धी कानुन नभएका कारण अभियुक्तहरू सजिलै छुट्ने गर्दछन् भने बोक्सी आरोपित महिलाहरूका परिवारलाई समाजले सहजै स्वीकार गरेको पाइँदैन । यस्ता महिलाहरूप्रति राज्य संवेदनशील हुन नसकेका कारण बोक्सीसम्बन्धी कानुन बनाउनतर्फ

कानुनविद्हरूको पनि ध्यान जान सकेको छैन ।

राज्यबाट हुने गरेका यस्ता हेलचेक्रयाइँले पनि आज गाउँघरका असहाय महिलाहरू बोक्सीको आरोपमा अपहेलित र अमर्यादित जीवन विताउन बाध्य छन् । राज्यले बोक्सी आरोपित महिलालाई उचित न्याय दिलाउन नसके पनि विगत केही वर्षयता सञ्चारमाध्यमहरूले भने बोक्सीसम्बन्धी घटनाहरूलाई जनसमक्ष ल्याउने प्रयास गर्दै आएका छन् । सञ्चारमाध्यमकै कारण नेपालको इतिहासमा पहिलोपटक बोक्सी आरोपित महिला मरनीदेवी राष्ट्रिय चर्चाको विषय भइन् र सामाजिक अन्धविश्वासभित्र पर्ने बोक्सी काण्ड चर्चाको विषय बन्न पुग्यो । यति हुँदाहुँदै पनि यससम्बन्धी कानुन बन्न नसकेका कारण आज पनि महिलाहरू बोक्सीको आरोपमा पीडित बनाइने क्रम जारी छ ।

आफ्नो मानव अधिकारको रक्षा गर्न पीडित महिलाहरू न संसद् घेर्न सक्छन् न त सडक तताउन नै सक्छन् । उनीहरूप्रतिको बेवास्ताले गर्दा आज नागरिक समाजका सचेत नागरिकहरू आफूलाई सभ्य भन्न हिचकिचाउनुपर्ने अवस्था सिर्जना भएको छ । जबसम्म राज्य स्वयं महिलाविरुद्धको हिंसाभित्र पर्ने बोक्सी प्रथाप्रति संवेदनशील भई प्रभावकारी कानुन बनाउँदैन तबसम्म असहाय महिलाहरूका मानव अधिकारहरू बोक्सीका आरोपमा यसरी नै हनन भइरहेछन् ।

❐

स्थानीय राजनीतिमा महिलाको सहभागिता

- "बल्ल ढुक्क भयो, जिम्मेवारीबिनाको पदावधि सकियो ।"
- "महिला सदस्यले जति नै गरे पनि पार्टीले मूल्यांकन गर्ने हैन ।"
- "खोइ, महिला सदस्य भएर के नै गर्न सकियो र ?"
- "चुनावकै बेला त हो नि महिलालाई सम्झने !"

उपर्युक्त अभिव्यक्तिहरू विराटनगर उपमहानगरपालिकाका निवर्तमान महिला सदस्यहरूका हुन् । उनीहरूको अभिव्यक्तिले स्थानीय राजनीतिमा महिलाहरूको सहभागिता कस्तो रहेछ भन्ने बुझिन्छ । यस्ता अभिव्यक्तिमा उनीहरूको पृष्ठभूमि र रुचि परिलक्षित हुन्छ । यद्यपि उनीहरूको अभिव्यक्तिमा एउटा सत्य लुकेको छ त्यो हो अवसर र मूल्यांकनको खाँचो । पदअनुसारको जिम्मेवारी दिइएको भए केही गर्न सकिन्थ्यो कि भन्ने आशय सबैको नभए पनि केही क्रियाशील महिला सदस्यहरूको अभिव्यक्तिमा लुकेका देखिन्छ ।

यसरी स्थानीय निकायमा महिला सदस्यहरूले सँगालेका विगत र वर्तमानका अनुभवले उनीहरूमा कतिको राजनीतिक सशक्तीकरण भयो त भन्ने सहजै अनुमान गर्न सकिन्छ । महिलाले राजनीति गर्नु हुँदैन, घर विग्रन्छ भन्ने पुरातन सोचाइ नेपाली समाजमा व्याप्त छ । यस्तै पितृसत्तात्मक सोच र लैङ्गिक विभेदले यसलाई झन् जटिल बनाएको छ । महिला र पुरुष विकासरूपी रथका दुई पाङ्ग्रा हुँदाहुँदै पनि उनीहरूबीच थुप्रै असमानता छन् । हुन त विकासका अरु सूचकहरू जस्तै शिक्षा, स्वास्थ्य, रोजगारीका अवसर र संलग्नता आदि कुराहरू महिलाका पक्षमा छैनन् भने एकैचोटि राजनीतिमा उनीहरूको सहभागिता बढाउन खोजेर अवश्य सकिन्न । तर यसका उपायहरूको खोजी

र बढीभन्दा बढी अवसरहरू प्रदान गर्नुचाहिं आवश्यक छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४४ ले प्रतिनिधिसभाका लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक दलले पाँच प्रतिशत महिला उम्मेदवार अनिवार्य हुनुपर्ने व्यवस्था गऱ्यो । यसका लागि स्थानीय तहबाटै तयारी गर्दै लानुपर्ने आवश्यकता महसुस गरी २०५४ सालको स्थानीय चुनावमा हरेक गा.वि.स./वडाबाट अनिवार्य रूपले महिला सदस्य उठाउनुपर्ने नीति बन्यो । फलस्वरूप सम्पूर्ण राजनीतिक पार्टीहरूले पूर्वतयारीविना महिला उम्मेदवारहरू पठाए । केही महिलाहरूले चुनाव जिते पनि । यसरी पूर्वतयारीबिना स्थानीय निकायमा पुगेका महिलाहरूले केकस्ता योगदान दिए र उनीहरूमा कत्तिको राजनीतिक सशक्तीकरण भयो भन्ने थुप्रै गम्भीर प्रश्न उठ्न सक्छन् । यस्ता गम्भीर प्रश्न र विषयहरूलाई राजनीतिक दलहरूले कार्यान्वयनमा भन्दा भाषण र घोषणापत्रमा मात्रै सीमित राखेको पाइन्छ । स्थानीय निकायमा पुगेपछि जनप्रतिनिधिले आफूलाई देश र जनताप्रति कसरी जिम्मेवार बनाउँदै लाने भन्ने विषय गौण बन्दै जान्छ । स्थानीय राजनीतिमा चासो राख्ने र स्थानीय निकायमा आफ्नो कार्यक्षमता अभिवृद्धि गर्न नपाएका क्रियाशील महिला सदस्यहरू आज हतोत्साहित भएका छन् । स्थानीय राजनीतिमा जनप्रतिनिधिको क्रियाशीलता र व्यक्तिगत आचरणले जनतामा सकारात्मक प्रभाव पार्छ भन्ने कुरा अधिकांश जनप्रतिनिधिले चुनाव जितेपछि बिर्सने गर्छन् । ती कुरा महिलाहरूमा पनि लागू हुने गर्छ ।

विगतको निर्वाचनमा पाँच प्रतिशतजस्तै आगामी निर्वाचनमा पनि राजनीतिक दलहरूले ३३ प्रतिशत महिला उम्मेदवार उठाउने भनी भाषण गर्दै छन् । तर ३३ प्रतिशतमा कस्ता पृष्ठभूमि र योग्यता भएका महिला उम्मेदवार हुने हुन्, त्यसबारे राजनीतिक दल र महिला मतदाताहरू अन्योलग्रस्त छन् । विगतमा जस्तै राजनीतिक दलहरूबाट भएका कमीकमजोरीको पुनरावृत्ति हुँदैन भन्न सकिदैन ।

नेपाली समाजमा अझै पनि महिलाले सक्रियतापूर्वक राजनीति गर्न सक्ने उचित वातावरण तयार भइसकेको छैन । तैपनि स्थानीय राजनीतिमा लागेर आफूलाई क्रियाशील बनाउन चाहने महिलाहरू यदाकदा भेटिन्छन् । कुनै पनि वर्ग वा जनजातिले आफ्नो विकासका लागि सम्बन्धित क्षेत्रमा नपुगी साधन र स्रोत परिचालन गर्न सत्ताको पद नओगटी र आफैं निर्णयकर्ता नभईकन अवसरको समानता पाउन सक्तैन । यसरी नै राष्ट्रिय जनजीवनका आधा भाग हुँदाहुँदै पनि आज राजनीतिमा न्यून सहभागिताका कारण महिलाहरू हरेक क्षेत्रमा पछि गरेका छन् ।

स्थानीय राजनीतिमा महिला सहभागिताको प्रश्न उठाउनेबित्तिकै राजनीतिक दलहरूले आ-आफ्ना विभाग वा निकायतिर देखाउँछन् । संघ छन्, संगठन छन् तर तिनका अस्तित्व राजनीतिमा लाग्न चाहने महिलाहरूलाई मुख्य राजनीतिक धारतिर आउन नदिन अलमल्याएर राख्ने माध्यमका रूपमा रहेको छ । अझ साँच्चै भन्ने हो भने

स्थानीय राजनीतिमा शिक्षित महिलाहरूभन्दा कम पढेका महिलाहरू नै बढी क्रियाशील छन् जहाँ उनीहरू निर्णयकर्ता हैन, पुरुष सहकर्मीहरूले गरेका कामका साक्षी वा तमासेको भूमिका निर्वाह गर्ने गर्छन् । पार्टीको मुख्य कार्यकारी विभागमा महिला किन कम छन् भनेर कसैले चासो राख्यो भने एउटै उत्तर आउँछ- 'ल, उहाँहरूको त छुट्टै संघ/संगठन छ नि !' तर अहिलेसम्म त्यस्ता महिला निकायहरूले निर्णय गरी सिफारिससाथ पार्टीमा कुनै कुरा वा महिला उम्मेदवार पठाएर पार्टीले सोहीअरूप कार्यक्रम वा नीति तय गरेको विरलै सुन्न पाइन्छ ।

स्थानीय राजनीतिमा महिला निकायहरूको निष्क्रियता र गैरजिम्मेवारपूर्ण कार्यशैलीका कारण वर्षौंदेखि राजनीतिमा लागेर आफ्नो उत्पादनशील उमेर खर्चेका क्रियाशील महिलाहरू कालान्तरमा राजनीतिबाट विमुख हुने गर्छन् । यसले आममहिलामा नकारात्मक असर पार्छ । कहिलेकाहीं उम्मेदवार छनौटमा भएका गलत प्रक्रियाले स्थानीय महिलाहरूबीच मनमुटावको वातावरणसमेत सिर्जना हुने गर्छ । त्यसमाथि पुरुषप्रधान राजनीतिक पार्टीहरूमा भइरहने दाउपेच र आफू अघि बढ्ने दौडमा महिलाहरू सधैं पछाडि पर्छन् । यस्तो अवस्थामा शिक्षित र योग्य महिलाहरू स्थानीय राजनीतिमा प्रवेश गर्न हिचकिचाउँछन् ।

ठूलाबडा घरका राजनीतिक पृष्ठभूमि भएका शिक्षित र योग्य महिलाहरू स्थानीय राजनीतिमा प्रवेश गर्दै जाने हो भने हाल भइरहेको अस्वस्थकर राजनीतिक माहौल पनि केही हदसम्म स्वस्थकर हुँदै जाने देखिन्छ । यसको उदाहरण हामी विकसित तथा विकासशील देशहरूको राजनीतिक गतिविधिबाट थाहा पाउन सक्छौं, जहाँ महिलाहरू राष्ट्रप्रमुख, सरकारप्रमुख तथा माथिल्लो ओहदामा पुगेर आफूलाई स्थापित गराउँदै आएका छन् । त्यस्तै हाल अमेरिकी मन्त्रिपरिषद् र राष्ट्रपति भवनका महत्त्वपूर्ण ५७ मध्ये ८ स्थानमा महिलाको सहभागिता छ, जसमध्ये राष्ट्रिय सुरक्षा परिषद्जस्तो महत्त्वपूर्ण र संवेदनशील स्थानमा कन्डलिजा राइस र अमेरिकी राष्ट्रपति जर्ज बुशको विशेष सल्लाहकारमा केरेन घ्यजजस्ता महिला व्यक्तित्व समावेश भएका छन् । नेपाली महिलाहरूको दुर्भाग्य नै भन्नुपर्छ उनीहरूले आजसम्म स्थानीय निकायमा सभापति, उपसभाति, नगरप्रमुख, उपप्रमुखको त कुरै छाडौं, गा.वि.स. अध्यक्ष र वडा वडाध्यक्षका रूपमा आफू प्रमुख भएर अनुभव बटुल्ने अवसरसमेत पाएका छैनन् । स्थानीय राजनीतिमा राजनीतिक दलहरूले महिलालाई निर्णायक तहमा पुऱ्याउन नसकेर पनि आज महिला जनप्रतिनिधि र मतदाताहरूमा राजनीतिक वितृष्णा बढेको छ ।

स्थानीय राजनीतिमा महिलाहरूको सहभागिताले राष्ट्रिय राजनीतिमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ भन्ने कुरा राजनीतिक दलहरूले बिर्सन मिल्दैन । यस्तै स्थानीय निकायमा क्रियाशील महिलाहरूलाई सहभागी गराउँदा महिलासँग जोडिएका थुप्रै समस्या उजागर हुने गर्छन् भन्ने कुरा भारतको स्थानीय निकायमा महिलाहरूको सहभागिताबारे गरिएको एउटा अध्ययनले देखाएको छ । त्यहाँ महिला उम्मेदवारहरूले

चुनाव जित्नलाई राजनीतिक हतकन्डा अपनाउने गर्दैनन् । जनताले मन पराए भोट दिन्छन् भन्ने आत्मविश्वासकै भरमा अधिकांश भारतीय महिलाहरूले चुनाव जित्ने र हार्ने गर्छन् । त्यस्तै भारतको पञ्चायती राजमा महिला प्रतिनिधिका भोगाइहरूलाई समेटेर महिला जनअधिकार समिति राजस्थानले 'पञ्चायत लुगाया री' नामक पुस्तक तयार गरेको छ, जसलाई दिल्लीस्थित बुक्स फर चेन्ज नामक संस्थाले केही समयअघि प्रकाशित गरेको छ । नेपालको स्थानीय र राष्ट्रिय राजनीतिमा महिलाहरूको सहभागिता बढाउन उक्त पुस्तकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

स्थानीय राजनीतिमा राम्रो छवि भएका क्रियाशील महिलाहरू मुख्य राजनीतिक धारमा पुग्दा अन्य महिलाहरूलाई पनि राजनीतिमा प्रवेश गर्ने उचित वातावरण बन्दै जाने देखिन्छ । चुनावताका मात्रै महिलाको हकहितबारे जोडदार भाषण गर्ने र चुनाव जितेपछि उदासीन रहने राजनीतिक दलहरूको प्रवृत्तिले महिलाहरूलाई निराश पारेको छ महिलाहरूको समस्यालाई प्रभावकारी रूपमा प्रस्तुत र कार्यान्वयन गर्न महिला जनशक्ति नै चाहिन्छ । नेपालको मूल राजनीतिमा यस्ता महिलाहरूको स्पष्ट अभाव रहँदै आएको छ ।

प्रजातन्त्र पुनर्स्थापनाको तेह्रवर्षे इतिहासलाई त्यति लामो मान्न सकिन्न तैपनि प्रजातन्त्रप्राप्तिमा महिलाहरूले गरेका योगदानको कदर गरी महिला राजनीतिज्ञहरूलाई जिम्मेवारीपूर्ण पद र अवसर दिँदै जाने हो भने स्थानीय राजनीतिमा पनि महिलाहरूको सहभागिता बढ्दै जाने थुप्रै सम्भावना देखिन्छ । यसका लागि पुरुष राजनीतिज्ञहरूले पुरातन मानसिकतालाई त्यागी महिला नेतृलाई आफ्नो प्रतिद्वन्द्वी होइन, देश विकासमा साथ दिने सहयोगीका रूपमा उनीहरूको क्रियाशीलता र अस्तित्वलाई स्वीकार्दै जानुपर्छ ।

❐

माछा व्यापारमा उत्साही विराटनगरका महिला व्यवसायी

विगत चौध वर्षदेखि माछा व्यवसाय गर्दै आएकी विराटनगर- १५ की सुकुमरिया सहनी थोक बिक्रेता हुन् । विराटनगरका पाँचजना माछा व्यवसायी थोक विक्रेतामध्ये सुमुरिया सहनी पनि पर्छिन् । उनी एक दिन बिराएर भारतको सिलिगुडीबाट एक पटकमा तीन/चार सय केजी माछा ल्याउने गर्छिन् । दश हजार पुँजीबाट माछा व्यवसाय गरेर बेरोजगार श्रीमान् र छोराछोरी पाल्दै आएकी छिन् । त्यति मात्र होइन, उनले एउटा छोरालाई बोर्डिङ स्कुलको छात्रावासमा वार्षिक रु. चालीस हजार तिरेर पढाउँदै आएकी छिन् । उनले ल्याएको माछा पन्ध्र/ वीस जना खुद्रा महिला व्यवसायीहरूले लाने गरेको बताउँछिन् ।

'हाम्रो बूढो काम गर्दैन, मैले नै माछा बेचेर परिवार पाल्दै छु ।' अर्की माछा व्यवसायी कोकनी सहनी बताउँछिन् । पुँजी भएको बेला उनी आफैं पनि सिलिगुडीबाट माछा ल्याउने गर्छिन् । यसरी दैनिक दुईदेखि तीन सय केजी माछा बिक्री हुने विराटनगर मा अधिकांश माछा व्यवसायी महिलाहरू नै छन् । विगत दश वर्षदेखि माछा व्यवसाय गर्दै आएका थोक बिक्रेता सुशील सहनी विराटनगरको माछा बजार तथा हटिया (साप्ताहिक बजार)मा दैनिक तीसदेखि पैंतीसजना महिलाहरूले माछा बेच्ने गरेको बताउँछन् ।

माछा व्यवसायमा लागेका अधिकांश महिला व्यवसायीहरू श्रीमान् बेरोजगार भएका कारण माछा बेच्नुपरेको बताउँछन् । आफ्ना श्रीमान्को घर-परिवारप्रतिको गैर जिम्मेवारपूर्ण व्यवहारले पनि उनीहरूलाई माछा व्यवसाय आकर्षित गरेको देखिन्छ । यस्त विगत दश वर्षदेखि श्रीमान्सँगै माछा व्यवसायमा लागेकी दुगदिवी सहनी-

श्रीमान्/श्रीमती एउटै व्यवसायमा लाग्दा सधैं नाफा नभए पनि त्यति घाटा भने नहुने बताउँछिन् । माछा व्यवसाय गरेर उनीहरूले विराटनगर- १५ को बाटो छेउमा पक्की घर बनाएर भाडामा समेत लगाएका छन् । त्यति मात्र होइन, उनीहरूका छोराछोरी सबै स्कुल जाने गर्दछन् ।

मधेसी समुदायमा विवाहित महिलाहरूले घरबाहिर काम गर्नु हुँदैन भन्ने पुरातन परम्परालाई माछा व्यवसायी महिलाहरूले चुनौती दिएका छन् । विराटनगरमा साँझपख मात्रै माछा बिक्री वितरण हुने गरेकोले, माछा बेच्न त्यति गाह्रो नहुने माछा व्यवसायी महिलाहरू बताउँछन् । कतिपय माछा व्यवसायी महिलाहरू विराटनगरको साप्ताहिकरूपमा लाग्ने हटिया (बजार)मा ढुवानी गरेरसमेत माछा बेच्ने गर्दछन् ।

यसरी वर्षौंदेखि महिलाहरूले माछा व्यवसाय गर्दै आए तापनि पूर्ण व्यावसायिक भने भइनसकेको थोक विक्रेता सत्यनारायण सहनी बताउँछन् । कतिपय महिला माछा व्यवसायीहरू माछा सधैं बिक्री गरे पनि थोक बिक्रेतालाई सधैं पैसा बुझाउँदैनन् । आपसी समझदारी बनाउन र थोक बिक्रेतालाई नियमित पैसा बुझाउने भनी उनीहरूले माछा व्यवसायीहरूको समिति पनि बनाएका थिए । तर यसमा उनीहरू सफल हुन भने सकेनन् ।

माछा व्यवसायी महिला र पुरुषहरूलाई व्यवसायिक बनाउन सके अन्य महिलाहरू पनि माछा व्यवसायमा आउन सक्ने थोक बिक्रेता सहनी बताउँछन् । श्रीमान् बेरोजगार र जँड्याहा भएका कारण घरपरिवार धान्न गाह्रो पर्दा अधिकांश मधिसे समुदायका महिलाहरू माछा व्यवसाय नै अपनाउने गर्दछन् । यसरी शहरी क्षेत्रमा बसोबास गर्दै आएका मधिसे समुदायका महिलाहरूले माछा व्यवसाय अपनाएर महिला सशक्तीकरणको नयाँ अध्याय सुरु गरेका छन् ।

सिलाइ व्यवसायले दिएको रोजगारी

रंगेली रोड विराटनगरमा विगत १३ वर्षदेखि सिलाइ पसल चलाउँदै आएकी सरस्वती कार्की व्यस्त सिलाई व्यवसायीहरूमध्ये पर्छिन् । सुरुमा एकजना सहयोगी राखेर सिलाइ पसल सुरु गर्नुभएकी श्रीमती कार्की आज ११ जना सहयोगी महिलालाई रोजगारी दिन सफल भएकी छन् । श्रीमती कार्की सिलाई पलसबाट पूर्ण सन्तुष्ट हुनुहुन्छ । सिलाइ पसलबाट सिजनमा उनले मासिक ८ देखि १० हजारसम्म आर्जन गर्ने गर्छिन् । त्यसैगरी सहयोगी महिलाहरूले जति सिलाउँछन् प्रति गोटाको हिसाबले पाउने गर्दछन् ।

त्यस्तै पिचरा चोक विराटनगर- १५ की प्रमिला राई पनि विगत ५ वर्षदेखि सिलाइ पसल चलाउँदै आएकी छिन् । सुरुमा दिदी पर्नेसँग साझेदारीमा सिलाइ पसल सुरु गरेकी प्रमिला अहिले दुई सहयोगी महिलालाई रोजगारिबाट अवस्थामा पुगेकी छिन् । उनको पसलमा चौबन्दीदेखि लिएर महिलाका आधुनिक पहिरनहरू सिलाइन्छ ।

यसैगरी सिलाइ व्यवसायमा राम्रो भविष्य देख्ने अर्का सिलाइ व्यवसायी मनोरमा खनाल जागिर र सिलाइ व्यवसायमा सन्तुलन मिलाइ विगत १७ वर्षदेखि सिलाइ पसल चलाउँदै आउनुभएको छ । उहाँ आउँदो केही महिनाभित्र जागिरबाट अवकाश लिई सिलाइ व्यवसायलाई अघि बढाउने सोचमा हुनुहुन्छ ।

यसरी केही वर्षअघिसम्म मन परेको लुगा सिलाउन पुरुषहरूमा भर पर्नुपर्थ्यो भने अहिले महिलाले व्यवसाय अपनाएपछि महिलाका लागि सजिलो भएको छ । कतिपय सिलाइ व्यवसाय अपनाउने महिला जागिरभन्दा लुगा सिलाउने पेसा राम्रो भन्दछन् । किनभने सिलाइमा जति पुरानो हुँदै गयो सिलाइ पनि खारिँदै जाने महिला व्यवसायीहरू बताउँछन् । उनीहरूका अनुसार एकपटक ग्राहकको कपडा राम्रो सिलाइदिएपछि जति नै

टाढाका भए पनि उनीहरू फेरिफेरि आउने गर्दछन् ।

यसरी घरपरिवार र रोजगारी सन्तुलन मिलाउँदै सिलाइ व्यवसाय अपनाउनेहरूमध्ये अधिकांशले सरकारी तथा गैरसरकारी संघसंस्थामार्फत सिलाइ सम्बन्धी तालिम लिदै आएका छन् । सरकारी स्तरबाट सञ्चालन गरिदै आएको सिलाइ कटाइ तालिमले महिलालाई त्यति व्यवसायिक बनाउन नसकेको कारण केही वर्षयतादेखि घरेलु तथा साना उद्योग कार्यालयले एकलरूपमा सिलाई कटाइसम्बन्धी तालिम दिन बन्द गरेको कार्यालय प्रमुख रामाधीन यादव बताउनुहुन्छ । 'संघसंस्थाबाट माग आए हामी तालिम दिन तयार छौं' प्रमुख यादव भन्नुहुन्छ ।

जुन समूह अर्थात् जुन संघसंस्थाको सक्रियतामा तीन महिने प्रारम्भिक सिलाइ कटाइ तालिम सम्पन्न गरिन्छ, त्यसै समूहलाई यस्ता सिलाइसम्बन्धी तीन महिने विशेष तालिम दिइन्छ । प्रमुख यादवका अनुसार महिलाहरूलाई व्यावसायिक बनाउन कार्यालयले २०५० सालदेखि प्रारम्भिक अर्थात् आधारभूत सिलाइ तालिम दिदै आएको छ भने आर्थिक वर्ष ०५३/५४ देखि विशेष तालिम संचालन गर्दै आएको छ । यस्तै गतवर्ष कार्यालयले २३ जनालाई प्रारम्भिक र ५३ जनालाई विशेष तालिम दिएको प्रमुख यादव बताउनुहुन्छ ।

घरेलु तथा साना उद्योग कार्यालयबाट सञ्चालन हुँदै आएका यस्ता तालिममा सहभागी हुने प्रशिक्षार्थीहरूलाई मासिक ५ सय तालिमभत्ता र तालिमपश्चात् व्यवसाय गर्न कार्यालय ऋणसमेत उपलब्ध गराउँदै आएको छ ।

यसैगरी निजीस्तरमा खुलेका केही सिलाइ प्रशिक्षण केन्द्रहरूले पनि महिलालाई सिलाइ व्यवसाय अपनाउन प्रेरित गर्दैछन् । नारी घरेलु शिल्पकला प्रशिक्षण केन्द्रकी संस्थापक गायत्री श्रेष्ठ आफ्नो केन्द्रले विगत २० वर्षदेखि महिलालाई सिलाइसम्बन्धी विभिन्न किसिमका तालिम व्यवसायलाई निरन्तरता दिदै आएको बताउनुहुन्छ । उहाँका तालिम केन्द्रबाट वर्सेनी करिब ४० जना महिलाले सिलाइसम्बन्धी तालिम लिने गरेका छन् । सिलाइ प्रशिक्षण केन्द्र सँगसँगै एउटा सिलाइ पसल संचालन गर्ने भावी योजना श्रीमती श्रेष्ठको छ ।

गाउँका जाँगरिला महिलाहरू घरेलु कार्यालयबाट तालिम लिई व्यावसायिक बन्ने प्रयास गर्दै गरेको नारी विकास संघ सलकपुर शाखाकी अध्यक्ष सुशीला कार्की बताउनुहुन्छ । केही दिनअघिमात्र शाखा र घरेलुले संयुक्तरूपमा तीन महिने सिलाइसम्बन्धी तालिम संचालन गरेको अध्यक्ष शर्मा बताउनुहुन्छ । उहाँ अन्य व्यवसायभन्दा सिलाइ व्यवसाय गाउँका महिलाका लागि सजिलो हुने बताउनुहुन्छ । महिलाले छोराछोरी हुर्काइसकेपछि पनि सिलाइ व्यवसाय अपनाउन सके उनीहरू आत्मनिर्भर बन्नसक्ने स्थापित सिलाइ व्यवसायी महिलाहरू बताउँछन् ।

यसरी गाउँघरमा सरकारी तथा सहरमा निजी प्रशिक्षण केन्द्रहरूले सिलाइ

व्यवसायी महिलाहरू उत्पादन गर्ने गरेको देखिन्छ । यस्ता सरकारी स्तरबाट संयुक्त स्तरमा संचालन हुँदै आएका सिलाइ कटाइसम्बन्धी तालिमबारे सीमित संघसंस्थाले मात्रै चासो राख्ने गरेको पाइन्छ । यसले गर्दा पनि अधिकांश बेरोजगार महिलाहरू सिलाइकटाइजस्ता सीपमूलक तालिमबाट वञ्चित हुने गरेका छन् । महिलालाई सीप सिकाई आत्मनिर्भर बनाउन चाहने स्थानीय संघसंस्थाले घरेलु तथा साना उद्योगजस्ता सरकारी कार्यालयसँग समन्वय राखी सिलाइ कटाइसम्बन्धी तालिमको माग गर्नसके बहुसंख्यक बेरोजगार महिलाहरू आर्थिकरूपले सशक्त हुँदै जाने देखिन्छन् ।

❐

परिशिष्टाङ्क

क्र.सं.	आलेख	प्रकाशन मिति
१.	राजनीतिक जागरण र महिला आन्दोलन	गोरखापत्र २०५६ पुस ५
२.	घरेलु हिंसाबाट पनि पीडित छन् बालिकाहरू	संचारिका लेखमाला फागुन/चैत्र २०५८
३.	किशोरी आमाहरू अकालमै ज्यान गुमाउँदैछन्	क्षेत्रीय संचार स्रोत केन्द्र २०५६ वैशाख
४.	श्रीमान् नै असहयोगी भईदिएपछि कसको के लाग्छ र !	कान्तिपुर दैनिक २०५६ पुष २८
५.	यौन दुराचारी शिक्षक र अबोध छात्राहरू	कान्तिपुर दैनिक २०५६ पुष १२
६.	सशक्तीकरणको खोजीमा महिलाहरू	चिरफार साप्ताहिक २०५६ पुस १६
७.	के हामी कहिले पनि बृद्ध हुँदैनौं ?	चिरफार साप्ताहिक २०५६ कार्तिक २६
८.	राजनीतिक भेलामा महिलाहरूको सहभागिता	राजधानी दैनिक २०५६ वैशाख १
९.	हामी र हाम्रो बुढेसकाल	चाणक्य साप्ताहिक २०५६ असोज २०
१०.	मिस फिगारो र महिला मानसिकता	चिरफार साप्ताहिक २०५६ पुष २६
११.	परिवार विखण्डनको परिणाम	राजधानी दैनिक २०५८ माघ १४
१२.	धर्मलाई रूपान्तर गरौं	राजधानी दैनिक २०५८ फागुन १२
१३.	बलात्कृत महिलाका व्यथा	राजधानी दैनिक २०५८ माघ २६
१४.	बालिकाको लागि लगानी आवश्यक	राजधानी दैनिक २०५८ चैत्र ८
१५.	बलात्कारी श्रीमान् र हाम्रो समाज	कान्तिपुर दैनिक २०५६ वैशाख ३०
१६.	सञ्चार क्षेत्रमा महिला सहभागिता न्यून	कान्तिपुर दैनिक २०५८ चैत्र २१
१७.	श्रीमान् पाल्ने श्रीमतीहरूको व्यथा	कान्तिपुर दैनिक २०५६ जेठ २४
१८.	विराटनगरका उद्यमी महिलाहरू	कान्तिपुर दैनिक २०५६ माघ ७
१९.	घरेलु कामदार किशोरीहरूप्रति हाम्रो व्यवहार	कान्तिपुर दैनिक २०५६ वैशाख २३
२०.	महिला विकासमा संचारको भूमिका	राजधानी दैनिक २०५८ माघ १५
२१.	रक्सीले आक्रान्त पारेको समाज	कान्तिपुर दैनिक २०५६ साउन ३
२२.	लैङ्गिक संवेदनशीलता र सञ्चारकर्मीको भूमिका	कान्तिपुर दैनिक २०५६ साउन १५
२३.	भ्रष्टाचार र महिलाबीचको अन्तरसम्बन्ध	कान्तिपुर दैनिक २०५६ असोज ३
२४.	महिला पाठक र नेपाली पत्र-पत्रिका	कान्तिपुर दैनिक २०५६ कार्तिक २७
२५.	महिलाले पत्रिका बेच्दा	राजधानी दैनिक २०५८ फागुन २६
२६.	बहुविवाह पीडित महिलाहरूको गुहार र रमिते समाज	कान्तिपुर दैनिक २०५६ असार १३
२७.	महिलालाई बोक्सी बनाउने समाज	कान्तिपुर दैनिक २०५६ मंसिर १६
२८.	स्थानीय राजनीतिमा महिलाको सहभागिता	कान्तिपुर दैनिक २०५६ असोज १०
२९.	माछा व्यापारमा उत्साही विराटनगरका महिला...	नेपाल समाचारपत्र २०५६ माघ ४
३०.	सिलाई व्यवसायले दिएको रोजगारी	कान्तिपुर दैनिक २०५६ फागुन १६

मधु राई

जन्म- २०१८ साल पुस

प्रकाशित कृति - नारी आयाम (लेख र फिचरहरुको सङ्गालो)

- विभिन्न पत्रपत्रिकामा लेख रचना र फिचरहरु निरन्तर प्रकाशित ।

पुरस्कार/सम्मान- संचारिका समूह, काठमाडौंले आयोजना गरेको अधिराज्यव्यापी लेख रचना प्रतियोगितामा तेस्रो पुरस्कार प्राप्त २०५८ फागुन २९ गते ।

- प्रेस क्लब अफ नेपाल-नेपालगञ्जबाट क्रियाशील संचारकर्मीको कदरपत्र २०५९ फागुन ३० गते ।

सम्पर्क- अरुणोदय मार्ग, विराटनगर १५

फोन ०२१-५३०८३०

Email : mrai62@hotmail.com

नारी आयाम

NAREE AAYAM

ISBN:99933-656-4-5